ISSN 2091-1769

# शब्द संयोजन

वर्ष २३, अङ्क ६, पूर्णाङ्क २६९, २०८३ असोज




मूल्य रु. ५०/-

## भोटेकोसी जलप्रकोप विशेषाङ्क

# शुभारम्भ



## सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल

आज सम्पूर्ण राष्ट्र यस भयावह विपत्तिको शोकमा छ । यो विपत्तिमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण नागरिकप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ता नागरिकहरूको खोजी तथा उद्धार कार्य यथाशीघ्र सफल होस् भन्ने कामना गर्दछु । विपत्तिमा प्रत्यक्ष रूपमा खटिनुभएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, स्थानीय जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक तथा उद्धार र राहतमा संलग्न सम्पूर्ण व्यक्ति र संस्थाप्रति म उच्च सम्मान व्यक्त गर्दछु ।

*(सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले राष्ट्रको नाममा गरेको सम्बोधनबाट)*

❖ सम्पादकीय

# बाढीको वितण्डा र शोकमग्न देश !

पछिल्ला दिनमा हाम्रो मुलुकले हरेक दश वर्षमा महावितण्डा व्यहोरिरहेको छ ! २०७२ साल वैशाख १२ मा आएको महाविनाशकारी भूकम्पको पीडा समाप्त भइसकेको थिएन, त्यस विनाशकारी भूकम्पको पीडाका तुष अझै समाप्त भइसकेका थिएनन् ! त्यो विनाशकारी भूकम्पले ८,८५६ जनाको ज्यान लिएको थियो भने २२,३०९ जना घाइते हुनुभएको, निजीघर ६,०२,२५७ ओटा ध्वस्त भएका र सरकारी भवन २,६७३ ओटा ध्वस्त भएका थिए भन्ने सरकारी तथ्याङ्क रहेको छ। गतवर्ष बझाङलाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पले पनि धेरै धनजनको क्षति गरेको थियो ! हरेक वर्ष हाम्रो मुलुकले बाढीपहिरोको प्रकोप व्यहोरिरहेकै छ र धेरै ठुलो धनजनको नोक्सानी पनि भइ नै रहेको छ ! नचाहेरै हामी प्राकृतिक प्रकोपको पीडा भोग्न र व्यहोर्न बाध्य भइरहेका छौँ । थाम्नसक्ने, भोग्न वा व्यहोर्नसक्ने प्राकृतिक प्रकोप त हामीले भोगेकै छौँ, व्यहोरेकै छौँ; विपत् भोग्नुनपरोस् भन्ने कामनाले विपत्ति छेकिने कुरा पनि होइन ।

यस वर्ष भदौ १० गते बुधवार बिहान करिब ९.१५ बजे हामीलाई टन्टलापुर घामले हाम्रो तालु सेकिरहेको वेला अकस्मात भोटेकोसीमा इतिहासकै महाप्रलयकारी बाढी आयो ! भूगर्भविद्हरूका अनुसार नेपाल र चीनको सिमानामा पर्ने नेपालतर्फकै हिउँचट्टान लेन्दे खोलामा खसेपछि उग्र बाढीको रूप धारण गरेको महाप्रलय खोलाको साबिकको बहावभन्दा २७५ फिट माथिसम्म र १२० कि.मि.प्रतिघण्टाको द्रूतगतिमा आएको त्यस महाप्रलयले रसुवा जिल्लाका रसुवागढी, स्याफ्रुबेसी, घट्टेखोला, टिमुरे, मैलुङ; उत्तरगया, नुवाकोटका त्रिशूलीबजार, देवीघाट, वेत्राबती, बट्टार सखाप र बेमाख पार्दै धादिङदेखि चितवनसम्म पच्चिसओटा पुल बगाएको छ ! रसुवा, त्रिशूलीमा रहेका पन्द्रओटा विद्युत आयोजना समाप्त पारिदिएको छ ! रसुवा जिल्लाको इतिहास नै समाप्त पारिदिएको छ भने नुवाकोटका स्थापित बजारहरू र तिनले रक्षा गरेका करिब ३०० वर्षका इतिहाससमेतलाई मटियामेट पारिदिएको छ ! यी बस्तीहरू, विद्यालयहरू, सरकारी कार्यालयहरू बेमाख पारेसँगै दश हजारभन्दा बढी घर समाप्त पारिदिएको छ भने अहिले नै सबै तथ्याङ्क आइनसकेको भए पनि दश हजारभन्दा बढी नै मानवजीवन समाप्त पारेको इतिहासकै डरलाग्दो महाविपत्ति साबित भएको छ यो बाढी ! सरकारले गरेको प्रारम्भिक अनुमानकै आधारमा पनि करिब बार खर्ब रुपैयाँको सम्पत्ति ध्वस्त बनाएको छ !

हाम्रो जस्तो विकासमा बामे सरिरहेको मुलुकमा पटक पटक दोहोरिएका यस्ता विपत्तिले उठ्नै नसक्ने गरी थिलथिलो पार्ने गरेका छन् । गतवर्ष जेनजी आन्दोलनको नाममा भदौ २३ र २४ का घटनाहरूले सिङ्गो मुलुक नै जलेको थियो र खरबौँ खरब रुपैयाँको नोक्सानी देशले व्यहोर्नुपरेको थियो भने मानवीय क्षति पनि त्यत्तिकै कहालीलाग्दो थियो ! यद्यपि आन्दोलनकारीरूले मानवीय क्षति चाहिँ डरलाग्दो कुरा हो तर भौतिक क्षति त यस्ता भवनहरू सजिलै बनाउनसकिन्छ भनेर डिङ हाँकेका सुनिएको थियो तापनि एक वर्षसम्म ती खण्डहर जस्ताको तस्तै हुनुले बोल्नजस्तो, डिङ हाँक्नजस्तो, स्टन्ट गर्नजस्तो सजिलो कुरा होइन पुनर्निर्माण भन्ने तथ्यलाई

नै पुष्टि मात्र होइन पुनर्पुष्टि नै गरिदिएको छ।

अहिलेको प्राकृतिक प्रकोप गतवर्षको भन्दा पनि भयङ्कर भएर आयो ! यसले गरेको विनाशको लीलाको आर्थिक मूल्याङ्कन नै पनि तत्कालै गर्नसकिने अवस्था रहेको छैन ! कति मान्छेले ज्यान गुमाए र कोको मरे भन्ने यकिन तथ्याङ्क पनि प्राप्त भइहाल्ला भन्ने अनुमान गर्नसकिन्न ! नुवाकोट-रसुवा हुँदै चीनको केरुङको बाटो भएर कैलाश मानसरोवर जाने स्वदेशी तथा विदेशी पर्यटक वा तीर्थालुहरू र रसुवाको गोसाइकुण्ड मेलामा जनाइपूर्णिमामा लाग्ने मेलाका लागि जाने देशवासीहरूको सङ्ख्या कति थियो भन्ने हिसाब निकाल्न पनि त्यति सजिलो छैन र हुने छैन !

अहिलेको यो अकल्पनीय, विकराल समस्याको समाधानमा सबैभन्दा पहिले मानवजीवनको रक्षालाई पहिलो प्राथमिकतामा राखेर केन्द्र सरकारले, प्रदेश सरकारले र स्थानीय सरकारले वेपत्ता मानिसको खोजीकार्य तदारुकताका साथ गरिरहेका छन्। खोजीकार्यमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका बिसौं हजार जबान अहिले भोक न तिर्खा मरिमेटेर लागिरहेका छन् । उनीहरू आफ्नै सहकर्मी साथीहरू गुमाएको पीडामा आँसुसम्म नझारी खोजीकार्यमा आफूलाई सम्पूर्णरूपमा समर्पित गरिरहेका छन् । अर्थात् उनीहरूले मानवताको पहाड नै ठड्याइदिएका छन् । अनुकरणीय मात्र छैन बन्दनीय पनि छ यो सत्कर्म ।

महाप्रलयकारी बाढीले पुलहरू सबै सबै बाङबुङ पारेर बगाइदिएपछि अहिले उद्धारका लागि पनि चाहिने ठुला ठुला उपकरण लैजान, पुनर्निमाणका कामलाई सुचारु पार्न, पुरिएका जनताको शब निकाल्ने खोजीकार्यलाई चुस्तताका साथ सम्पन्न गर्न कठिनाइ उत्पन्न भएको छ ! विनाश नै विकराल भएपछि मानवीय प्रयत्न फिका देखिनु स्वभाविक पनि हो । बाटोघाटोको समस्याका कारण बाढीको वितण्डामा पनि जीवन बचाउन सफल भएका नागरिकको अबको सहज जीवनका लागि वा जीवनरक्षाका लागि खाध्यान्नदेखि जीवननिर्वाहका आवश्यकीय सामान, औषधि पुर्‍याउन पनि कठिनाइ उत्पन्न भएको छ । सरकारले चाहेर पनि यो सहज भइरहेको छैन ।

महाविपत्तिको समयमा, विकारल पीडा भोगिराखिएको समयमा; मानवजीवन, सभ्यता र इतिहास नै तहसनहस भइरहेको वेलामा घटना घट्नासाथ, तत्कालै राज्यले उदार मनले स्वदेश तथा विदेशलाई खुला दिलले सहयोगको आग्रह गर्नुपर्ने कुरामा भने सरकार चुकेको देखियो । एकद्वारको उद्धार नीति प्रत्युत्पादक साबित भएको देखियो ! अर्थात् 'आफ्नो समस्याको समाधान हामी आफैँ गर्छौं' भन्ने सायद सरकारलाई लागेको थियो पनि होला तर यो सामान्य विपत्ति नभएर महाविपत्ति थियो भन्ने कुराको हेक्का चाहिँ हुनै पर्थ्यो । नभोगेकाहरूलाई महाविपत्तिको यो विकराल र विनाशकारी रूपको आँकलन सहज कुरा पनि थिएन नै ।

जे नहुनु थियो भइसकेको छ ! मुलुकले रसुवा र नुवाकोटको इतिहास, सभ्यता नै महाविपत्तिका कारणले समाप्त भएको र फेरि अब कुनै पनि प्रयत्नले त्यही अवस्थाको पुनस्थापना सम्भव नै नहुने अवस्थामा पुर्‍याइदिएको नियति भोगेको छ ! यो कुनै पनि हिसाबले क्षतिपूर्ति नहुने महाविपत्ति साबित भएको छ । साथसाथै पुनस्थापना अत्यन्त कठिन मात्र छैन चुनौतीपूर्ण पनि बनेको छ तर हाम्रो मुलुकले भोगेको यो महाविपत्तिमा

हाम्रो सिङ्गो मुलुक त रोयो नै, छिमेकीहरू र विश्व पनि रोएको छ । विपत्तिमा परेकाहरूको राहत तथा उद्धारमा स्वदेश तथा विदेशबाट, छिमेकीहरूबाट प्रधानमन्त्री उद्धार तथा राहत कोषमा लगभग बार अर्ब रुपैयाँको सहयोग जम्मा हुनुले हाम्रो दुखाइमा स्वदेश तथा विदेशले मलम लगाएको देखिएको छ । यो अत्यन्त सकारातमक पक्ष हो । पीडामा मलम लगाउनु मानवीय सत्कर्म हो, पुण्य कर्म हो । यो सत्कर्मका माध्यमबाट पीडामा, दुःखमा हामी एक्ला छैनौँ, हाम्रो साथमा सारा विश्व छ भन्ने पुष्टि भएको छ ।

अब हामीले राहत वितरणको पक्षलाई, आफन्त गुमाएर एक्लै बाँचेका वा सारा श्रीसम्पत्ति गुमाएर फगत जीवन बचाउन सफल नागरिकको व्यवस्थित बसोवास कसरी गराउन सक्छौँ ? अभिभावक गुमाएका हजारौँ बालबालिका र परिवार गुमाएका वृद्धवृद्धा, परिवार विछोड भएका मानिसको जीवनरक्षामा, उनीहरूको शिक्षादीक्षा र पालनपोषणमा, उनीहरूको व्यवस्थित बसोवासमा केकसरी राज्यको तहबाट कुशल व्यवस्थापन हुनसक्छ होला भन्ने चिन्ता र चासो गर्दै योजना बनाउनु आवश्यक छ र यो अहिलेको प्रमुख कुरा हो ।

मुलुकमा बाढीको सन्त्रासले निमेषभरमा हजारौँ जनाको ज्यान गएको, अरबौँ रुपियाँको सम्पत्ति नोक्सान भएको र शदीऔँ पुराना इतिहास नै मटियामेट भइसकेपछि देश दुखेसँगै स्रष्टाको मन पनि दुख्नु स्वभाविक थियो, दुख्यो । स्रष्टाहरू यो अकल्पनीय दुखाइको पीडामा सिर्जनामा पोखिनथाले । वातावरण प्रदूषणका कारण तापक्रम बढेकाले हिउँचट्टान खसेको, सम्पन्न राष्ट्रले अधिक कार्बन उत्सर्जन गरेका कारण तापक्रम बढेको तर हाम्रो मुलुकको कार्बन उत्सर्जनमा सारै नगण्य हिस्सा रहेको, सम्पन्न राष्ट्रबाट हामीले क्षतिपूर्ति पाउनुपर्छ आदि इत्यादि जे जे भनिए पनि हामीजस्ता साना र विपन्न राष्ट्रका कुराको सुनवाइ सजिलै त के होला र ? हामीलाई पनि लाग्यो, 'यस्तो विपत्को वेलामा इतिहासकै कलङ्क बनेर आएको यो बाढीको वितण्डालाई, यसले गरेको बेमाखलाई, इतिहास नै समाप्त पारेको यो दर्दनाक अवस्थालाई, बहत्तर सालको भूकम्पभन्दा पनि बढी भएको जनधनको क्षतिलाई हाम्रै सिर्जनाका माध्यमबाट पनि अभिलिखित गर्नु आवश्यक छ ।'

अलि बढी समय लिएर यो सन्त्रासका भोक्ता, बाँच्न सफल भएका प्रत्यक्षदर्शी, आफ्नो ज्यानको बाजी लगाएर उद्धारमा समर्पित हुनुभएका सुरक्षाकर्मी, वरिष्ठदेखि कनिष्ठसम्मका स्रष्टाका अनुभूति, पीडा र दर्दलाई अभिलिखित गर्नसके त हुन्थ्यो नै । तर त्यति ठुलो आकारमा पत्रिका प्रकाशन गर्ने हाम्रो सामर्थ्य भए पो ! त्यसैले अत्यन्त छोटो सूचना सामाजिक सञ्जालका माध्यमबाट सम्प्रेष्ण गरी रचना माग गरिएकोमा प्रशस्तै रचना हामीलाई प्राप्त भए र यो रूपमा हामीले पत्रिकाको असोज अङ्कलाई यहाँहरूसमक्ष ल्याउन सकेका छौँ । सहयोगी स्रष्टा सबै सबैमा हामी हार्दिक आभार व्यक्त गर्दछौँ । हाम्रो मुलुकले अहिले भोगेको यस्तो विनाशक, विपत्तिपूर्ण, इतिहासकै त्रासदीपूर्ण, भयङ्कर, सर्वनाशी बाढीको सामना फेरि फेरि कहिल्यै पनि गर्नुनपरोस् भन्ने कामनासमेत गर्दछौँ । शोकको यो असैह्य घडीमा धैर्यधारण गर्ने क्षमता सबै सबैमा प्राप्त होस्, यो विपत्तिपूर्ण शोकलाई शक्तिमा बदल्न सकौँ ।

***–रमेश पोखरेल***

## यस अङ्कमा

### गीत/कविता/मुक्तक/गजल/चारु/हाइगा


**हाइगा**-*गोधूलि दिनेश/१६*
**कोसी...**-*शरद पौडेल/२०*
**गीत**-*लीलाराज दाहाल/२३*
**गजल**-*पारु अर्याल नेपाल/२६*
**गजल**-*मिथोच/२८*
**गजल**-*रमेश प्रभात/२९*
**मानव...**-*डा. अनन्त अर्याल/३०*
**गीत**-*दिनेश अधिकारी/३४*
**चारु**-*अच्युत घिमिरे/३४*
**सिनु...**-*रवि प्राञ्जल/३४*
**भोटेकोसीको...**-*प्रा.डा. हेमनाथ पौडेल/३५*
**रसुवा...**-*मातृका पोखरेल/३६*
**चारु**-*सीता शर्मा पन्थी/३६*
**त्रिशूली...**-*धीरेन्द्र प्रेमर्षि/३७*
**त्रिशूली आघात**-*कृष्ण बाउसे/३८*
**मुक्तिपथतिर...**-*चन्द्र भण्डारी/३९*
**हिउँसुनामी**-*जयन्ता पोखरेल/४०*
**भाद्र...**-*प्रा.डा. लेखप्रसाद निरौला/४१*
**चारु**-*तेजप्रसाद खनाल/४१*
**निःशब्द...**-*वियोगी बुढाथोकी/४२*
**महाविपत्ति**-*यदु लामिछाने/४२*
**बाढीको...**-*रामगोपाल आशुतोष/४३*
**क्रूरता**-*स्पन्दन विनोद/४४*
**जीवनबोध**-*एल.बी.क्षेत्री/४४*
**हिमालको...**-*त्रिभुवनचन्द्र वाग्ले/४५*
**झ्याउरे...**-*शंकर ज्ञवाली/४५*
**विपत्तिमा...**-*केशवप्रसाद बडाल/४६*
**छ्या... हामी ...**-*इन्दिरा प्रसाईं/४७*
**हामी...**-*कृसु क्षेत्री/५०*
**मुक्तक...**-*गोविन्दबहादुर कुँवर/५०*
**खोइ...**-*हरिबोल आचार्य/५१*
**बाढी...**-*डा. दामोदर पुडासैनी 'किशोर'/५२*
**उपायहीन...**-*साम्ब ढकाल/५४*
**टुहुरो...**-*अनिल पौडेल/५५*
**क्षणभर...**-*तारक धिताल/५५*
**रसुवा...**-*डम्बर पहाडी 'एलाक'/५६*
**पानी**-*प्रज्ज्वल अधिकारी/५७*
**बड्का...**-*हेमन्त मल्ल ठकुरी/५८*
**क्रूर...**-*प्रदीपराज श्रेष्ठ/५८*
**सुनको...** -*बाबुराम न्यौपाने 'उत्स'/५९*
**भड्किएको आत्मा...** -*शिव पलाँस/६०*
**विवश...** -*शर्मिला कार्की 'सरु'/६१*
**बाढीको...** -*पवनकुमार बुढाथोकी/६२*
**विनाशको...** -*रजनीमिला/६२*
**ओ...** -*ज्योति जङ्गल/६३*
**संवेदनाको...** -*डा. पूर्ण भण्डारी पङ्कज/६४*
**सावधान...** -*भवानी खतिवडा/६५*
**झरी** -*इन्द्र केसी/६५*
**भोटेकोसी...** -*बलराम कोइराला रामकोटे/६६*
**चिरो** -*भरत गैरीपिल्ली/६७*
**क्रूर...** -*कात्यायन/६८*
**मुक्तक...** -*ध्रुवकुमार सापकोटा/६८*
**पहिरो** -*चन्द्र गुरुङ/६९*
**पृथ्वीको** -*किशन पौडेल/७०*
**कोशीः...** -*मिथिलेश 'आदित्य'/७१*
**हामी फगत...** -*असीम सागर/७२*
**त्रिशूलीत्रास** -*सृजना दाहाल/७३*
**जित्नु...** -*डा. हरिप्रसाद सिलवाल/७४*
**हे...** -*कृष्णशरण उपाध्याय पौडेल/७५*

**म पानी...** -*गिरिराज डल्लाकोटी/७५*
**धराको...** -*रीता खत्री/७६*
**जलवार्ता** -*वासुदेव अधिकारी/७७*
**बाढीमा...** -*पार्वती पुडासैनी/७९*
**मुक्तक...** -*घनबहादुर थापा/७९*
**भोटेकोसीको...** -*रामचन्द्र शर्मा गौतम/८०*
**राष्ट्रिय एकता** -*कमलप्रसाद बगाले रेग्मी/८०*
**आजको खाँचो** -*खगेन्द्र बस्याल/८१*
**आँसु नसुक्ने...** -*डा. नवीनबन्धु पहाडी/८१*
**धराको...** -*दुर्गा वनवासी/८४*
**गीत...** -*सुमन थापा सङ्गम/९०*
**घाउको...** -*ललिता 'दोषी'/९५*

**अनुवाद/कविता**

**पानीमा-** *केदारनाथ सिंह/३१*
**मेरो नाम...-** *जेना अञ्जम/३२*
**भोटकोसीको...-** *डा. सत्य प्रकाश तिवारी/३३*
**स्वर्गमा...-** *गन वाटरहाउस/३३*

**कथा/लघु कथा/विलोमकथा**

**बाँच्ने..-** *आर.एल. श्रमजीवी/२४*
**#बाढी-** *दीपक लोहनी/२७*
**इच्छाशक्ति-** *कपिल लामिछाने/२८*
**बाढी...-** *अरुणबहादुर खत्री 'नदी'/२९*

**निबन्ध/आलेख/अनुभूति**

**सीमा...-** *डा. चेतनाथ कणेल 'हरित'/७*
**अनाहूत-** *चन्द्रबहादुर लामा/१०*
**सङ्कटमा...-** *कृष्ण प्रजापति/१४*
**परदेशी...-** *म्यामराज राई/१७*
**भोटेकोसी...-** *उद्धवराज अवस्थी/२१*
**विश्व...-** *रीता न्यौपाने/८२*
**त्रिशूली बाढीको...-** *सावित्री गौतम/८४*
**बाढीको...-** *तिलक पराजुली/८८*
**समाचार**/९१

शब्द संयोजन
मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २३ अङ्क ६ पूर्णाङ्क २६९/२०८३ असोज
जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ, वासुदेव अधिकारी

**प्रकाशक**: साहित्य सन्ध्या
**प्रधान सम्पादक**: रमेश पोखरेल
**कार्यकारी सम्पादक**: सुमी लोहनी
**सम्पादक**: रूपक अलङ्कार
**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे
**वेब संयोजन**: प्रशान्त खरेल
**कला**: गणेशकुमार जी.सी.
**आवरण चित्र**: गोधूलि दिनेश (दिनेश चापागाईं)
**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# सीमापारको सन्देश !



❖ डा. चेतनाथ कणेल 'हरित'

असोचनीय र अकल्पनीय घटना भएपछि मान्छेको हात काम्दो रहेछ केही लेख्न अनि मलिन बन्दो रहेछ मुख केही बोल्न । म हात कमाएरै केही लेख्न बसेको छु । देशले भोग्नुपरेको अकल्पनीय रसुवा भोटेकोसीको महाविपत्तिले मजस्तै थुप्रै नेपालीजन अर्थात् सुरक्षाकर्मी, स्रष्टा, कलाकार, नेतृत्ववर्ग, पर्यटनकर्मी, विद्युतकर्मी, तीर्थाटक, पर्यटक, सवारीचालक, व्यापारी, कर्मचारी, शिक्षक, विद्यार्थी, अझ भनूँ साराका सारा जनलाई असीम पीडा भइरहेको छ । एक वा अर्को तरिकाले गाँसिएर पीडा नभोग्ने यहाँ कोही छैन।

२०८३ भदौं १० गते बुधवार बिहान झण्डै साढे नौ/दश बजेकै हाराहारीमा हरेक मोबाइलमा भाइरल हुँदै आएका ती ल्हेन्देमय बाढी, ती भोटेकोसीमय उत्ताल छालहरू अकल्पनीय ढङ्गले अत्यन्तै तीब्र बेगका साथ अघि बढ्दा ती त्रिशूलीमय भेल र जलमग्नताले मच्चाउँदै गएका विनाशकारी ताण्डवहरूले हामी क्रमशः थप सशङ्कित, त्रसित, भयभीत र विह्वल बन्दै गयौं । दुःख, पीडा र हृदयविदारकताले सीमा नाघ्यो। घटना अझ मत्थर भएको छैन। खोजीकार्य जारी छ, दशौं दिनसम्म पनि जीवित व्यक्तिको उद्धार भइरहेको घटनाले चमत्कारहरू पनि देखिँदै छन्। म आज दशौं दिनमा यी पङ्क्ति कोरिरहेछु। हरेक घण्टा केही नयाँ र सुखद खबर आउन् भनी प्रार्थना पनि भइरहेछ। कालो बादलभित्र चाँदीको घेरा देख्दा मनमा केही आल्हादपन आएजस्तै महाविपद् र महापीडाभित्रका साना खुसीहरू पनि प्रकृतिदेव, भगवान् र प्रविधिको उच्च प्रयोग गर्ने भिन्न भगवान्रूपी ती साक्षात् मानवहरूले सम्भव बनाउँदा रहेछन् भन्ने नयाँ पाठ पनि सिकिएको छ। आशा मरेका ठाउँमा पनि फेरि नयाँ आशाका नयाँ मुना पलाउँदा रहेछन् ।

घटना सम्झन मात्र पनि डर लाग्छ। भदौ १० गतेका ती घटनाका शृङ्खला र क्रमहरू बढ्दै जाँदा मानिसका हातमा रहेका मोबाइल एक छिन पनि छुटेनन् । पत्याउनै नसकिने कहालीलाग्दा घटनाका छिन छिनमा आउने भिडियो क्लिप्सले मान्छे थप जिज्ञासु बन्दै गए, थप चिन्तित बन्दै गए । नसोचेको क्षति यस महाविपत्तिले छोडेर जाँदै छ। पूर्ण विवरण आउन अझ पनि कठिन छ। अझ पनि धेरै तथ्य र तथ्याङ्क आउन बाँकी नै छन् । खोज, उद्धार र राहतमा लाग्ने हातहरूले एक छिन पनि आराम पाएका छैनन्। के रात, के दिन, हरक्षण तल्लीन देखिए/देखिँदै छन् ती हातहरू भोक नभनेर, प्यास नभनेर, निद्रा र आराम नभनेर। समयले दिएको यो सङ्कट साँच्चै हृदयस्पर्शी र बिर्सन खोजे पनि बिर्सनै नसकिने भएको छ अब सदाका लागि । महाभूकम्प २०७२, महामरक कोरोना २०७७, विध्वंसकारी जेनजी विद्रोह २०८२ पछि फेरि

भोटेकोसी महाविनाशक बाढी २०८३ हरेक नेपालीका मनमा नमेटिने घाउ बनेर बसेका छन् । प्रार्थना गरौं अब नेपालमा यस्ता घटना कहिल्यै नआउन् । विश्वशान्तिको केन्द्रविन्दु र विश्वकै सुन्दर देश नेपालमा यस्ता वितण्डा, विपद् र महाविनाशक घटना आउनु नसुहाउने कुरा हुन् । विष अरूले खाने, पीडाबोध हामीलाई हुने, यो कस्तो असमञ्जस्य !

महाविनाशक बाढीकै कुरा गरौं । सीमापारितिरबाट एक्कासि लेदोमय बाढी आयो तिब्बती खोलो ल्हेन्देमा । ल्हेन्दे तुरुन्तै र बेखबर भोटेकोसीमा मिसियो, अझ उर्लियो । हेर्दाहेर्दै सयौं घर बगे, घरमा रहेका र सडक तथा गल्लीहरूमा हिँड्दै गरेका हजारौं मानिस क्षणभरमै छालमा हराए, माटोमा पुरिए, कसैका अङ्गभङ्ग भए, कोही छिनभरमै टुक्राटुक्रामा परिणत भए । खुट्टा मात्र बग्दै गरेका अद्भूत दृश्य देखिए, टाटूले सिँगारिएका हातमात्र पाखा लागेका मन कुँडिने दृश्यहरू पनि देखिए । यस्ता हृदयविदारक दृश्य कति कति ! देशमात्र होइन विदेश पनि रोयो यी पीडाका प्रशान्त र सगरमाथा देखेर ।

सञ्चारको युग । छिनछिनमा नै संसार अद्यावधिक हुन्छ अहिले । अद्यावधिक नभै मनले पनि मान्दैन । मोबाइलका स्क्रिन खुल्नासाथ तिनै भयानक दृश्य आउन थाल्छन्, पत्रिकाका पाना पल्टाउनासाथ तिनै मुटु कपाउने समाचार शीर्षकहरू र दर्दनाक तस्बिरहरू देखिन्छन् । टेलिभिजनका पर्दा पनि तिनै पीडादायी दृश्यले भरिएका हुन्छन् । सुरुमा लाग्थ्यो भोटेकोसी बाढीले बढीमा पाँच/सात सय मान्छेको ज्यान लिएको होला तर घटनापछिका हरेक दिन ती सङ्ख्यात्मक आँकडाले सीमा काट्न थाल्छ, मृत शरीर गन्ने क्रमले तीब्रता लिन्छ, हराउनेको सूची झन् पछि झन् लामो बन्दै जान्छ । जता हेर्‍यो उतै आँसुका भेल । प्रकृतिको यो जघन्य खेल ।

मैले नजिकबाट चिनेको साथीको एउटै परिवारका दुईजना बाँचेर अरू सातजना गए । कहाँ गए केही थाहा छैन । कतिपय घरपरिवारमा हजुरबा मात्र बाँचेर अरू सबै गए । एउटा दुधेबालक बाँचेर आमाबुबा र परिवारका अन्य सदस्य पनि सकिए, लोग्ने बाँच्यो स्वास्नी गइन्, स्वास्नी बाँचेकी छन्, लोग्ने गए ! शिक्षक छन्, विद्यार्थी छैनन्, विद्यार्थी छन्, शिक्षक छैनन् !

प्रकृतिको ताण्डवले के के देखाउन सक्छ भन्ने कुरा यसपटक रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन र तनहुँका नदीकिनारका बस्तीमा देखियो । रसुवागढी, टिमुरे, स्याफ्रुबेसी एकैछिनमा सखाप ! बेत्रावतीलाई भोटेकोसीको प्रवाहले यसरी क्षतविक्षत बनाउला भन्ने कसले सोचेको थियो होला ? म केही साथीहरूका साथ उत्तरगया दर्शन भनी त्यही बेत्रावतीमा रमाएको केही वर्षअघि त हो, त्यो सन्धिढुङ्गालाई अँगालो मार्दै सामूहिक तस्बिर खिचाएको यति वेला झल्झल्ती आइरहेछ । अब त्यो बेत्रावती छैन, त्यो सन्धिढुङ्गो पनि छैन । विशाल ढुङ्गोलाई पानीले यसरी पनि बगाउन सक्दो रहेछ, अचम्म लाग्छ ! धन्य छन् ती अद्भूत दृश्य खिच्ने हातहरू । ज्यानको बाजी राखेर खिचेका दृश्य हुन् ती, जुन अबको पुस्तालाई सन्देश दिन, पाठ पढाउन काफी छन् । नेपाली मात्र होइन, करिब चालिस देशका मानिस नै हराए यस घटनामा !

कहिल्यै नदेखेका दृश्य देख्नु पर्‍यो यस बाढीमा । सयौं गाडीहरू त्यसरी केटाकेटीका हलुका खेलौनाझैं पानीमा बगेर जालान् वा क्षणभरमै बगरमा पुरिएलान् भन्ने कसले

सोचेको थियो होला ? न गाडी छन्, न गाडी चलाउने चालक र सहचालक बाँकी छन् । ऐया र आत्था पनि भन्न नपाउँदै पानीले सोहोरेर लगेको देख्दा लाग्थ्यो पानीको बेगले यो संसारमा केही बाँकी राख्दैन ! बेग पनि कति तीब्र, कति सारो गतिमय !

आखिर पानीको बेगले चट्टान पनि नभन्दो रहेछ, विशाल घर र रुख पनि नभन्दो रहेछ, सिमेन्ट र छडवाला पक्की घर पनि नचिन्दो रहेछ । बलिया 'मोटरेबल' पुल पनि पानीको धारमा एक छिन पनि नटिक्दा रहेछन् । झोलुङ्गे पुल त झन् सजिलो रहेछ बेगवान खोलाले बगाउन । फड्के र साँघुका त के कुरा गर्नु ! सपनाजस्तै चित्रहरू देखिए यसपटक, बिचित्रकै दृश्यहरू देखिए यसपटक !

भोटेकोसीमा आएको बाढीजस्तै गुल्मीको रिडीक्षेत्रमा पनि वि.सं.२०१८ साल, अर्थात् करिब ६५ वर्षअघि विशाल बाढी आएको कुरा बुढापाका सुनाउँथे । आफू नजन्मँदै भएको त्यो घटनाले गरेको क्षति सुन्दा एकादेशको कथा लाग्थ्यो तर भोटेकोसीवितण्डाले त्यो कथालाई पनि जितेको छ । अब हरेक नेपालीका मनमा नयाँ कथाले बास गरेको छ ।

भनिन्छ, 'नदी र खोलाको दोष हुँदैन । दोष मान्छेकै हो ।' हामी मान्छे बढी लोभ गर्छौं, अति गर्छौं । 'अति गरे खति हुन्छ' भन्ने कुरा बिर्सन्छौं । 'अति सर्वत्र बर्जयेत्' भन्ने पवित्र श्लोक मनमा राख्छौं तर कर्ममा उतार्न चाहँदैनौं । प्रकृतिको अति दोहनले विगत केही वर्षयता संसारकै रूप फेरिँदो छ । पृथ्वीलाई हामीले निक्कै तताइसक्यौं, धुवाँ र धुलोले वायुमण्डल विषाक्त बनाइसक्यौं, हाम्रै क्रियाकलापले समुद्रको पानी तातो भइसक्यो, हिमालमा पनि असोचनीय हिसाबले उष्णपन थपिँदो छ, हिउँका थुप्रा असमयमै पग्लिँदा छन्, हिमकुण्ड विस्तारिँदा छन्, हिमनदी फराकिँदा छन् । यसरी प्रकृतिका सबै सिर्जनामा हामी मानवले प्रकृतिविरोधी नाजायज व्यवहार देखाइरहेका छौं । व्यवहारको फल भोगाइ बढ्दै छ ।

हरेक कुराको सीमा हुन्छ तर हामीले सीमा पार गरेका छौं । हरेक कुराको परिधि हुन्छ तर हामीले परिधिभन्दा बाहिर गएर काम गरिरहेका छौं । यी सबै कर्मको फल हामीले भोग्नैपर्ने हुन्छ । बाबुबाजेले देखाएका 'हरितमार्ग' हामीले बिर्सेका छौं त्यसैले पनि झन् पछि झन् दुःख र पीडा भोगिरहेका छौं । हुन पनि हो, हामी नै विनाशक, हामी नै दुष्कर्मक, अनि हामीले नभोगेको विपद् र आपत् अरू कसले व्यहोर्नुपर्ला ? पानीको नजिक घर बनाएपछि, सडक बनाएपछि, पुल बनाएपछि त्यो पानीले एक दिन नबगाई कहाँ छोड्दो रहेछ ? हामीले जान्यौं । सीमापारबाट आएको सन्देश बलियो छ ।

ल्हेन्दे र भोटेकोसीले फेरि एकपटक एउटा अविस्मरणीय पाठ दिएर गएका छन् । कहिल्यै बिर्सन नमिल्ने अमृतमय सन्देश छाडेर गएका छन् । सीमा नाघेर गरेका कर्मको फल प्रकृतिले आफैं पस्कन जानेको छ भन्ने बुझौं । यो सचेतना अब ताप्लेजुङदेखि दार्चुलासम्म अनि कञ्चनपुरदेखि झापासम्म फैलिनुपर्छ । नयाँ बाचा गरिनुपर्छ । तल तल नदी र खोला बगुन्, माथि माथि हाम्रा संरचनाहरू बनुन् । यसमै हामी सबैको कल्याण छ । सबैलाई चेतना भया । भवतु सर्वमङ्गलम् !

*छत्रकोट ४, गुल्मी ।*
*हालः नयाँबानेश्वर, शङ्खमूल,*
*विद्यापति मार्ग, काठमाडौं-३१*
*इमेलः chetnathkanel@gmail.com*

# अनाहूत



❖ चन्द्रबहादुर लामा

घाम लागेको कञ्चन दिउँसो पनि जब जमिनमुन्तिरबाट एउटा अदृश्य कम्पन सुरु हुन्छ तब मनभित्र एउटा अनौठो भयको सञ्चार हुनथाल्छ। आकाशमा कुनै कालोबादल मडारिएको थिएन, न त छाना बजाउँदै कुनै मुसलधारे झरी नै बर्सिरहेको थियो तर पनि नदीको शान्त निलो छाती अचानक कालो, लेदाम्य र भयानक बन्दै गर्जनका साथ उर्लिएर आयो । त्यो कुनै सामान्य वर्षाको परिणाम थिएन; त्यो त हाम्रा आँखाले देख्नसक्ने हजारौं मिटर अग्ला हिउँचुलीहरूको मौनता भित्रभित्रै फुटेर निस्किएको एउटा भयानक सन्देश थियो । म प्रायः बगरमा उभिएर सोच्ने गर्थें कि जब आकाश सफा हुन्छ तब हामी सुरक्षित छौं भन्ने हाम्रो भ्रम कति खोक्रो रहेछ ! हिमालको उच्च भूभागमा भएको हिमपहिरो, चट्टानको भीषण स्खलन वा अदृश्य हिमतालको विस्फोटले तल शान्त घाम तापेर बसेका बस्तीहरूलाई क्षणभरमै बगाएर लैजान सक्छ भन्ने यथार्थले मेरो अन्तरआत्मालाई नराम्ररी झकझक्याइदिएको छ।

हाम्रो भूगोल केवल पहाड र खोलाको सामान्य संयोजन मात्र होइन, यो त भूगर्भ र मौसमको एउटा अत्यन्तै संवेदनशील र जटिल प्रयोगशाला हो। हामी सधैँ पानी पर्दा मात्र बाढी आउँछ भन्ने पुरानो सोचको बन्दी बनिरह्यौं तर पछिल्लो समय रसुवा र नुवाकोटको त्यो बगरमा जे घट्यो, त्यसले हाम्रो परम्परागत बुझाइको जग नै भत्काइदिएको छ । माथि तिब्बती सीमावर्ती उच्च हिमाली भेगमा हिउँ, गेग्रान र चट्टानको विशाल बाँध फुट्दा तल त्रिशूलीको किनारमा घाम लागिरहेकै वेला जलप्रलय उर्लिएर आयो । त्यो दृश्य कुनै सामान्य बाढीको थिएन; त्यो त हिमालको पेटभित्र वर्षौंदेखि थुनिएर रहेको ढुङ्गा, बालुवा र हिउँको कालो लेदोको विशाल पर्वत नै बगेर तल ओर्लिएझैं प्रतीत हुन्थ्यो । म जब त्यो कालो भेलको संवेगलाई सम्झन्छु, मलाई लाग्छ कि प्रकृतिले हामीलाई हाम्रा सीमाहरू सम्झाउन कुनै बादलको सहारा लिनुपर्दैन रहेछ।

त्यो घटनाको सम्झनाले मलाई आज पनि स्तब्ध बनाउँछ, जहाँ नुवाकोटको त्रिशूलीकिनारमा रहेको त्यो ऐतिहासिक माध्यमिक विद्यालयका सयौं बालबालिकाहरू घाम लागेको दिन कक्षाकोठामा निर्धक्क पढिरहेका थिए। उनीहरूका लागि त्यो दिन कुनै अन्य सामान्य दिनजस्तै उज्यालो थियो तर केही किलोमिटर माथि हिमालको फेदीबाट मृत्युको कालो छाल तीव्र गतिमा सोझिँदै थियो । यदि माथिल्लो तटीय क्षेत्रबाट त्यो जीवनदायिनी पूर्वसूचना केही मिनेट अगाडि नआएको भए र विद्यालयका प्रधानाध्यापकले विनाकुनै हिचकिचाहट तत्कालै ती कलिला विद्यार्थीहरूलाई सुरक्षित डाँडातर्फ नदौडाएका भए के हुन्थ्यो होला ? सोच्दा मात्र पनि मेरो मुटुको धड्कन रोकिन्छ। केही मिनेटअघिसम्म अक्षरहरू गुञ्जिरहेको त्यो विशाल विद्यालय

भवनलाई त्यो कालो लेदोसहितको बाढीले क्षणभरमै आफ्ना पञ्जाभित्र पारेर बगरमा परिणत गरिदियो । भवन बग्यो, काठ र सिमेन्टका संरचनाहरू नामेट भए, तर ती नौ सयभन्दा बढी बालबालिकाहरूको सास जोगियो ।

त्यो उजाड बगरको भग्नावशेषमा उभिएर जब मैले आफ्नै अस्तित्वलाई नियालेँ, मभित्र एउटा गहिरो आत्मबोध जाग्यो । हामीले सदियौँदेखि विकासका नाममा प्रकृतिको स्वभावलाई बुझ्ने प्रयास नै गरेनौँ । हामीले सोच्यौँ, 'खोलाको सतह जहाँसम्म छ, नदीको अधिकार क्षेत्र त्यति मात्र हो ।' तर नदी केवल बगिरहेको पानी मात्र होइन; ऊ हिमालको भित्री चाल, भूकम्पको कम्पन, हिमपहिरोको धक्का र उच्च हिमाली तालहरूको दबाब बोकेर हिँड्ने एउटा जीवित धमनी हो । जब माथि हिमाल पग्लिन्छ वा चट्टानका विशाल खण्डहरू खसेर नदीको घाँटी थुनिन्छ तब त्यो थुनिएको आक्रोश तल झर्दा बगर र किनारका कुनै पनि सिमेन्टका पर्खालहरूले त्यसलाई रोक्न सक्दैनन् । हामीले आकाशको पानी मात्र नाप्यौँ तर हिमालको मौन पीडा र भूगर्भको उकुसमुकुस कहिल्यै नाप्न सकेनौँ !

जब म हाम्रा उत्तरी सीमावर्ती चुलीहरू र तिनका खोँचमा रहेका ४७ वटा अत्यन्तै जोखिमपूर्ण हिमतालहरूको यथार्थलाई सम्झन्छु, मेरो छाती फेरि एकपटक चिसो भएर आउँछ । ती तालहरू कुनै शान्त जलकुण्ड मात्र होइनन्; जलवायुको बढ्दो रापले पग्लिँदै गएका हिमनदीहरूका कारण जुनसुकै क्षण विस्फोट हुनसक्ने जलबमहरू हुन् । तीमध्ये धेरै तालहरू हाम्रै भूगोलभित्र छन् भने कतिपय सीमापारि तिब्बती पठारको काखमा हाम्रा शिरमाथि अदृश्य तरवारझैँ झुन्डिएका छन् । तल बगरमा बसेर हामी आफ्नो सानो संसारमा रमाइरहँदा माथि पाँच-छ हजार मिटरको उचाइमा प्रकृतिको त्यो विशाल जलराशि कुनै पनि दिन प्राकृतिक बाँधहरू फोडेर हजारौँ घनमिटर लेदो, हिउँ र चट्टानसहित तल ओर्लिन सक्छ भन्ने चेतनाले मलाई झस्काइरहन्छ । यो केवल कुनै एउटा खोलाको मात्र कुरा होइन; हाम्रा प्रमुख नदीप्रणालीका सिङ्गो जलाधार क्षेत्र नै यस्ता आकस्मिक जोखिमहरूको घेराबन्दीमा छन् । त्यसैले अब हाम्रो विपद् प्रतिकार्यको नजर गाउँको खोलाको साँधमा मात्र सीमित भएर पुग्दैन, त्यो सीमापारिका हिमनदी र उच्च हिमाली तालहरूको सूक्ष्म चालसम्म पुग्ने वैज्ञानिक र कूटनीतिक सतर्कताको तहमा पुग्नै पर्छ ।

त्रिशूलीकै किनारैकिनार अगाडि बढ्दा जब मेरा आँखाहरू कृष्णभिरजस्ता संवेदनशील भित्ताहरूमा ठोक्किन्छन्, मलाई हाम्रा सडक सञ्जाल र जीवनरेखा कति कमजोर धागोमा अडिएका रहेछन् भन्ने कटु यथार्थले घोच्छ । उच्च हिमाली विपद् मात्र होइन, पहाडको एउटा कमजोर पाखो खस्नेबित्तिकै सिङ्गो देशलाई राजधानीसँग जोड्ने मुख्य धमनी नै पक्षाघात भएझैँ ठप्प हुन्छ । हजारौँ यात्रुहरू बाटोमै अलपत्र पर्छन्, एम्बुलेन्स र अत्यावश्यक ढुवानीहरू पहिरोको मुखमै थुनिन्छन् र हामी हतार हतार वैकल्पिक मार्गको खोजीमा फेरि अर्को भिरालो पहाडको छाती चिथोर्न थाल्छौँ । हामीले नदीको किनार र पहाडको संवेदनशील भूबनोटलाई नबुझी जबर्जस्ती कोरेका यी लोकमार्गहरूले हामीलाई बारम्बार सम्झाइरहन्छन् कि प्रकृतिको जटिल धरातलमाथि गरिएको पूर्वाधार विकास यदि वैज्ञानिक र दिगो भएन भने त्यो कुनै पनि क्षण धराशायी बन्नसक्ने एउटा असुरक्षित पासो मात्र हुने छ ।

म हाम्रा बस्तीहरू र बजारहरूलाई हेर्छु, जहाँ खोलाको साँघुरो गल्छीमै बहुमूल्य घरहरू ठडिएका छन्, जलविद्युत् आयोजनाहरू नदीको छातीमै निर्मित छन् र विद्यालयहरू ठिक बगरकै किनारमा अवस्थित छन् ! हामीले सुविधा र व्यापारको नाममा जोखिमको मुखैमा आफ्ना सपनाहरू बिच्छ्यायौँ । नदीको बगर कुनै खालि जमिन होइन, त्यो त नदीको आफ्नै विश्रामस्थल हो, जहाँ वर्षौँ वा शताब्दीपछि पनि ऊ आफ्नो पूर्ण संवेगका साथ आउन सक्छ । जब हामी नदीको त्यो स्वाभाविक अधिकार खोस्छौँ तब यस्ता आकस्मिक बाढीहरूले हाम्रो सारा दम्भलाई बालुवा बनाइदिन्छन् । यो कुनै नियमित ऋतुचक्रको वर्षा थिएन, यो त जलवायु परिवर्तनको चरम असर र हाम्रा कमजोर हिमाली शृङ्खलाहरूको स्वाभाविक तर भयानक स्खलन थियो ।

यस घटनाले मलाई एउटा नयाँ चेतना दिएको छ कि हाम्रो सुरक्षा आकाशको बादल हेरेर मात्र सम्भव छैन, हाम्रो नजर अब हिमालका ती दुर्गम खोँचहरू, हिमतालहरू र चट्टानी भित्ताहरूसम्म पुग्नुपर्छ । उच्च हिमाली क्षेत्रमा के भइरहेको छ भन्ने कुराको जानकारी तल बगरमा बस्ने अन्तिम मानिससम्म रियल-टाइममा पुग्ने प्रविधि र संस्कारको विकास अब हाम्रो जीवनमरणको प्रश्न बनेको छ । माथिल्लो भेगमा ढुङ्गा र हिउँको सानो हलचल हुनेबित्तिकै तल्लो तटीय क्षेत्रमा साइरन बज्ने र त्यो साइरनको अर्थ बुझेर मानिसहरू तुरुन्तै अग्लो र सुरक्षित भूभागतर्फ लाग्ने प्रणाली नै हाम्रो असली जीवनरक्षा हो । सूचना प्रविधि जबसम्म मानवजीवन जोगाउने यस्तो प्रत्यक्ष कार्यमा रूपान्तरित हुँदैन तबसम्म त्यसको कुनै सार्थकता रहँदैन ।

विद्यालय केवल सैद्धान्तिक ज्ञान बाँड्ने थलो मात्र होइन, विपद्को सामना गर्ने पहिलो किल्ला बन्नुपर्छ भन्ने पाठ त्यो त्रिशूलीको घटनाले सिकाएको छ । यदि त्यो दिन विद्यालयका शिक्षक र विद्यार्थीहरूमा केही मिनेटभित्रै ठाउँ खाली गर्नुपर्छ भन्ने त्यो अनुशासन र सुझबुझ नभएको भए आज त्यो इतिहास एउटा विशाल सामूहिक चिहानको कथा बनिसकेको हुन्थ्यो । यसले मलाई के महसुस गराउँछ भने भौतिक पूर्वाधारहरू जतिसुकै बलिया बनाए पनि प्रकृतिको महाविपत्तिसामु ती ढल्न सक्छन्, तर मानवीय चेतना र पूर्वतयारी यस्तो शक्ति हो जसले जस्तोसुकै विनाशका बिचबाट पनि जीवनलाई सुरक्षित निकालेर ल्याउन सक्छ । भवन फेरि बनाउन सकिन्छ, डेस्कबेन्च फेरि किन्न सकिन्छ तर एउटा सास गयो भने त्यसलाई कुनै पनि शक्तिले फर्काउन सक्दैन ।

म हाम्रा नीति निर्माताहरू र विकासका योजनाकारहरूको त्यो सतही सोचप्रति गम्भीर प्रश्न गर्न चाहन्छु । हामी सधैँ विपद् आएपछि कति क्षति भयो भनेर गन्ती गर्न र राहतका पोकाहरू बाँड्न मात्र किन अग्रसर हुन्छौँ ? के हामीलाई थाहा छैन कि हाम्रा हिमालहरू विश्वव्यापी तापमान वृद्धिका कारण भित्रभित्रै पग्लिरहेका छन् र कमजोर भइरहेका छन् ? के हामीलाई थाहा छैन कि अबका बाढीहरू सामान्य वर्षाका कारण मात्र होइन, उच्च हिमाली विस्फोट र आकस्मिक पहिरोका कारण अझ बढी घातक रूपमा आउने छन् ? जब विपद्को स्वरूप बदलिएको छ भने हाम्रो सोच र तयारीको स्वरूप किन बदलिँदैन ? नदीकिनारमा जथाभावी बस्ती बसाल्न दिने, जोखिमयुक्त ठाउँमा सरकारी भवन र विद्यालयहरू बनाउने अनि विपद् आएपछि भाग्यलाई दोष दिने यो कायरतापूर्ण

प्रवृत्ति अब अन्त्य हुनै पर्छ ।

स्थानीय तहहरूले अब आफ्ना भूगोलको सूक्ष्म अध्ययन गर्नै पर्छ । कुन खोलाको माथिल्लो जलाधार क्षेत्र कस्तो छ, कुन ठाउँमा तालहरू फुट्ने वा पहिरोले नदी थुनिने जोखिम छ, त्यसको वैज्ञानिक नक्साङ्कन हुनुपर्छ । नदीको बहाव क्षेत्रलाई पूर्ण रूपमा खुला छोडेर मात्र बस्ती विकासका योजनाहरू बनाइनुपर्छ । 'जहाँ ठाउँ भेटियो त्यहीँ ढलान गर्ने' हाम्रो यो अदूरदर्शी विकासको मोडलले हामीलाई मृत्युको मुखमा पुऱ्याइरहेको छ । नदीसँग लड्ने हाम्रो सामर्थ्य छैन, न त हिमाललाई खस्नबाट रोक्ने कुनै प्रविधि नै हामीसँग छ । हामीसँग भएको एउटै उपाय भनेको प्रकृतिको यो विशाल शक्तिलाई आदर गर्ने र उसँग सुरक्षित दूरी कायम गरेर सहअस्तित्वमा बाँच्न सिक्ने विवेक मात्र हो ।

प्रत्येक नागरिकले पनि अब आफ्नै सुरक्षाको पहरेदार बन्नुपर्छ । जब हामी नदीको छेउमा घर बनाउँछौँ, हामीले यो बुझ्नुपर्छ कि हामी एउटा सम्भावित विपत्तिको बाटोमा सुतिरहेका छौँ । हामीले विपद्का सानाभन्दा साना पूर्वसङ्केतहरूलाई चिन्नसक्नुपर्छ । नदीको पानी अचानक घट्नु वा धमिलो लेदो बग्नथाल्नु भनेको माथि कतै पहिरोले नदी थुनिएको र जुनसुकै वेला त्यो फुट्नसक्छ भन्ने स्पष्ट चेतावनी हो । यस्ता परम्परागत र वैज्ञानिक ज्ञानहरू समुदायका प्रत्येक सदस्यको दिमागमा गढेर बस्नुपर्छ । पूर्वसूचना प्रणाली केवल सरकारी संयन्त्रको मात्र जिम्मेवारी होइन, यो त समुदायका प्रत्येक व्यक्तिको साझा सतर्कताको सञ्जाल बन्नुपर्छ ।

विध्वंसको त्यो कालो डोब छाडेर बिस्तारै आफ्नै पुरानो लयमा फर्कन खोजिरहेको नदीको गल्छीलाई नियाल्दै गर्दा मेरो अन्तरमनमा एउटा गम्भीर सन्नाटा छाउँछ । अहिले पानी शान्त छ तर त्यो शान्तिभित्र म हिमालको एउटा अनन्त रहस्य र शक्ति महसुस गर्नसक्छु । त्यो पानीले मलाई कुनै शत्रुताको भाव दिइरहेको छैन, बरु एउटा गम्भीर चेतावनी दिइरहेको छ, "म आफ्नै गति र लयमा बग्ने छु, मेरो बाटोमा पर्खाल नलगाऊ, मेरो आँगनमा घर नबनाऊ ।" यो आबाजलाई सुन्नसक्नु नै हाम्रो बुद्धिमत्ता हो ।

हामी हिमालको काखमा बाँचेका मानिस हौँ त्यसैले हामीले हिमालको स्वभाव र नदीको चरित्रलाई बुझेर मात्र आफ्नो जीवनशैली निर्माण गर्नुपर्छ । बाढी आउँदा भाग्ने र त्राहिमाम गर्ने निरीहताबाट माथि उठेर, विपद् आउनुअगावै त्यसको जोखिमबाट सुरक्षित रहने सचेत समाज बन्नु नै हाम्रो एक मात्र विकल्प हो । भवनहरू भत्किँदा पनि जीवनहरू जोगिएको त्यो विद्यालयको घटनाले हामीलाई सिकाएको सबैभन्दा ठुलो सत्य यही हो- प्रकृतिको विनाशकारी शक्तिभन्दा मानिसको विवेकपूर्ण पूर्वतयारी र समयमै लिइने एउटा साहसी निर्णय धेरै गुणा शक्तिशाली हुन्छ ।

अब हामीले बाढीबाट केवल बच्ने प्रयास गर्ने होइन, हिमालका यी अदृश्य आकस्मिक उच्छ्वासहरूसँगै सुरक्षित रूपमा बाँच्नसक्ने उच्च चेतना र विज्ञानसम्मत समाजको निर्माण गर्नुपर्छ । जब हामी प्रकृतिलाई जित्ने अहङ्कार त्यागेर उसलाई बुझ्ने र सम्मान गर्ने बाटोमा हिँड्ने छौँ तब मात्र हाम्रा बस्तीहरू सुरक्षित हुने छन्, हाम्रा नानीहरूका सपनाहरू जोगिने छन् र हामी यो अनमोल भूगोलमा गर्वका साथ सुरक्षित बाँच्नसक्ने छौँ । नदी बगिरहने छ, हिमाल उभिइरहने छ र हामी पनि प्रकृतिको यो महान् लयसँग आफूलाई एकाकार गर्दै सदैव सुरक्षित र सचेत भएर बाँचिरहने छौँ ।

❑ निबन्ध

# सङ्कटमा सबै मिलौं

❖ **कृष्ण प्रजापति**

देशमा राष्ट्रिय सङ्कट उत्पन्न भएको छ । खासगरी तिब्बत क्षेत्रबाट एक हप्ताअगाडि आएको अप्रत्यासित बाढीले गर्दा यो सङ्कट उत्पन्न भएको हो । हजारौं मानिसहरू बेपत्ता हुनेगरी उर्लेको उक्त भीषण बाढीले बगाएर मर्नेहरूमध्ये हालसम्म सात सयको सङ्ख्यामा लास सङ्कलन भएको छ । पत्याउनै नसक्ने गरी ठुलो बाढी अपर्झट उर्लिएकाले बाढीले गर्दा रसुवा, नुवाकोट, धादिङलगायतका स्थानबाट बगाएर ल्याएकाहरूलाई चितवनमा सेनाको टोलीले खोज गरी लास सङ्कलन गरेका हुन् । कतिपय लासहरू भारतीय सीमासम्म पुगेका छन् । यस विनाशकारी बाढीबाट मरेकाहरूलाई हालसम्म सरकारले उद्धार र राहतको कार्य मात्रै गरेका छन् । यो समयमा सदन, संसद र सबै राज्यका अङ्गहरू प्रयोग गरी विनाशकारी भूक्षय र बाढीले बगाएर मरेका, घाइते र अङ्गभङ्ग भएकाहरूको उद्धार गरेर उपचार गर्ने कार्यमा सरकारको ध्यान केन्द्रित भएको छ त्यसैले अहिले प्रतिनिधिसभालाई पनि सभामुख डोलप्रसाद आचार्यले राष्ट्रिय सङ्कटलाई ध्यानमा राखी अनिश्चित समयका लागि स्थगन गरेका छन् । सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका तीन हजारभन्दा बढी जनशक्ति बाढीपीडित क्षेत्रमा राहत र उद्धारको लागि खटिरहेका छन् । अहिलेसम्म कहिल्यै पनि नभएकोजस्तो अप्रत्यासित बाढीले खरबौं रुपियाँको धनजनको क्षति भएको अनुमान गरी राहतको अभियान अगाडि बढाइरहेको छ ।

देश सङ्कटमा परेको वेला सरकारले तीनवटा अति प्रभावित जिल्लाहरूलाई सङ्कटग्रस्त जिल्ला घोषणा गरी राहतका लागि अन्तर्राष्ट्रिय दातृ सङ्घसंस्थाहरूसँग सहयोगको लागि आह्वान गरेका छन् । साथै यो समयमा सरकारको प्रमुखको हैसियतले बालेन आफैं पनि प्रभावित जिल्ला भ्रमण गर्दै राहत र उद्धारको व्यवस्थापनको नेतृत्वमा जुटेका छन् । दैवीप्रकोप तथा प्राकृतिक प्रकोपको वेला तत्कालीन समस्या समाधानको लागि भनेर स्थापना गरिने प्रधानमन्त्री राहत कोष स्थापना गरी त्यसमा रकम जम्मा पार्नको लागि क्युआर कोड सार्वजनिक गरेको छ । करोडौं करोड रकम विभिन्न बैङ्क, वित्तीय संस्था र ब्यक्तिहरूबाट प्राप्त गर्ने र त्यहाँ दाखिला गर्ने कार्य सुरु भइसकेको छ । साथै नेपाल आयल निगमले हवाइइन्धन व्यवस्था गरिदिएको छ । यसो हेर्दा हामी नेपाली जनता पनि सङ्कट पर्दा एकढिक्का भएर बस्नसक्ने खालका हौं भन्ने नमुना प्रस्तुत गर्न सक्षम छौं । हुन त सङ्कटको वेलामा एक ढिक्का भएर जुट्ने काम पहिला पनि नभएका होइनन्, भएका छन् । गत एघार वर्षअगाडि पनि भूकम्पले क्षतविक्षत भएको वेला तत्कालीन संविधानसभामा रहेका विभिन्न पार्टीले एक मतले अनेकौं संशोधन प्रस्तावका बाबजुद फास्टट्र्याकबाट देशमा पहिलो पल्ट संविधानसभाले नयाँ संविधान जारी गर्न सफल भएको थियो ।


तिब्बतक्षेत्रमा रहेको प्राकृतिक हिमताल फुटेर पो यस्तो खाले विनाश आएको हो भन्ने प्रारम्भिक अनुमान रहेको छ तर हालसम्म पनि यकिन जानकारी भने आउनसकेको छैन ।

तिब्बतक्षेत्रमा यस खाले जलभण्डारण यस्तो भयानक किसिमले फुटेको मानिसहरूलाई थाहा थिएन । प्रकृतिको लीला अपरम्पार छ । बाँध बाँधिएको स्थानबाट बाँध फुटेको हो वा आफैँ निर्माण भएको हिमताल फुटेर यो भयानक बाढी आएको हो भन्ने कुरा हालसम्म स्पष्ट भएको छैन । त्यसो भएर पनि चीनले समयमै नेपाल पक्षलाई बाढी आइरहेको जानकारी दिएको थियो भनेर दाबी गरिरहेको छ भने नेपालले समयमा जानकारी नपाएकाले यति धेरै धनजनको क्षति भएको भनी गरेको टिप्पणीलाई पनि चीनले आपत्ति प्रकट गरेको छ । यो दुई देशबिचको बेमेलको कुरा रह्यो । चीनले सयौँपल्ट यस प्रकारको भीषण बाढी आइरहेको छ भनी नेपाल पक्षलाई जानकारी गराएको कुरा बताइरहेको छ । नेपालले भने केही जानकारी नआएकाले बढी क्षति हुन पुगेको दावी गरिरहेका छन् । कुरा कसको सही हो भन्ने कुरा अहिलेसम्म पुष्टि हुनसकिरहेको छैन । यसरी सङ्कटको घडीमा पनि उसले उसलाई दोष दिने र उसले उसलाई दोष दिने हाम्रो चलन छ । यो राम्रो चलन होइन । यो देशमा पहिला पहिला पनि यस खालका राष्ट्रिय सङ्कटहरू आउने गर्दथे तर त्यस समयमा विदेशी सहयोग लिने चलनै थिएन । अहिले भने विदेशी सहयोग लिने चलन आएर केही सहज पनि भएको छ ।

छिमेकी भनेको सङ्कटको वेलामा सहयोग लिन हो । अरू वेलामा सामान्य अवस्थामा विदेशी सहयोग लिनु त्यति पाच्य हुन्न तर देशमा सङ्कट उत्पन्न भएको वेला कुनै न कुनै रूपमा आर्थिक र भौतिक सहयोग गर्न छिमेकी मुलुकहरू तयार रहन्छन् । यस्तो सङ्कटको वेला हामीलाई चीन, भारत, अमेरिकालगायतका देशहरूले कुन खालको सहयोग गर्नुपर्ने हो हामी तयार छौँ भनी आश्वासन दिनथालेका छन् । भारतबाट त भौतिक सामग्री सहयोग गरी राहत पुर्‍याइसकेको छ । मानिसलाई जोगाउन अति आवशयक मानवीय सहायता दुखद घडीमा नै चाहिने हो त्यसैले पनि बाध्य भएर यस्तो समयमा विदेशीको हात पर्नुपर्ने हुनजान्छ । होइन भने हामीकहाँ मौज्दात सामग्रीले मात्रै हजारौँ पीडित र आफ्नो परिवारको ज्यान गएर पनि कुनै पनि रोजगार गर्न नपाई बाँच्नुपरेका जनताहरूलाई कसरी दैनिकजसो खानपानको व्यवस्था गर्न सकिएला र ? त्यसैले पनि चाहिने वेला बाहिरको सहयोग लिनुपर्ने बाध्य हुनजान्छ । यो मानवीय धर्म नै हो । मानिस त्यसै पनि परनिर्भर हुनुपर्ने वेलामा आफ्नो सास फेर्न पनि अरूको सहारा लिनुपर्ने बखत बाहिरको सहयोगको अपेक्षा गर्नु स्वाभाविकै हो । प्रभावित क्षेत्रमा सुरुङ खनिरहेका थुप्रै ज्यामीहरू सुरुङको प्वाल टालेर मर्नु न बाँच्नुको अवस्था सिर्जना भएको बखत सेनाको टोलीले कठिन रूपमा उद्धार गरेको दृश्य देख्दा मानिस मानिसबिचको मानवीय भावना यस्तो समयमा पो प्रकट हुने हो कि भन्ने स्पष्ट हुन्छ ।

संसारको ध्यान खिचेको तिब्बत क्षेत्रमा रहेको हिमताल फुटेर वा बाँध भत्किएर उर्लिएको भयानक बाढीले बेपत्ता रहेकाहरूको नाम, स्थानहरू जानकारी भएकाहरूले उपलब्ध गराउन सरकारले आह्वान गरेका छन् । यस्तो घडीमा यहाँ खालि मानवीय सेवा, धर्म र राहत सहयोग मात्रै अगाडि बढिहरेका छैनन् । मृतक अवस्थाका लासबाट सुन लुछेर लिइरहेको, बाढीले बगाएर ल्याएका सिलिन्डरमा बढी

ध्यान केन्द्रित भएकोलगायत माथिल्लो भागबाट बगाएर ल्याएका मरेका ठुल्ठुला माछाहरू सङ्कलन गर्नेजस्ता अत्यन्तै तल्लोस्तरको कार्यमा पनि मानिसहरूको ध्यान गइरहेको देखिन्छ । भौतिक सुविधाका लागि मरेका माछा समाउनु र सक्नेले बेवारिस अवस्था रहेका ग्याससिलिन्डर सङ्कलन गर्ने र आफ्नो प्रयोजनको लागि सुरक्षित पार्ने त्यतिको अपाच्य कुरो भएन तर जानाजान पीडितको उद्धार गर्ने नाममा बाढीले बगाएर पुरिएको अवस्थाको लासबाट समेत मुन्द्री, कानको टप र सुनका गरगहना चुडालेर लुट्ने सोच, विचार र धारणा कतिको अति निम्नस्तरको धारणा हो ! त्यस्तालाई प्रहरीले कारवाही नगरे के गर्ला ? आखिर लोभ गर्नुको पनि हद हुन्छ । मानवीय स्वभावले नदिने खालका चिजमा आँखा लाउनु राम्रो आचरण होइन । सक्दो सहयोग गरी उनको परिवारसमक्ष उक्त लास सुम्पनुपर्ने हामी अधर्मी हुनु उचित हुँदैन । यो सङ्कटबाट सिक्नुपर्ने अर्को पाठ पनि हो ।



❖ **गोधूलि दिनेश (दिनेश चापागाईं)**

बादल फुट्यो
खोला नाला उर्लिए
सूर्य छ एक्लो !



# परदेशी आँखामा रसुवाको बाढी



❖ म्यामराज राई

जापानको एउटा सामान्य दिउँसो थियो भदौ १० पनि । टोकियो आफ्नै गतिमा दौडिरहेको थियो । रेलहरू आफ्नो समयतालिकामा गुडिरहेका थिए । सडकमा मानिसहरू आआफ्ना गन्तव्यतिर हतारिरहेका थिए । कसैलाई कतै पुग्नु थियो । कसैलाई थाकेको शरीर लिएर घर फर्किनु थियो । सहरको गति यति नियमित थियो । मानौँ संसारमा केही पनि असामान्य भएको छैन ।

म पनि त्यही भिडको एउटा सानो हिस्सा थिएँ । परदेशको जीवनमा दिनहरू कहिलेकाहीँ घडीकाँटाजस्तै हुन्छन्, घुमिरहन्छन् तर कहाँ पुगिन्छ, थाहा हुँदैन । काम, थकान, कोठा र फेरि भोलिको काम । देश सम्झिने फुर्सद पनि कहिलेकाहीँ घडीले छुट्याइदिनुपर्छ तर त्यो दिन मोबाइलको पर्दामा अचानक एउटा समाचार आयो शीर्षक थियो 'रसुवामा बाढी' !

भोटेकोसी उर्लिएको थियो । बस्तीहरू प्रभावित भएका थिए । बाटो र पुलमा क्षति पुगेका खबरहरू थिए । सामाजिक सञ्जालमा केही सेकेन्डका भिडियोहरू आइरहेका थिए, माटोको रङ मिसिएको उन्मत्त पानी, भागिरहेका मानिसहरू, अस्तव्यस्त सडक र नदीको गर्जन ! भिडियो केही सेकेन्डको थियो तर त्यसले मेरो मनभित्र वर्षौँ लामो एउटा बाटो खोलिदियो । म मोबाइलको पर्दामै अडिएँ । बाहिर टोकियो उस्तै थियो । रेल गुडिरहेकै थियो । मानिसहरू हिँडिरहेकै थिए । मेरो अगाडि एउटा ट्राफिक बत्ती रातोबाट हरियो हुँदै थियो । जहाँ एउटा बच्चा बाबुको हात समातेर सडक पार गर्दै थियो तर मेरो मन भने हजारौँ किलोमिटर पर, हिमालको काखमा पुगिसकेको थियो । त्यही क्षण मैले परदेशी हुनुको अर्को अर्थ बुझेँ । देशबाट टाढा हुनु दूरीमा मात्र टाढा हुनु रहेनछ, कहिलेकाहीँ दुःखको छेउमा पुग्ननसक्नु पनि रहेछ । मोबाइलले समाचार देखाउन सक्छ । भिडियो देखाउन सक्छ तर उसले कसैको काँधमा हात राख्न सक्दैन । हामी चिन्ता गर्नसक्छौँ, प्रार्थना गर्नसक्छौँ, राहत पठाउन सक्छौँ तर विपत्तिको बिचमा पुगेर 'म यहाँ छु' भन्ननसक्नुको पीडा परदेशीले मात्र राम्ररी बुझ्छ होला । त्यस दिन मैले भौगोलिक दूरी किलोमिटरमा नापिनँ । मुटुमा नापेँ । रसुवा सम्झँदा मेरो आँखामा पहाड आउँछ । पहाडसँग टाँसिएका बस्तीहरू आउँछन् । उकाला-ओराला बाटाहरू आउँछन् अनि आउँछ ल्हेन्दे खोला जसले तिब्बती हिमालको पसिना बोकेर भोटेकोसी भेट्न आइरहन्छ ।

नदीलाई देशको नक्सा थाहा हुँदैन । उसलाई हामीले कोरेका सीमारेखा थाहा हुँदैन । उसले हाम्रो घरको नक्सा पढ्दैन, पुलको डिजाइन

बुझ्दैन, सडकको लागत गन्दैन । ऊ बग्छ, आफ्नै स्मृतिमा र आफ्नै वेगमा । हामीले भने नदीका किनारमा जीवन राख्यौँ । घर बनायौँ । पुल बनायौँ । बाटो बनायौँ । बजार बसायौँ । बालबालिकाको भविष्य बनायौँ र नदीसँगै बाँच्न सिक्यौँ तर कहिलेकाहीँ प्रकृतिले एउटा यस्तो दिन ल्याउँछ, जब उसले हामीलाई हाम्रो सामर्थ्यको सीमा सम्झाइदिन्छ । बाढीले घर मात्र बगाउँदैन । उसले घरभित्र थन्किएका वर्षहरू पनि बगाउँछ । एउटा पुरानो तस्बिर, जसमा अब फेरि कोही फर्केर उभिन सक्दैन । एउटा बाकस, जसमा आमाले वर्षौँदेखि जोगाएर राखेका कागजपत्र छन् । केही किताब, जसका पानामा बाल्यकालका औँलाका छाप छन् । भित्तामा टाँसिएको प्रमाणपत्र, दराजको कुनामा राखिएको पुरानो चिठी । बाहिरबाट हेर्दा यी वस्तु हुन् तर मानिसको जीवनमा वस्तु कहिल्यै वस्तु मात्र हुँदैन । एउटा तस्बिरमा एउटा समय बस्छ । एउटा किताबमा एउटा उमेर, एउटा घरमा एउटा पुस्ता हुन्छ । अधिकांश बहुपुस्ता एकै छानामुनि बस्ने नेपाली समाजमा चलन छ त्यसैले बाढीले चार भित्ता भत्काउँदा केवल घर भत्किँदैन, कसैको स्मृतिको छानो पनि खस्छ । त्यसबिच नेपालबाट सन्देशहरू आउन थाले ।

*'अवस्था गम्भीर छ ।'*

*'फलानो ठाउँ सम्पर्कविहीन छ ।'*

*'उद्धार भइरहेको छ ।'*

*'अझै यकिन खबर आएको छैन ।'* ...

मोबाइलको पर्दामा शब्दहरू आउँथे र मनभित्र बेचैनीको अर्को ढोका खुल्थ्यो । परदेसिएका हामी नेपालीसँग आआफ्ना कथाहरू छन् । कोही छोराछोरीको भविष्य बोकेर आएको छ, कोही घरको ऋण, कोही परिवारको सपना, कोही आफ्नै सम्भावनाको खोजीमा । म पनि त्यही यात्राको एउटा यात्री हुँ । जापानले मलाई श्रमको मूल्य सिकायो । समयको अनुशासन सिकायो । अवसरको अर्थ सिकायो तर परदेशले अर्को गहिरो कुरा पनि सिकाउँदो रहेछ, 'देश छोड्नु र देश बिर्सनु एउटै कुरा होइन ।' बरु कहिलेकाहीँ दूरीले देशलाई अझ नजिक ल्याउँछ ।

गाउँमा हुँदा सामान्य लागेका बाटाहरू परदेश आएपछि स्मृतिका बाटा बन्छन् । घरको आँगन एउटा ठाउँ मात्र रहँदैन, मनभित्रको भूगोल बन्छ । कुनै पुरानो आबाज, कुनै चाडपर्व, कुनै माटोको गन्ध, कुनै बाल्यकालको तस्बिर अचानक पूरा नेपाल बनेर अगाडि उभिन्छ त्यसैले रसुवाको बाढी मेरो मोबाइलमा आएको समाचार मात्र थिएन । त्यो मेरो स्मृतिमा आएको पानी थियो । त्यो दिन संसारका विभिन्न कुनामा रहेका नेपालीहरू आआफ्नो ठाउँबाट रसुवातिर फर्किए । कसैले राहतका लागि रकम जुटाए । कसैले उद्धारमा खटिएका हातलाई साथ दिए । कसैले आफ्नो क्षमताअनुसार जिन्सी सहयोग गरे ।

मानवता फरक-फरक देशमा थिए । दुःखको ठेगाना भने एउटै थियो । त्यही क्षण मलाई लाग्यो, नेपाली हुनु एउटै भूगोलमा बस्नु मात्र होइन रहेछ । एउटै पीडामा धड्किनु पनि नेपाली हुनु रहेछ । म भने कलमअगाडि बसेँ । लेख्न खोजेँ तर शब्दहरू आएनन् । कसरी लेखूँ एउटी आमाको आँसु ? कसरी लेखूँ त्यो

घरको कथा, जसको आँगन अब आँगन रहेन ? कसरी लेखूँ त्यो परिवारको मौनता, जसले बिहानसम्म भविष्यको सपना देखिरहेको थियो र साँझसम्म आफ्नो जीवनको नक्सा फेरिएको देख्यो । त्यति वेला मलाई लाग्यो, साहित्यले सबै कुरा गर्नसक्दैन । उसले बाढी रोक्नसक्दैन । भत्किएको पुल उठाउन सक्दैन । कसैको हराएको घरलाई एकैछिनमा पुरानै ठाउँमा फर्काउन सक्दैन तर साहित्यसँग एउटा शक्ति छ, उसले पीडालाई विस्मृतिमा हराउन दिँदैन ।

समाचारको आयु छोटो हुन्छ । आजको शीर्षक भोलि अर्को शीर्षकले विस्थापित गर्छ । सामाजिक सञ्जालमा एउटा घटना अर्को घटनाले ढाकिन्छ तर पीडितको जीवनमा त्यो दिन कहिल्यै पुरानो हुँदैन । तथ्याङ्कले भन्छ, यति घर क्षतिग्रस्त भए तर ती घरभित्र कसैको बाल्यकाल थियो । तथ्याङ्कले भन्छ, यति सडक अवरुद्ध भयो तर त्यो बाटो कसैको विद्यालय जाने बाटो थियो । कसैको अस्पताल पुग्ने बाटो त कसैको वर्षौंपछि घर फर्किने बाटो । तथ्याङ्कले क्षतिको रकम गन्नसक्छ तर उसले आमाको बाकसमा राखिएको स्मृति गन्नसक्दैन । उसले घरको मूल्य लेख्नसक्छ तर घरभित्र बसेको जीवनको मूल्य लेख्नसक्दैन । यहीँबाट विपत्तिले अर्को प्रश्न सोध्छ, हामी प्रकृतिसँग कसरी बाँचिरहेका छौँ ? बाढी सधैँ रोक्न नसके पनि जोखिम घटाउन सकिन्छ । पूर्वसूचना बलियो बनाउन सकिन्छ । सुरक्षित संरचना बनाउन सकिन्छ । समुदायलाई विपत्तिसँग जुध्न तयार पार्नसकिन्छ तर पुनर्निर्माणको अर्थ ईंटा र सिमेन्टमा मात्र सीमित हुनु हुँदैन । भत्किएको घर उठाउनु आवश्यक छ । त्यसभन्दा पनि आवश्यक छ भत्किएको भरोसा उठाउनु, विस्थापित मानिसलाई फेरि आफ्नो माटोसँग जोड्नु, बालबालिकालाई फेरि सुरक्षित भोलिको सपना देख्नसक्ने बनाउनु, बाढीले रोकिदिएको जीवनलाई फेरि हिँड्ने बाटो दिनु आदि विषयहरू महत्त्वपूर्ण हुन्छन् किनकि घर फेरि बनाउन सकिन्छ । पुल फेरि जोड्नसकिन्छ । सडक फेरि खोल्नसकिन्छ तर हराएको जीवन ? त्यसको ठाउँमा कुनै अर्को संरचना उठ्दैन ।

त्यो साँझ जापानको झ्यालबाट बाहिर हेर्दा टोकियो पहिलेझैँ व्यस्त थियो । रेलहरू गुडिरहेका थिए । सहर उज्यालो थियो । कसैलाई थाहा थिएन, हजारौँ किलोमिटर टाढा मेरो देशको एउटा भूगोल दुःखमा थियो तर मेरो मन ? त्यो रसुवाको कुनै भत्किएको बाटोमा अड्किएको थियो । त्यहीँ मैले परदेशी जीवनको एउटा अनौठो सत्य फेरि महसुस गरेँ, मानिस कहिलेकाहीँ एउटै शरीरमा दुई भूगोल बोकेर हिँड्दो रहेछ । एउटा भूगोल जहाँ ऊ काम गर्छ । अर्को भूगोल जहाँ उसको मन बस्छ । मेरो मन नेपालतिर फर्किरह्यो । भोटेकोसीको भेल सम्झँदा आज पनि मलाई केवल उर्लिएको पानी देखिँदैन । म उद्धारमा दौडिएका हातहरू देख्छु । राहत बोकेर हिँडेका पाइला देख्छु । आफ्नो गाँस काटेर सहयोग गर्ने मानिसहरू देख्छु । संसारका फरक फरक कुनाबाट मातृभूमिको दुःखमा आफ्नो सानो हात थपिरहेका नेपालीहरू देख्छु । विपत्तिले धेरै कुरा भत्काउँछ तर त्यसले एउटा सत्य पनि उजागर गर्छ, मानिसको घर भत्किए पनि मानवीयता भत्किनै पर्छ भन्ने छैन ।

सायद पुनर्निर्माणको पहिलो ढुङ्गा त्यही हो । भोटेकोसी फेरि शान्त भएर बग्ने छ । रसुवाका बस्तीहरू फेरि उठ्ने छन् । पुलहरू जोडिने छन् । बाटाहरू खुल्ने छन् । घरका झ्यालबाट फेरि बिहानको घाम पस्ने छ तर त्यो दिनको पानी केही घरबाट मात्र बगेको थिएन । त्यो पानी धेरै मानिसको स्मृतिमा पसेको थियो । म हरेक विपत्तिमा तुरुन्त नेपाल पुग्न नसकुँला तर हेर्नसक्छु, सुन्नसक्छु, सहयोग गर्नसक्छु र लेख्नसक्छु । मेरो कलमले बाढी रोक्नसक्दैन तर उसले एउटा पीडालाई विस्मृतिबाट जोगाउन सक्छ । एउटा आबाजलाई अर्को कानसम्म पुऱ्याउन सक्छ । एउटा आँसुलाई सामूहिक संवेदनामा बदल्न सक्छ । सायद परदेशी नेपालीका लागि मातृभूमिसँग जोडिइरहने एउटा बाटो यही पनि हो । त्यो दिन मोबाइलको सानो पर्दामा देखिएको रसुवा अहिले पनि मेरो आँखाभित्र छ । टोकियोको उज्यालोमा उभिएर मैले रसुवाको अँध्यारो देखेको थिएँ तर त्यही अँध्यारोभित्र एउटा सानो उज्यालो पनि देखेको थिएँ, मानिसले मानिसलाई नछोडेको उज्यालो ! नदीले भूगोलको बाटो बदल्न सक्छ तर सम्बन्धको बाटो रोक्नसक्दैन । रसुवामा भोटेकोसी उर्लिएको थियो । त्यसको प्रतिध्वनि जापानसम्म आइपुगेको थियो । भेल देशमा थियो, आँसु परदेशी आँखामा ।

*धरान -१२, पार्वती लाइन, सुनसरी (हाल जापान) ।*

# कोसी बग्यो

**❖ शरद पौडेल**

बग्यो कोसी बग्यो, आज पनि बग्यो
तर पानीसँगै आज धेरथोक बग्यो
आज कोसीसँगै धेरथोक बग्यो...!

मानिसको जीवन बग्यो, नाता बग्यो
श्रम पसिनाले लिपेको घरबार बग्यो
किनारै छोपेर बस्ती हुँदै बाढी बग्यो
हिसाब छैन, बाँच्नेको आँसु कति बग्यो बग्यो
कोसी बग्यो...
डाँडाकाडाँ सबतिर नमिठो चित्कार बग्यो
गिन्ती भएन, बाढीसँगै कति सपना बग्यो
शून्य पारेर सिङ्गो धरा मूर्दा सन्नाटा मात्र बग्यो
खुसी बढारेर जताततै सन्त्रासका आँधी बग्यो !

...बग्यो कोसी बग्यो
बग्यो कोसी बग्यो, आज पनि बग्यो
तर पानीसँगै आज धेरथोक बग्यो
आज कोसीसँगै धेरथोक बग्यो...!

'अविच्छिन्न प्रकाशित
भइरहेको साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

# भोटेकोसी उर्लिंदा बगेका सपना र बाँचेको रसुवा : विनाशको पीडाबाट पुनर्निर्माण र पुनरुत्थानतर्फ

❖ उद्धवराज अवस्थी

रसुवा प्राकृतिक सौन्दर्यले भरिपूर्ण हिमाली जिल्ला भए पनि बाढी, पहिरो र नदीकटानका दृष्टिले सधैँ संवेदनशील मानिन्छ तर यसपटक भोटेकोसीतटीय क्षेत्रमा आएको भीषण बाढी विगतका सामान्य प्राकृतिक प्रकोपभन्दा निकै भिन्न, अप्रत्याशित र भयानक देखियो ! भोटेकोसी त्यस दिन केवल आफ्नो नियमित बहावमा बगेन; उसले एउटा सिङ्गो भूगोल बगायो, नागरिकका वर्षौंदेखिका सपना बगायो, परिवारका प्रिय सदस्यहरू बगायो र जीविकोपार्जनका सम्पूर्ण आधारहरू विनाश गर्दै रसुवाको सामाजिक-आर्थिक जीवनमा कहिल्यै नमेटिने गहिरो घाउ छोड्यो ! बाढीको वेग र बहाव यति तीव्र थियो कि धेरै मानिसले आफूलाई सम्हाल्ने, घरबाट निस्कने वा सुरक्षित स्थानतर्फ भाग्ने साधारण अवसर समेत पाएनन् । यस विपत्मा दुई प्रकारका अवस्था देखिए । कि त मानिसहरूले ज्यान गुमाए र बेपत्ता भए, कि त आफन्तहरू गुमाए तापनि आफू भने पूर्ण रूपमा जोगिन सफल भए । घाइते हुनेहरूको सङ्ख्या निकै कम हुनुले नै यसको विनाशकारिताको स्तर र विपत्को प्रकारलाई स्पष्ट पार्छ ।

**१. अनिश्चितताको पीडा र मानव पुँजीमा अपूरणीय क्षति**

यस विपत्को सबैभन्दा पीडादायी पक्ष मानवीय क्षति र बेपत्ता परिवारको अनिश्चितता हो । प्रियजनको शवसमेत नभेटिएका परिवारका लागि प्रत्येक दिन आशा र निराशाबिचको एउटा कष्टकर प्रतीक्षा बनेको छ । बेपत्ता हुनु केवल एउटा व्यक्ति हराउनु मात्र होइन; सिङ्गो परिवारको भविष्य, सहारा र भावनात्मक संसार नै अनिश्चिततामा बिलाउनु हो ।

यस बाढीले रसुवाको उत्पादनशील उमेरका ऊर्जाशील युवाहरूलाई खोसेको छ । बेपत्तामध्ये कोही परिवारका मुख्य कमाउने व्यक्ति थिए, त कोही स्थानीय व्यापार, यातायात, निर्माण, पर्यटन र कृषिजस्ता आर्थिक गतिविधिमा सक्रिय थिए । एउटा युवा गुम्दा परिवारले आफ्नो मूल आर्थिक खम्बा गुमाउँछ; आमाबाबुले सन्तान, श्रीमान् वा श्रीमतीले जीवनसाथी र बालबालिकाले अभिभावक गुमाउँछन् तर यसको बृहत् असर जिल्लाको अर्थतन्त्र र सामजिक सन्तुलनमा पर्छ । रसुवाले आफ्नो उत्पादनशील श्रमशक्ति, भविष्यको नेतृत्व र आर्थिक सम्भावनाको ठुलो हिस्सा गुमाएको छ त्यसैले रसुवाको पुनर्निर्माण गर्दा भौतिक संरचनाको क्षतिलाई मात्र होइन, मानव पुँजीमा परेको यो गहिरो क्षतिलाई समेत केन्द्रमा राख्नुपर्छ ।

**२. पूर्वाधार विनाश, विच्छेदित सम्बन्ध र बालबालिकाको जोखिम**

हिमाली भूगोलमा सडक र पुल केवल यातायातका माध्यम मात्र होइनन्, यी त स्थानीय जनजीवनका जीवनरेखा हुन् । बाढीले सडक, पुल, खानेपानी, विद्युत् र सञ्चारजस्ता अत्यावश्यक महत्वपूर्ण पूर्वाधारहरू ध्वस्त बनाएको छ । सडक र पुल बग्दा बस्ती, बजार, स्वास्थ्य सेवा, शिक्षा र

प्रशासनिक पहुँचसँगको सम्बन्ध पूर्णरूपमा विच्छेद भएको छ। यसले गर्दा राहत र उद्धार कार्य कठिन बनेको छ भने बिरामीहरूलाई अस्पताल पुर्‍याउन र स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन असम्भवप्रायः बनेको छ।

विद्यालयहरूको क्षति झनै संवेदनशील विषय हो । विद्यालय बन्द हुनु भनेको बालबालिकाको दैनिक पढाइ रोकिनु मात्र होइन; उनीहरूको नियमित जीवन, सुरक्षा र मानसिक विकासमा गम्भीर असर पर्नु हो । विशेषगरी आफ्ना आमाबाबु वा अभिभावक गुमाएका बालबालिकाहरू अहिले सबैभन्दा बढी जोखिममा छन् । उनीहरूलाई तत्काल सुरक्षित आवास, पोषण, शिक्षा, संरक्षण र निरन्तर मनोसामाजिक सहयोग आवश्यक छ। यी बालबालिकाहरू बालश्रम, शोषण, हिंसा वा विद्यालय छाड्ने जोखिममा नपरुन् भन्ने सुनिश्चित गर्नु राज्य र नागरिक समाजको संयुक्त दायित्व हो।

**३. जीविकाको सर्वस्व विनाश र अदृश्य मानसिक चोट**

धेरै परिवारले घरसँगै अन्न, पशुधन, खेतीयोग्य जमिन, पसल, औजार र व्यावसायिक सामग्रीहरू एकैपटक गुमाएका छन् । अर्थात् उनीहरूले ओतलाग्ने छानो र पेटपाल्ने आधार दुवै गुमाएका छन् । तत्कालीन रूपमा दिइने राहतले आजको भोक मेटाउन सक्छ, अस्थायी त्रिपाल वा टहराले केही समयका लागि ओत दिनसक्छ तर गुमेको जीविका र रोजगारी तुरुन्तै फर्कन सक्दैन त्यसैले पुनरुत्थानको योजना केवल खाद्यान्न वितरणमा सीमित नभई प्रभावितहरूलाई पुनः आत्मनिर्भर बनाउने सिप, उद्यमशीलता, साना व्यवसाय र स्थानीय बजारसँग जोड्ने किसिमको हुनुपर्छ।

भौतिक क्षति आँखाले देख्न सकिन्छ तर बाढीबाट बाँचेका मानिसहरूको मनमा लागेको घाउ अदृश्य र निकै गहिरो छ । आँखाअगाडि प्रियजन बगेको हृदयविदारक दृश्य, रातभरको त्रास, घर भत्किएको भयानक आबाज र बेपत्ता आफन्तको निरन्तर प्रतीक्षाले मानिसहरूलाई गहिरो मानसिक आघातमा धकेलेको छ त्यसैले मनोसामाजिक सहयोगलाई राहतका अतिरिक्त कार्यक्रमका रूपमा होइन, पुनर्स्थापनाको अनिवार्य र अभिन्न अङ्ग बनाउनुपर्छ। मानिसलाई बस्नका लागि घर बनाइदिनु जति आवश्यक छ, त्यो घरभित्र फेरि ढुक्कले जिउनसक्ने मानसिक वातावरण बनाइनु उत्तिकै महत्त्वपूर्ण छ।

**४. सुरक्षित, समावेशी पुनर्निर्माण र अबको दिशा**

अबको पुनर्निर्माण केवल इँटा, ढुंगा, सिमेन्ट र फलामको संरचना खडा गर्नु मात्र हुनुहुँदैन । यो मानिसको जीवन, जीविका, शिक्षा, सामाजिक सम्बन्ध, आत्मविश्वास र उज्ज्वल भविष्यको पुनर्निर्माण हुनुपर्छ। जोखिमयुक्त नदीकिनार वा असुरक्षित भूगोलमा फेरि उही पुरानै ढाँचामा बस्ती बसाउनु अर्को विपत्‌लाई निम्तो दिनुसरह हुने छ त्यसैले वैज्ञानिक जोखिम मूल्याङ्कनका आधारमा सुरक्षित स्थानमा एकीकृत बस्ती विकास र विपत्‌प्रतिरोधी पूर्वाधार निर्माण गरिनुपर्छ।

नयाँ सडक, पुल, विद्यालय र स्वास्थ्य संस्था निर्माण गर्दा भविष्यका जलवायु जोखिमहरूलाई समेत ध्यानमा राख्नुपर्छ । पुनर्निर्माणको यो प्रक्रियामा स्थानीय युवाहरूलाई रोजगारी, सिपमूलक तालिम र नेतृत्वको अवसर दिइनुपर्छ, जसले भौतिक निर्माणसँगै स्थानीय अर्थतन्त्रलाई पनि पुनर्जीवित गर्न मद्दत पुर्‍याउँछ। प्रभावित समुदायलाई केवल दयाका पात्र वा सहायता प्राप्त गर्ने लाभग्राहीका रूपमा होइन, आफ्नै

भविष्य निर्माण गर्ने सक्रिय साझेदारका रूपमा स्वीकार गरिनुपर्छ ।

**राहतबाट दिगो पुनरुत्थानसम्म**

रसुवाको यो विशाल क्षतिलाई पुनः पूर्ववत अवस्थामा ल्याउनु कुनै एक संस्था वा सरकारको एक्लो प्रयासले सम्भव छैन । यसका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकार, सुरक्षा निकाय, विकास साझेदार, नागरिक समाज, निजी क्षेत्र र स्थानीय समुदायबीच मजबुत सहकार्य आवश्यक छ । वास्तविक क्षति तथा आवश्यकता मूल्याङ्कनका आधारमा आवास, शिक्षा, स्वास्थ्य, बाल संरक्षण, मनोसामाजिक परामर्श र जीविकोपार्जनलाई एउटै एकीकृत पुनरुत्थान योजनामा जोडेर लैजानुपर्छ । आजको राहतले जीवन जोगाउँछ तर भोलिको सही पुनर्निर्माणले मात्र मानिसलाई फेरि खुट्टामा उभ्याउँछ ।

भोटेकोसीले धेरै कुरा बगाएर लग्यो । केही मानिस कहिल्यै नफर्कने गरी टाढा भए र धेरै परिवारका घाउहरू लामो समयसम्म निको हुने छैनन् तर पीडालाई केवल आँसुमा सीमित नराखी त्यसैबाट नयाँ सङ्कल्प जन्माउनुपरेको छ । अब रसुवामा घर मात्र होइन, सुरक्षित आवास बन्नुपर्छ; विद्यालय मात्र होइन, बालबालिकाको भविष्य सुनिश्चित हुनुपर्छ; सडक मात्र होइन, टुटेका सामाजिक सम्बन्धहरू जोडिनुपर्छ । भोटेकोसीको प्राकृतिक शक्ति रोक्न नसकिए पनि अर्को विपत् आउँदा मानिससँग पर्याप्त सूचना, पूर्वतयारी र सुरक्षित ठाउँ होस् भन्ने क्षमता विकास गर्नु नै आजको मुख्य आवश्यकता हो । भोटेकोसीले धनजन बगाए पनि रसुवाको साहस बगाउन सकेको छैन, रसुवा ढलेको छ तर सकिएको छैन; रसुवा फेरि उठ्ने छ ।

Team Lead
Karnali Integrated Rural Development and Research Center (KIRDARC) Nepal.
रसुवा, नुवाकोट, धादिङ ।

## ❑ गीत



❖ लीलाराज दाहाल

विपत्तिमा साथ दिऊँ, गोडा नतानौँ
काँधमा काँध मिलाऊँ, हात नबाधौँ !

कत्तिको ज्यान गयो, कति बेघर भए
बालबच्चा अलपत्र कता के के भए
सबै मिली उद्धार गरौँ धर्म यही हो
आपतविपत सबैलाई पर्ने यस्तै हो
विपत्तिमा .....

आँसुमय जिन्दगी कस्तो कसैको
हेर्दाहेर्दै बगर भो आँगन कसैको
खाने बस्ने सबै कुरा लग्यो बाढीले
सकेजति धन मनले सघाऊँ सबैले
विपत्तिमा ....

*बागमती ११, कर्मैया, सर्लाही ।*

# बाँच्नेहरूको बयान



❖ आर. एल. श्रमजीवी

कहिलेकाहीँ लाग्छ–म बाँचेको होइन, मृत्युले मलाई दुई मिनेटका लागि छोडिदिएको हो । त्यो दिन म दुई मिनेटले बाँचेँ । मभन्दा दुई मिनेटअघि गएका मेरा कतिपय साथीहरू भने आज यो संसारमा छैनन् त्यसैले जब कसैले मलाई भन्छ, 'तपाईं त बाँच्नुभयो नि, भाग्यमानी हुनुहुँदो रहेछ ।' म मुस्कुराउन सक्दिनँ किनकि मेरो बचाइसँगै धेरै साथीहरूको मृत्यु जोडिएको छ। म एक्लै फर्किएको छु। उनीहरू फर्किएनन् । आज पनि त्यो दिन सम्झँदा म झस्किन्छु । आँखा बन्द गर्छु–त्यही दृश्य आउँछ। बादलको बिचबाट रातो धुवाँजस्तो केही तल झरिरहेको थियो । पहिला त के हो, बुझिनँ। एक छिनपछि थाहा भयो– त्यो धुवाँ थिएन। त्यो पानी थियो। हिउँ थियो । ढुङ्गा थियो । माटो थियो । सिङ्गो पहाड थियो र त्यो सबैभन्दा ठुलो कुरा–त्यो मृत्यु थियो ।

म रसुवाको माथिल्लो त्रिशूली जलविद्युत् आयोजनामा सेफ्टी सुपरभाइजरका रूपमा काम गर्थें । विगत २९ महिनादेखि त्यहीं थिएँ । त्यो बिहान पनि अरू बिहानजस्तै थियो । मानिसहरू उठिरहेका थिए । कोही ड्यूटी सकेर फर्किएका थिए। कोही सुतिरहेका थिए। कोही चिया पकाउँदै थिए। कोही घरमा फोन गर्ने तयारीमा थिए । कोही भोलिका योजना बनाउँदै थिए। कसैलाई थाहा थिएन– अब केही मिनेटपछि यी सबै योजना, सपना र आबाजहरू एउटा भेलले बगाउँदै छ । म सडक निर्माणको काम बिग्रिएको अवस्था हेर्न माथितिर गएको थिएँ । फोटो खिचेँ । अफिसमा पठाएँ अनि फर्किएँ। भोटेकोसीको पुल तरेर आउँदै थिएँ। त्यही वेला माथिबाट सिठ्ठी बज्यो। एकपटक फेरि, फेरि...।

सिठ्ठीमा यस्तो त्रास थियो, जस्तो कसैले शब्दले भन्नसकेको कुरा हावामार्फत चिच्याइरहेको होस् । म रोकिएँ । माथितिर हेरेँ, र त्यसपछि मेरोअगाडि मृत्यु दौडिरहेको थियो । मसँग सोच्ने समय थिएन । पछाडि फर्किने समय थिएन। आफ्नो परिवार सम्झिने समयसमेत थिएन । म केवल दौडिएँ । घाँस समातेँ । बुट्यान समातेँ । भिर चढेँ । लडेँ । फेरि उठेँ। फेरि दौडिएँ। मसँगै अरू साथीहरू पनि भागिरहेका थिए। कसैको चप्पल छुट्यो। कसैको लुगा च्यातियो । कसैको खुट्टाबाट रगत आयो तर कसैले रोकिएर हेरेन किनकि पछाडि मृत्यु थियो । करिब पाँच घण्टापछि हामी गोगनेतिरको गाउँ पुग्यौं । शरीर थाकेर गलिसकेको थियो तर त्यति वेला शरीरको पीडा ठुलो थिएन। मनको पीडा ठुलो थियो। 'तल के भयो होला ?' यही प्रश्नले भित्रभित्रै खाइरहेको थियो ।

केही बेरपछि बाढी अलिकति थामियो । मैले तल हेरेँ तर मेरो आँखाले देखेको कुरा स्वीकार गर्नसकेन । हाम्रो क्याम्प थिएन । केही बेरअघिसम्म सयौं मानिसको आबाजले भरिएको ठाउँमा अब केवल भेल गर्जिरहेको

थियो । क्याम्पको नामोनिसान थिएन ! त्यहाँ मानिस थिए । हाम्रा साथी थिए । हाम्रा सपनाहरू थिए । हाम्रो पसिना थियो । हाम्रो भोलि थियो तर एक मिनेटभित्र सबै गायब भयो । एक मिनेट, केवल एक मिनेट । त्यो दिन बुझेँ– मानिसको जीवन सकिन एक मिनेट नै पर्याप्त हुँदो रहेछ र त्यो एक मिनेटभित्र कसैलाई आमाको काख सम्झिन पनि समय नदिइँदो रहेछ । कसैलाई श्रीमतीको अनुहार हेर्न पनि समय नदिइँदो रहेछ । कसैलाई छोराछोरीको नाम पुकार्न पनि समय नदिइँदो रहेछ । कसैलाई 'म तिमीलाई माया गर्छु' भन्न पनि समय नदिइँदो रहेछ !

हामी मान्छे खोजिरहेका थियौँ । आबाज खोजिरहेका थियौँ । फोन गरिरहेका थियौँ तर फोनहरू मौन थिए । ५०-५१ जना सहकर्मी र कोरियन म्यानेजरहरू सम्पर्कविहीन थिए । कसैको फोन बज्थ्यो तर उठाउने मान्छे थिएन । मेरो मनले भने एउटा नाम मात्र खोजिरहेको थियो–अजय । मेरो पल्लो कोठामा सुत्ने साथी । जनकपुरको मान्छे । सँगै खाना खाने, सँगै हाँस्ने, सुखका कुरा गर्ने, दुःखका कुरा गर्ने कहिलेकाहीँ घरका कुरा गर्दै रात काट्ने । मलाई लागिरह्यो, 'अजय कतै सुरक्षित होला ।' 'आइहाल्छ ।' सायद फोन गर्ननसकेको मात्र हो' तर आज छ दिन भइसक्यो । अजय आएको छैन । उसको फोन आएको छैन । उसको कुनै खबर आएको छैन तर मेरो मन अझै पनि उसलाई मृत स्वीकार गर्न तयार छैन । सायद साथीलाई मृत्युले लगे पनि मनले उसलाई मर्न दिँदैन रहेछ । आज पनि कहिलेकाहीँ लाग्छ– ढोका खुल्छ । अजय भित्र पस्छ अनि भन्छ, 'के भयो यार ? किन यति चिन्तित भएको ?' तर ढोका खुल्दैन । आबाज आउँदैन । अजय आउँदैन । त्यसपछि आँसु आउँछ । त्यो दिन बगेको भेलभन्दा तीव्र ।

हामी तिरुबाट तल झर्‍यौँ । रुँदै, कराउँदै, कसैको नाम पुकार्दै । तीन घण्टा ओरालो झरेपछि मैलुङ खोला हाइड्रोको हेलिप्याड पुग्यौँ । भनिएको थियो–त्यहाँ सुरक्षित छ तर त्यहाँ पुगेपछि महसुस भयो– शरीर मात्र सुरक्षित रहेछ । मन कहाँ सुरक्षित थियो र ? फोन थिएन । इन्टरनेट थिएन । घरमा खबर पठाउने बाटो थिएन । त्यति वेला सम्झिएँ– घरमा परिवारले मेरो प्रतीक्षा गरिरहेका होलान् । फोन नलाग्दा उनीहरूले कतिपटक मेरो नम्बर हेरे होलान् ? कतिपटक फोन गरे होलान् ? कतिपटक मोबाइलको स्क्रिन हेरे होलान् ? सायद उनीहरूको मनमा एउटै प्रश्न थियो–हाम्रो मान्छे बाँचेको छ कि छैन ?' तर उनीहरूलाई कसरी थाहा होस्–म बाँचेको थिएँ तर मेरो छेउमा सुत्ने साथी बाँचेको थिएन ! मेरोवरिपरिका धेरै आबाजहरू बाँचेका थिएनन् । मेरो काम गर्ने ठाउँ बाँचेको थिएन । मेरो हिजो बाँचेको थिएन ।

छब्बिस घण्टा त्यसरी नै बित्यो । न राम्रोसँग सुत्न सकियो न खाना खान सकियो । जसोतसो रासन जुटाएर खाना पकाइयो । अगाडि भात थियो तर घाँटीमा अड्किएको थियो साथीहरूको सम्झना । आँसु पुछ्दै तीन-चार गाँस निल्यौँ । फेरि कसैको नाम सम्झियौँ फेरि आँसु आयो । बाहिर पहाड हल्लिरहेको थियो । माथिबाट ढुङ्गा खसिरहेका थिए । बाढीबाट त बचेर आइयो अब ढुङ्गाले थिचेर मरिन्छ कि भन्ने डर । त्यो रात मैले पहिलोपटक बुझेँ– मृत्यु एउटै अनुहार लिएर आउँदैन रहेछ । कहिले पानी भएर आउँछ, कहिले पहाड भएर, कहिले ढुङ्गा भएर, कहिले निद्रामा आउँछ र कहिलेकाहीँ–साथीको नाम भएर आउँछ । अजय ! आज पनि उसको नाम सुन्दा मेरो

मन थर्किन्छ । त्यो भेलले उसको शरीर कहाँ लग्यो, थाहा छैन ! उसको अन्तिम क्षण कस्तो थियो, थाहा छैन ! उसले कसलाई सम्झियो, थाहा छैन ! उसले 'आमा' भन्यो कि 'घर' भन्यो कि 'बचाऊ' भन्यो–कुनै कुरा थाहा छैन ! तर म एउटा कुरा जान्दछु–उसको मृत्युले मेरो जीवन बदलिदिएको छ । म बाँचेर फर्किएको छु तर पहिलेको मान्छे भएर फर्किएको छैन । मेरो शरीर यहाँ छ तर मेरो मन अझै त्यहीँ छ। त्यही भेलको छेउमा । त्यही भिरमा । त्यही क्याम्पमा । तिनै साथीहरूको बिचमा । त्यसैले यो मेरो मात्र कथा होइन । यो ती सबैको कथा हो– जो बाँच्न सकेनन् र ती सबैको पनि कथा हो– जो बाँचे, तर आफ्ना मान्छेहरू गुमाएर बाँचे किनकि कहिलेकाहीँ मृत्यु हुनेहरू मात्र मर्दैनन् । केही मृत्यु बाँच्नेहरूको मनभित्र पनि बस्छ र जीवनभर बिस्तारै मारिरहन्छ ।

म दुई मिनेटले बाँचेँ तर ती दुई मिनेटको ऋण लिएर बाँचेको छु । सायद जीवनभर तिर्नसक्ने ऋण ! त्यसैले कसैले फेरि मलाई 'भाग्यमानी' नभन्नुहोस् । म भाग्यमानी होइन । म त केवल मृत्युको भेलबाट फर्किएको एउटा साक्षी हुँ । एउटा बाँच्ने मान्छे । मेरो बयान सुन्दा यदि तपाईंको आँखामा आँसु आउँछ भने सम्झनुहोस् त्यो आँसु मेरो मात्र होइन । त्यो त त्यही भेलमा हराएका सबै साथीहरूको सम्झनाको आँसु हो ।

(यो सत्य कथा हो एक सैनिकले क्यामरासामु बताएका धेरै शारीरिक भाषामा र थोरै शब्दमा बोलेर भनेका कुरा मैले शब्दमा उतारेको मात्र हुँ । कृपया यो कथा उहाँसम्म पुगोस् म वा शब्द संयोजन टिमले भेट्न पाओस् । यी र यस्तै कथा भदौ १० भोगेका ती सबैका धेरै कथा कति हुनसक्छन् । मरेकाहरूको कथा त जीवनसँगै अन्त्य भइसकेको छ । )

*लन्डन, बेलायत ।*

## ❑ गजल



❖ **पारू अर्याल नेपाल**

प्रलय आएर सिंगो भूगोल हरायो
बिचरो नदी पनि झन् आफैँ डरायो ।

आँसु उपहार दिएर अचानक ओहो !
किन होला दैवले यो संसार हँसायो ?

प्रसन्न नै थिए मानिस नदीकिनारमा
क्षणभरमैँ सारा संसार शून्य बनायो ।

सपना थिए अनेकौँ त्यहाँ बस्नेका
आकार ग्रहण नगर्दै सबै बगायो !

पहिचान हुनै सकेन शवहरूको
कोही कता पुगे कोही कतै दबायो !

*भरतपुर, चितवन ।*

❑ विलोम लघुकथा

# # बाढी



❖ **दीपक लोहनी**

म घर फर्कदै थिएँ । बाटोमा एक्कासि बाढीसँग जम्काभेट भयो । उसले नै मलाई 'नमस्कार दीपकजी' भन्यो ।

म फटाफट हिँडिरहेको थिएँ । मनसुनी वातावरण थियो । म छाताभित्र सुरक्षित महसुस गरिरहेको थिएँ ।

'कता हिँडेको ?' उसले सोध्यो ।

म तर्सिएँ । बाटोभन्दा अलि अग्लो ढिस्कोमा झटपट उक्लिएँ । हेरेँ । बाढी बाटोबाटै आइरहेको थियो । 'नमस्कार दीपकजी ।' 'कता हिँडेको ?' उसले पुनः भन्यो ।

म साँच्चै तर्सिएँ । 'न तर्सनुस् । म तपाईंको सुन्दर बस्ती घुम्दै आएको हुँ ।'

मलाई झन् डर लाग्यो । डराउँदै उसलाई नियालेँ ।

# बाढीले घरका थाम र पिलरहरू बगाएर ल्याएको थियो ।
# झ्याल र ढोकाहरू बाढीसँगै बग्दै थिए ।
# भकारी र फ्रिजहरू डुब्दै उत्रँदै बगिरहेका थिए ।
# चौपाया र सबारीसाधनहरू बाढीभित्र थिए ।
# स्कुल र हेल्थपोस्टका होर्डिङ बोर्ड बाढीमै थिए ।
# मन्दिर, गुम्बा, मस्जिद र चर्जहरू बाढीमा छिन्नभिन्न थिए ।
# भर्खर रोपाइँ सकेका खेत र तरकारीबारी बाढीसँगै थिए ।
# रुख र मान्छेहरू तैरिँदै बगिरहेका थिए ।

मैले बाढीलाई अझै नियालेँ । सर्वस्व बगाउनसक्ने बाढीले बस्तीको दुःखलाई चाहिँ बगाउनै सकेनछ

हरे !

*कुरिलो घर, काठमाडौँ ।*

# इच्छाशक्ति

❖ **कपिल लामिछाने**

काले नदीको उर्लिंदो भेलबाट पाखातिर लाग्यो । सुँसुँ गर्दै पँगौटे बगरमा यता र उति कुदिरह्यो । एक ठाउँमा पुगेर ऊ टक्क अडियो र त्यहीँ खोस्रिन थाल्यो । जति खोस्रे पनि लेदोले खाल्डो तुरुन्तै भरियो । उसले चारैतिर नियाल्यो ।

नारायणीमा अझै बडा बडा छाल उर्लिंदै थिए । चौबिसै घन्टा सावारीसाधनको लस्कर लाग्ने नारायणीको पुल सुनसान थियो । मानिसहरू नदीको किनारदेखि परैबाट अपलक हेरिरहेका थिए । केही मानिसहरू ज्यानको बाजी लगाएर भेलबाट छेउ लागेका मुढा, दाउरा, सिलिन्डर आदि बटुल्दै थिए । कोही लासका गला, नाक, कानबाट सुन थुत्दै थिए ।

उसले पर नारङ्गी रङको जाकेट लगाएका चारपाँच जना मानिसहरू देख्यो । ऊ दौडेर त्यहीँ पुग्यो र पैन्टमा मुखले समातेर तान्यो अनि आफूले अघि खोस्रेको ठाउँतिर दौडियो ।

उद्धारटोली उसको पछि लागेर त्यहीँ पुग्यो । उसले अघिको ठउँमा फेरि खोस्रियो । उद्धारकर्मीहरूले गैँचा, बेल्चा आदि औजारका सहायताले खोस्रिँदै गए । धेरैबेरको प्रयासपछि एउटा ठुलो रुखको हाँगाले अँठिएको अवस्थामा एक शव भेटियो ।

अनुहार चिन्नसकिने अवस्थामा थिएन । शव पहिचान गर्न फाटेको पैन्टको गोजी छामे । पर्स भेटियो । पर्समा नागरिकताको परिचयपत्र भेटियो । लेखिएको थियो - नाम - समन गजुरेल, जिल्ला - रसुवा, गापा - उत्तरगया, वडा नं- ५, टोल - लहरेपौवा ... ।

काले शवको मुख सुँघिरहेको थियो ।

❑ **गजल**



❖ **मिथोच**

अभिशप्त लास कति कति
पुरिएका रास कति कति !
घर बगायो जन बगायो
उठायो वास कति कति !
बेत्रावती पर्खी बसेको छ
उद्धारको आश कति कति !
बेपत्ता छन् साना नानीहरू
आमाविना उदास कति कति !
न त कात्रो छ न मलामी छ
कठै ! मृत्यु त्रास कति कति !

*पाँचथर, हाल काठमाडौँ ।*

# बाढी-पहिरो



❖ **अरुणबहादुर खत्री 'नदी'**

मनिता लोकसेवा आयोगको परीक्षामा नाम निकालेर रसुवामा पदस्थापना भएर जागिर खान पुगिन् । रसुवामा उनले जिल्ला प्रशासन कार्यालयमा काम गर्न थालिन् । जनताको ठुलो सेवा गरिन् ।

उनका श्रीमान् रामप्रसाद नेपाली सेनामा भर्ती भएर डोल्पा जिल्लामा छोराछोरीलाई काठमाडौँमा एउटा घरमा डेरा मिलाएर पुगेका थिए । छोराछोरी काठमाडौँको सरकारी विद्यालयमा पढ्दथे । छोरा नौ कक्षामा र छोरी सात कक्षामा पढ्दथे । रसुवामा चीनको तिब्बतबाट नदी बगेर ठुलो बाढी आएपछि मनिता वेपत्ता भइन् । मनिता वेपत्ता भएको खबर उनको परिवारले थाहा पाएपछि उनको परिवारलाई ठुलो चिन्ता लाग्यो । उनको परिवारलाई ठुलो चिन्ता लागेपछि खाना पनि रुच्न छाड्यो ।

उनको श्रीमान्ले भगवानसँग प्रार्थना गरेर मेरी श्रीमतीलाई केही पनि नहोस् भनेर प्रार्थना गर्न थाल्यो र छोराछोरीले हाम्री आमा छिटै भेटियुन् भनेर भगवानसँग प्रार्थना गर्नथाले । छोराछोरीले काठमाडौँको पशुपतिनाथको मन्दिरमा पुगेर हाम्री आमा छिटै फेला परुन् भनेर मनमनै प्रार्थना गरे ।

एक हप्तापछि मनिताको लास रसुवाको नदीमा फेला पऱ्यो । लास फेला परेपछि उनका श्रीमान् र छोराछोरी डाको छाडेर रुनथाले । यो जुनीमा हामीले के पाप गरेका थियौँ र हाम्रो परिवारकी आमालाई नदीले बगाएर लगेको भनेर छोराछोरी र श्रीमान्ले रुँदै भने ।

उनीहरूलाई चिन्ने मान्छेले नरुनुस्, जन्मेपछि एक दिन हामी सबै मर्नै पर्छ, हामी पनि सधैँ बाँच्न सक्दैनौँ भनेर सान्त्वना दिए ।

*बुढानीलकण्ठ ४, पासिकोट, उज्यालोवस्ती, काठमाडौँ ।*

❑ **गजल**



❖ **रमेश प्रभात**

गाउँभित्रै नदी पस्यो एकाबिहानै
घरगोठ सबै ढल्यो एकाबिहानै ।
थाहा पत्तो पाइएन आयो अचानक
डाँडाबाट के पो झऱ्यो एकाबिहानै ?
यस्तो खाले विपत्ति खै आयो कसरी ?
वरिपरि पुरै सक्यो एकाबिहानै !
सम्म ठाउँ खोज्दै थियौँ मिल्यो दोभान,
भएजति सबै बग्यो एकाबिहानै !
सम्पर्कमा छैनन् उनी बाँचेँ म मात्रै
मेरो जीवन नर्क बन्यो एकाबिहानै !

*चितवन ।*

❑ लघुकथा

# आमा

❖ मधुसुदन पाण्डेय

रातको बार बजिसकेको थियो । सहर निदाइसकेको थियो तर रमेशको आँखामा निद्रा थिएन । झ्यालबाहिर हेर्दा सडक सुनसान देखिन्थ्यो । यदाकदा गुड्ने गाडीको आवाज आउँथ्यो र फेरि चारैतिर शून्यता छाउँथ्यो । उसले मोबाइल खोल्यो । आमाको नम्बर अझै त्यहीं थियो । कन्ट्याक्ट नम्बरमा 'आमा' लेखेर सेभ गरेको थियो उसले । फोन गर्नखोज्यो तर औंला स्क्रिनमै रोकियो । 'आमा ! हजुरलाई आज धेरै सम्झिएँ ।' उसले मनमनै भन्यो ।

तीन दिनअघि मात्रै यही रात आमाले अन्तिमपटक गाउँबाट भनेकी थिइन्, "छोरा ! म थाकिसकें तेरो आउने बाटो हेर्दाहेर्दै । तँलाई मेरो माया लाग्दैन ? लाग्छ भने घर फर्किहाल । खानबस्न त भगवान्ले पुराइदिएकै छन् नि ।"

त्यति वेला उसले हाँस्दै जवाफ दिएको थियो, "अहिल्यै कहाँ फर्किनु र आमा ? मेरो सपना धेरै ठुलो छ । हजुरको मायां पनि अपार लाग्छ नि लाग्न त ।"

उसको सपना त एक किसिमले भन्ने हो भने पूरा भएकै छ । काठमाडौंमा ठुलो घर छ । आँगनमा महँगो गाडी छ । बैङ्क खातामा पैसा पनि राम्रैसँग बढ्दै गएको छ तर के गर्नु र खै ! आमा बाढी पहिरोको पनि प्यारी भइन् ! उनी अब यो संसारमा रहिनन् ।

रमेशले कोठाभरि नजर दौडायो । महँगा सोफा, ठुलो टेलिभिजन, चम्किला बत्ती सबै थिए । मोबाइलमा बैङ्कब्यालेन्स हेऱ्यो । पैसाको कुनै कमी थिएन । त्यहाँ कमी केवल एउटा कुराको थियो, त्यो हो आमाको आवाज ।

उसले मोबाइल बन्द गऱ्यो । आँखाबाट बररर आँसु झाऱ्यो । त्यस रात पहिलोपटक उसलाई महसुस भयो मान्छे कहिलेकाहीं सबै कुरा पाएर पनि कति खालि हुनसक्दो रहेछ ।

बिहान हुन अझै केही घण्टा बाँकी नै थियो तर रमेशका लागि त्यो रात कहिल्यै सकिएन ।

❑ कविता



❖ डा. अनन्त अर्याल

## मानव जीवन

अकल्पनीय
दुःखद
रौद्ररूपी प्रकृति
अनिश्चित
अमूल्य
क्षणभङ्गुर
मानव जीवन
यद्यपि
अहङ्कारी
लोभी
मानव मन !
झस्किन्छ
तर्सिन्छ
अनि फेरि बिर्सन्छ !

पुनः घुमिरहन्छ
उही चक्रमा
मानव जीवन !

# पानीमा थुनिएका मानिसहरू

❖ केदारनाथ सिंह
भारत

पानीमा थुनिएका मानिसहरू
प्रार्थना गर्दैनन्
उनीहरू पूर्ण विश्वासका साथ पानीलाई हेर्छन्
र एक दिन कुनै सूचना नदिई
खच्चड, गोरु वा भैँसीको पिठ्युँमा
घरगृहस्थीका सरसामान बोकाएर
लाग्छन् कतै अर्कै ठाउँतिर ।
यो कति आश्चर्यलाग्दो कुरा हो
कि बाढी जति नै खतरनाक भए पनि
उनीहरूले पानीभित्र
अलिकति ठाउँ अवश्य पाइहाल्छन्
अलिकति घाम
अलिकति आकाश
त्यसपछि उनीहरू गाडिदिन्छन् खम्बाहरू
झुन्ड्याइदिन्छन् बोराहरू
अड्काइदिन्छन् मुञ्जका डोरी र दरीलाई
पानीमा थुनिएका मानिसहरू
आफूसँग लिएर आउँछन् परालको गन्ध
उनीहरू लिएर आउँछन् आमका गेडाहरू
खालि टिन, भुटेका चना
उनीहरू लिएर आउँछन् चिलिम र आगो ।

फेरि बगिजान्छन् उनीहरूका गाईवस्तु
उनीहरूको पूजाको घण्टी बगिजान्छ
बगिजान्छ महावीरजीको आदमकदको मूर्ति
घरका कच्चा भित्ताहरू
भित्ताहरूमा बनेका हात्तीघोडाहरू
फूल-पातहरू
रेसमी लुगाहरू
सबै बगिजान्छन् ।
तर पानीमा थुनिएका मानिसहरू
गुनासो गर्दैनन्
उनीहरू हरहालतमा आफ्नो चिलिमको प्वालमा
कतै न कतै जोगाएर राख्छन्
अलिकति आगो
त्यसपछि डुबिहाल्छ घाम
कतैबाट आउँछन् पानीमाथि तैरिँदै
मानिस बोलेका तीव्र आबाजहरू
कतैबाट उठ्छ धुवाँ
रुखहरूमाथि मडारिँदै
र पानीमा थुनिएका मानिसहरू
बन्छन् अशान्त ।

उनीहरू बालिदिन्छन्
एउटा फुटेको लालटिन
झुन्ड्याइदिन्छन् कुनै अग्लो बाँसमा
कि उनीहरूको खबर
पानीको पारिसम्म पुगिरहोस्
फेरि त्यो मधुरो प्रकाशमा
पानीका आँखासित
आँखा जुधाउँदै
उनीहरू रातभर उभिइरहन्छन्
पानीको अगाडि
पानीतिर फर्केर
पानीका विरुद्ध ।
बस, उनीहरूभित्र
किनारको माटोको टुक्राजस्तो
हरेकपटक केही टुक्रिन्छ
हरेकपटक पानीमा केही खस्छ
छपाक...छपाक...!

अनुवाद : चन्द्र गुरुङ
धरान

# मेरो नाम लेखिदिनुहोस्

❖ **जेना अज्जम** (Zeina Azzam)

आमा !
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
कालो स्थायी मार्कर प्रयोग गर्नुहोस्
जसको मसी बग्दैन पानीले भिज्दा पनि
त्यो जो पग्लिदैन
घामको सम्पर्कमा आउँदा पनि ।
आमा !
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
रेखा मोटो र स्पष्ट बनाउनुहोस्
र तपाईंका विशेष फूलहरू थप्नुहोस्
कि मलाई सान्त्वना मिल्ने छ
सुत्न जाँदा मेरी आमाको हस्तलेखन देखेर ।
आमा !
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
मेरा दिदीबहिनी र भाइहरूको खुट्टामा पनि
यसरी हामी सँगै हुने छौं
यसरी हामी चिनिने छौं
तपाईंका छोराछोरीको रूपमा ।

आमा !
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
लेख्नुहोस् तपाईंको नाम पनि
र बाबाको नाम पनि
आफ्नो खुट्टामा
यसरी हामीलाई याद गरिने छ
एउटा परिवारको रूपमा ।
आमा !
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
कुनै नम्बरहरू नथप्नुहोस्
जस्तो कि
म कहिले जन्मिएकी थिएँ
या हाम्रो घरको ठेगाना
म चाहन्न
संसारले मलाई नम्बरको रूपमा
सूचीबद्ध गरोस्
मेरो नाम छ
म नम्बर होइन ।

आमा !
मेरो खुट्टामा मेरो नाम लेखिदिनुहोस्
जब हाम्रो घरमा बम पड्किन्छ
जब पर्खालहरूले हाम्रो खोपडी
र हड्डीहरू कुल्चल्छन्
खुट्टाले हाम्रो कथा बताउने छ
कसरी हाम्रोलागि
भाग्ने कुनै ठाउँ थिएन भनेर !

*अनुवाद : चन्द्र गुरुङ*
*धरान*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

***– शब्द-संयोजन परिवार***



❖ डा.सत्य प्रकाश तिवारी

# भोटेकोसीको दर्द

नदी उर्लियो, घर बगाएर लिएर गयो
भत्कियो गाउँको बाटो
आमाका आँखा आँसुले भिजे
छुट्यो आफ्नाको साथ
दुःखको यो घडीमा साथी
एकअर्कालाई थाम, सम्हाल ।
भारतले जब थाहा पायो अनि
मनदेखि नै हात बढायो
राहत लिएर दाजुभाइ आए
साइनोको दीप जलाए
सीमा केवल रेखा हो
हृदयको होइन पर्खाल
हिमालको उच्च शिखर
साक्षी छ यो सम्बन्धको
रोटी, आँसु, दर्द अनि ममता
सबैलाई नजिक बोलाएर
गङ्गा बोलिन्, हिमगिरि बोले
एउटा कथा भने
भारत-नेपाल भाइ भाइ,
दुःखमा साथ दिनू ।
आज भलै आँधी आओस्
भोलि फेरि फूल फुल्ने छन्
भत्किएका घरका सुनसान आँगनमा
फेरि बच्चाहरू भेटिने छन्
भारत-नेपाल प्रेमको गङ्गा
युग युग बगिरहने छ
एकआपसको यो भाइचारा
दुःखमा आशाको दीप बालौँ ।

*(सह प्राध्यापक एवम् विभागाध्यक्ष, हिन्दी विभाग, शिवपुर दीनबन्धु इस्टिट्युसन, हावड़ा, पश्चिम बङ्गाल, भारत ।)*

*हिन्दीबाट भावानुवादः सुमी लोहनी*
*भाटभटेनी काठमाडौं, नेपाल*



❖ गन वटरहाउस(Gunn Waterhouse), अमेरिका

# स्वर्गमा पुनर्जन्म

आज साँझको समय दियो बलिरहेको छ
स्वर्गमा एउटा ताराको जन्म भएको छ
धेरै टाढादेखि आएका उनीहरू
ब्रह्माण्डका बारेमा अल्मलिँदा-अल्मलिँदै
मृत्यु, हो यही मृत्युका कारण
दियोको टाढाको यात्रा सुरु भएको छ
तर अचम्म ! साँच्चिकै अचम्म !!
तिमी तिर्खा मेटाउनका लागि पानी खाऊ
अनि भोकका लागि हिलो-माटो
किनकि बढी कहिल्यै पनि प्रशस्त हुँदैन
मेरी छोरीको छाती छपनीले अँठिएको छ
उनी धेरै आत्माहरूसँगै हिँड्छिन्
जसलाई प्यारो स्वर्गको द्वारमा लगिएको छ
तिमी तयार होऊ जहिल्यै
जब जीवन यो अन्त्य हुन्छ जुन सत्य छ सबैलाई;
तिमीले सोचेको जे थियो त्यही भयो आज यो
खुसुक्क कानेखुसी गर्छन्
मेरो कानमा सृष्टिकर्ताले
उनले मलाई भन्छिन् ‘मलाई माया गरिएको छ’
स्वागत छ प्यारी नानी
यहाँ तिमी पवित्र आत्माहरूको बिचमा छौ ।

देवदूतहरूको बिचमा
अभिमन्त्रितहरूको बिचमा
यहाँ तिमी सबै दियाको, माया-ममताको
अनि दिव्य-ज्ञानको सामीप्यमा छौ ।
प्यारी छोरी, आराम गर
तिम्रो इच्छा पूरा गर्ने दिव्यभूमि यहीं नै छ ।

*अनुवादकः डा कृष्णप्रसाद पराजुली*

## ❑ गीत



### ❖ दिनेश अधिकारी

विपत्तिले भन्दैन - याँ' जान्छु म याँ' जान्न
अहिले जो जो सुखी छौं- कहिले रुन्छौं था' हुन्न
हिँड ! जाऊँ जे सक्छौं - मलमपट्टी लगाऊँ
असहाय जो जो छन् - तिनको हात समाऊँ !

पहाड झर मधेश, मधेश चढ पहाडमा
सबको आँसु उस्तै हो - गाउँ होस् कि सहरमा
पूर्व-पश्चिम यौटै हो - बाँच्ने इच्छा सबैको
मान्छेभन्दा माथिको नाता हुन्न कसैको !

बाँच्नुको अर्थ भनेकै - बाँड्नु हो खुसी हजारमा
सेवा नै ठुलो धर्म हो - नहिँडौं खोज्दै बजारमा
धर्ती - आकाश यौटै हो - टेक्ने, ओढ्ने सबैको
मर्दा सँगै जाँदैन - धन-सम्पत्ति कसैको !

## चारु

### ❖ अच्युत घिमिरे

नदी छेउछाउको बासले काम दिँदैन
लेदोबाट तानेको लासले काम दिँदैन ।

हो ! मान्छेमा घमण्ड बढेको छ दिनदिनै
कोहीले टेर्लान् भन्ने आसले काम दिँदैन ।

मानवता हराएको यो क्रूर समाजमा
नरम गतिको उकासले काम दिँदैन ।

सत्य बोल्नेको बेवास्ताले नपुगेर अझै
झुटो जोड दिने मिठासले काम दिँदैन ।

समय आफैँले पाठ सिकाउँछ मज्जाले
धैर्यविनाको इतिहासले काम दिँदैन ।

*सर्पाङ, भुटान ।*

## ❑ कविता



### ❖ रवि प्राञ्जल


# सिनु र मान्छे

सिनु गनाउँछ
मृत शरीरको सिनु
तर सिनु त्यति गनाउँदैन
जति गनाउँछ मान्छे
जिउँदै मरेको मान्छे
हर क्षण गनाउँछ डुङडुङ
मान्छेको बिचार गनाउँछ
मान्छेको चेतना गनाउँछ
मान्छेको विवेक गनाउँछ
तर मान्छे हुनुको अहङ्कारमा
डुङडुङ गनाइरहेको मान्छे
टाढिन नसकेर आफ्नै दुर्गन्धबाट
त्याग्न नसकेर दुर्गन्धका स्रोतहरू !

मान्छे
आफ्नै गन्ध पिएर बाँच्छ
मान्छे
जिउँदो सिनु बनेर बाँच्छ !

*काठमाडौँ*

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढनुहोस् ।



❖ प्रा. डा. हेमनाथ पौडेल

# भोटेकोसीको किनारबाट विश्वव्यापी प्रश्न !

त्यो बिहान
भोटेकोसीमा पानी मात्र कहाँ बग्यो र !
हिमालको पग्लँदै गरेको अङ्गारबाट
झऱ्यो एकै क्षणमा महाविपत् !
थाहा पाउँदा नपाउँदै
सपनाहरू भए भग्नावशेष
बजारहरू परिणत भए बगरमा
कन्टेनरहरू बगे खेलौनाझैँ
गाडीहरू घोप्टिए लासझैँ
र बाढीको पेमा बिलाए
हाम्रा फलामे सपनाहरू र अहङ्कार पनि ।

दोष भोटेकोसीको मात्र कहाँ थियो र ?
ऊ त केवल एउटा माध्यम थियो
पृथ्वीको तात्तिँदै गरेको सास
र हिमालको पग्लँदै गरेको आँसु बोक्ने ।
हामीले त सजिलै भनिदियौँ,
'प्राकृतिक विपत्ति' तर यो कुन प्रकृतिको
लीला थियो र ?
यो त पृथ्वीको कुना कुनामा बालिएका
लोभका भट्टीहरूबाट निस्किएको
धुवाँको हिसाब थियो ।
हामीले विकासका नाममा
संसारभर ठोकेका छौँ प्रकृतिको सासमा ताला
नापेका छौँ निलो आकाशलाई
नाफा र नोक्सानमा ।

दक्षिणका सहरदेखि उत्तरका हिउँसम्म
हामीले नाफाको पारो चढायौँ
अनि जब हिमाल पग्लिएर उर्लियो
हामीले नदीलाई 'निष्ठुर'को संज्ञा दियौँ ?
आज भोटेकोसीको किनारमा
न घर छ, न पुल, न सडक !
छन् त केवल माटोमुनि पुरिएका
केही नामहरू र शिविरको क्रन्दन !
शिविरको भिडमा आमा खोज्दै छिन्
सन्तानको अनुहार
बेपत्ताको सूचीमा बाबु सुम्सुम्याउँदै छन्
छोराछोरीको नाम
सुन्दैमा हेलिकप्टरको आबाज
श्रीमती आँगनतिर दौडिँदै छिन्
प्रियतम फर्के कि भनेर !

त्यो महाकालले चिनेन
कसैको बैङ्क ब्यालेन्स
चिनेन कसैको सत्ता, पद र भाषण !
भोटेकोसी त पहिले यति क्रूर थिएन
हामीले नै उसलाई प्रलय बन्न बाध्य पाऱ्यौँ ।
यो स्थानीय किनारको मात्र कथा होइन
यो त तात्तिएको पृथ्वीको
अन्तिम चेतावनी हो ।
यतिखेर भोटेकोसीको धमिलो पानीमा
मान्छे र ढुङ्गामाटो मात्र बगेका छैनन्
बगेको छ मानिसभित्र बाँकी रहेको विवेक पनि
र आज भोटेसीको किनारबाट
एउटा प्रश्न विश्वभर गुन्जिरहेछ,
'नदी साँच्चै उर्लिएको हो कि
मानिसको लोभले तात्तिएको पृथ्वी
प्रलय बनेर बगेको हो ?'



❖ मातृका पोखरेल

# रसुवा ! त्यस वेला म तिमीसँगै हुने छु

आँखाभरि भोलि बोकेर
जसरी बिहानको पहिलो घाम
हिमालको निधारमा आइपुग्छ
तिमी त्यसरी नै आउनू
अँध्यारोले छोपेका घरहरूको छानोमाथि
एउटा उज्यालो लिएर आउनू
रसुवा ! त्यसवेला म तिमीसँगै हुने छु ।
भोलि पनि बिर्सनुहुँदैन हामीले
आमाको काखबाट हराएका
बच्चाको आबाज
सुनाउनुपर्छ फेरि पनि
सधैँ सधैँ छेउमा
उसको हराएको घरको तस्बिर
राख्नुपर्छ साँचेर
बुढोबाबुको खालि आँगनमा
फर्केर आउने पाइतालाको आबाज
सँगसँगै राख्नुपर्छ
एक्लिएको विश्वासको छेउमा
अझै बाँकी रहेको
जीवन र सपनाको स्पर्श ।
यी सबैसबै राख्नुपर्छ
हामीले सजाउनु नै छ उजाड बगरहरूमा
फेरि अर्को वसन्त
रसुवा ! त्यस वेला म तिमीसँगै हुने छु ।
जीवनको आकाशमा निराशालाई भगाउनु छ
भोलि सबैरै
फेरि एउटा गाउँ बसाउनुपर्छ
फेरि एउटा भविष्य उठाउनुपर्छ
फेरि एउटा सभ्यता उठाउनुपर्छ
त्यस वेलासम्म हामीले
धैर्यताका बीजहरूले
आफ्नै घर, आँगनमा
विश्वास रोपिसक्नुपर्ने छ
ए चेतनाको वसन्ती मान्छे !
विश्वास नरोपी
बगरमा त्यसै उम्रिँदैन वसन्त
रसुवा ! त्यस वेला म तिमीसँगै हुने छु ।

*सल्लाघारी, भक्तपुर ।*

## चारू

❖ सीता शर्मा पन्थी

भोटेकोसी, रसुवा घटनाले केही लेख्न मन छैन
दुःख गरी गरी जोडेको पुँजी बाँकी केही धन छैन ।


मानवता हराउँदै गएको साँच्चै कलियुग छायो
जनावरमा देखिन्छ विपत्तिमा देखिने जन छैन !

प्रकृति संसारकी पालनपोषणकर्ता धर्तीमाता हुन्
अनजान नबनी जोगाऊँ अब जङ्गल वन छैन ।

प्रकृतिका पुजारी हामी नपाली पहिचान बोकेको
देखिँदैन आजकाल नैतिकता र आफ्नोपन छैन !

विपत्तिमा परेकालाई सहयोग गरौँ मिलीजुली
मानवता जोगाउन सबै जुटौँ हातमा घन छैन ।

*वीरगञ्ज, पर्सा*



❖ धीरेन्द्र प्रेमर्षि

# त्रिशूलीलाई फेरि नीलो हुन सिकाउनेछौँ


लाङटाङ भक्कानिँदै छ
सेतो रुमालले मुख छोपेर
हावाले माने घुमाउन बिर्सिएको छ
मन्दिरका घण्ट हल्लिँदैनन्, बज्दैनन्
उज्यालोका चमेराझैँ निश्चेष्ट झुण्डिरहन्छन् ।

ल्हेन्दी !
हामीले एउटा सानो खोल्सो ठानेथ्यौँ तिमीलाई
के थाहा
तिम्रो छातीमा हिमपहिरो झरिरहेको रहेछ
त्यो बिहानी तिमी खोला रहेनौ
काला घोडाहरूको उन्मत्त बथान बन्यौ
दगुऱ्यौ, हिनहिनायौ, र सबै सोत्तर बनायौ ।

मितेरी साँघु पुल थिएन, धागो थियो
दुई देशका नाममा, दुई मुटु जोड्ने
केरुङ जाने बाटो मात्र थिएन त्यो
भोटको व्यापारमा गएका मदनलाई
पर्खाइको धैर्यमा सिलाउने चौतारी थियो
आज त्यही धागो चुँडिएको छ
सीमामा अहिले
मातले छोडेपछिको खिन्नतामा लखतरान
हिलोको मौन हाहाकार छ ।
स्याफ्रुबेँसीमा एउटी आमा
बगरलाई आफ्नै बारीको डिल ठानेर
बोलाउँदै छिन्-
"कान्छा... ए कान्छा..."
आफैँ चिहान बनेको विचरो बगर
निरुत्तर छ शून्यमा टोलाउँदै
भन्सार यार्डमा लस्करै उभिएका ट्रकहरू
खेलौना गाडीझैँ पल्टिएका छन् यत्रतत्र
ट्रक, जसमा लादिएका थिए फलफूल र रेडिमेड नामका
सपनाहरू, ऋणको भारी, दशैँको कोसेली ।

भताभुङ्ग त्यो अभेद्य ठानिएको संरचना
रसुवागढीको बाँध होइन,
मान्छेको छियाछिया छाती हो
छातीभित्रको विश्वास हो, निर्धक्कपना हो
जीवनदायिनी कल-कल प्रवाहित नदी
तन-मन शुभ्र, सुशीतल बनाउने दिव्य हिमाल
जसलाई कल्पेरै आनन्दविभोर हुन्थ्यो मन
आज तिनको स्मरण मात्रले पनि भयले मुटु चिसो हुन्छ
आखिर के मात्र बगाएन त्रिशूलीले-
चप्पल, टोपी, चुला, सन्दुस
नागरिकता, लालपुर्जा, अनि अनेकौँ अधुरा चिठी ।
कोही भन्छन्- यो हिमताल फुटेर हो
कोही भन्छन्- पहिरोले मुख थुनिएर हो
तर स्याब्रुकी ती बुढी आमालाई के थाहा
सुप्राग्लेसियल के हो ?
उनलाई त यति थाहा छ-
हिउँले कहिल्यै यति पिरो आँसु बगाएको थिएन ।
हो, सत्य यही हो-
लाङटाङ क्रुद्ध भएको थियो, त्रिशूली बहुलाएको थियो
नदीको सौम्यतामा
हामीले आफ्नो हद बिर्सेका थियौँ
हिमालको सम्मोहनमा
हामीले उसको कद बिर्सेका थियौँ
यो विभिषिकाले
विस्मृत चेतनालाई झकझक्यायो-
नदी माया मात्र होइन, मर्यादा पनि हो
हिमाल हौसला मात्र होइन, हलाहल पनि हो
यही नवचैतन्यलाई शिरोधार्य गरेर
भोलि फेरि बगरमा
डण्डिबियो खेल्नेछन् केटाकेटीहरू
ध्यानमग्न लामाले माने घुमाउनेछन्
चेली/ललनाहरू सङ्गिनी गाउनेछन्
हामी त्रिशूलीलाई फेरि निलो हुन सिकाउनेछौँ ।

# त्रिशूली आघात



❖ कृष्ण बाउसे

कुनै विशेष यात्राको तिर्खा
पुगेर देवीघाट
त्रिशूलीको पानीले मेटाएको थिएँ मैले ।
नुवाकोट दरबारतिर घुमेर
टाढाका पाहुनासँग बेत्रावती झरेको भोलिपल्ट
त्रिशूलीकिनारमा टुक्रुक्क बसेर
गधापच्चिसी ननाघेको मुख धोएको थिएँ मैले ।

सम्झेर मनमनै
ती दिनमा देखेको उसको निर्दोष अनुहार
महाकाल पसेको केही दिनपछि
उसको मुखै नहेरी/रिसले मुर्मुरिँदै
प्रश्न गरेँ मैले उसलाई,
"भन्, ए छली अनुहार !
बाढीमा सोहोरेर मेरा हजारौँ प्रियजनलाई
तड्पाइ तड्पाइ किन मारेको होस् तैँले ?
भन्, ए छली अनुहार !
भर्खरै बोली मात्र फुटेका
जीवनको दीर्घ आश्वादनका भागिदार
ती हजारौँ निर्मल र निश्छल मुनाहरूलाई
किन निमोठेको होस् तैँले ?"
जबाफ आउँछ मर्मान्तक स्वरमा,
"कृपया..हेरिदेऊ ..मतिर पनि .. एकचोटि ..!"

यसो फर्केर हेर्दा आँखैमा पर्छ
लमतन्न पसारिएको एक कारुणिक छवि
बाढीमै बगेका पानी-बिजुलीका सुस्केरा
घाम-बिजुलीको घाउ
र अगणित जीवित वा मृत कङ्कालहरूका साथ !
बल्ल चिन्छु म उसलाई !
अघिल्लो दिनसम्म
सिँगारिएकी बेहुलीजस्तै भएर बसेकी
ऊ त
कतै युद्ध र कतै विकासको मुखुण्डो भिरेर
जथाभावी उष्मक क्षेप्यास्त्र प्रहार गरिरहेका
हन्तकालीहरूद्वारा सर्वस्व लुटिएकी
उही मेरो पुरानो स्मृतिकी त्रिशूली पो रहिछ !

उही वेला
मेरो झोलामा देखेकी हुँदी हो उसले
मैले जतनसाथ राखेको
लाङटाङ लिरुङ हिमालको तस्बिर ।
लामो सास तानेर बोल्छे सुस्तरी,
"सुन ! अति नै अप्रिय खबर छ
तिम्री उसको पनि
वास्तवमा आततायीको उष्मक प्रहारले
विच्छेदन हुनपुगेको उनको शरीरको
एउटा ठुलै अङ्ग
मेरो सहचर ल्हेन्देको खोँचमा बज्रिएकै कारण
बहेको एउटा विक्षिप्त भेल
यो दुरावस्था भएको हो खुद मेरो
अनि हामी दुबैका प्रियजनहरूको ।"

कुनै निसहाय नारीले
आफूले मनभित्र सजाएको कुनै पुरुषसँग
आफूमाथिको ज्यादतीको वृतान्त सुनाएर
आफ्नो मनको गरुङ्गो भारी बिसाएझैँ
बिसाई उसले
मेरो थाप्लोमा आफ्नो हृदयभरिको सन्ताप !
त्यसपछि देखि नै
बाढीको माछो जस्तै छट्पटाइरहेको छु म
एक क्षण अपराधबोधको चस्कोले
र अर्को क्षण आफैँ पीडित हुनुको झस्कोले ।

# मुक्तिपथतिर रसुवा !

❖ चन्द्र भण्डारी

रसुवामाथि विपत्तिको आकाश खस्यो
भोटेकोसी गर्जियो, त्रिशूली उर्लियो
घर मात्र बगेनन्
आँगन, सपना र भोलिको भरोसा पनि बग्यो !
कसैको संसार आँखैअगाडि ढल्यो
कसैको काख रित्तियो
कसैको घरको भग्नावशेषमा
उसको सिङ्गो जीवन पुरियो !

तर रसुवा !
विनाश अन्तिम सत्य होइन ।
भूकम्पले चकनाचुर पारेको जापान
फेरि उठ्यो
सुनामीले तहसनहस भएको इन्डोनेसिया
फेरि मुस्कायो
युद्ध र भग्नावशेषबिचका देशहरूले पनि
ढुङ्गामाथि नयाँ घर
खरानीमाथि नयाँ सपना उभ्याए
त्यसैले
रसुवाको घाउ पनि निको हुनुपर्छ
मलमले मात्र होइन
दृढ सङ्कल्पले ।
घोषणाले मात्र होइन
पुनर्निर्माणले ।
राहतले मात्र होइन
रोजगारी, बाटो, घर र
फेरि बाँच्ने भरोसाले ।

विपत्तिको घडीमा
घाइतेको सिरानीमा पुगेको सरकार
भेलको छाती चिरेर जीवन खोज्ने
नेपाली सेना र नेपाल प्रहरी
रोटी, औषधि र सहयोग बोकेर
दौडिएका अनगिन्ती हात
यी सबै मानवताको उज्याला दीप हुन्
तर पीडामाथि पनि
लोभका हात पसार्नेहरूलाई
त्रिशूलीको पानीले क्षमा नगरोस् ।
अरूको दुःखमा व्यापार खोज्नेहरूलाई
इतिहासले कहिल्यै नेपाली भनेर नचिनोस् ।

छिमेकीहरू आउनू
तर सहयोगको हात लिएर
सद्भावको हृदय लिएर
विपत्तिमा साथ चाहिन्छ
स्वार्थको छायाँ होइन ।
प्रिय रसुवा !
आज तिम्री धर्ती रोएकी छ
तर यही माटोबाट
भोलि हरियाली उम्रिनुपर्छ
जहाँ आज भग्नावशेष छ
त्यहाँ फेरि घर उठ्नुपर्छ
जहाँ आज मौनता छ
त्यहाँ फेरि बालबालिकाको हाँसो गुञ्जिनुपर्छ ।

तिम्रो घाउ
समयले मात्र होइन
राज्यको जिम्मेवारी
जनताको एकता
र मानवीय संवेदनाले निको पार्नुपर्छ
रसुवा फेरि उठ्नुपर्छ
पहाडझैँ अडिग
त्रिशूलीझैँ अविरल
आशाजस्तै उज्यालो ।
मुक्तिपथतिर हिँड रसुवा !
तिम्रो घाउ निको हुनै पर्छ
तिम्रो घर फेरि बन्नै पर्छ
र तिम्रो आँखामा
भोलिको सपना फेरि बल्नै पर्छ ।

*झापा ।*

# हिउँसुनामी

❖ जयन्ता पोखरेल

एकाबिहानै
लाङटाङको आँगनीमा
मुस्कुराउँदै थियो निलो मुस्कान !
गाउँदै थियो प्रकृतिले
रसुवागढीको रसिलो गान
हिमवत्को अखण्ड सम्मान बोकेर
लेन्दे खोलाको तिब्बती पानीसँग
मितेरी गाँस्दै
बग्दै थियो भोटेकोसी सुस्तरी ।
मुन्तिर सहयोगी नदीसँग पिरती गाँस्दै
बग्दै थियो त्रिशूली खुसीसँग
नदीको प्राचीन सभ्यतालाई टेकेर
निर्वाहको मेलापातमा
मग्न थिए बस्तीहरू निर्धक्कसँग ।

अकस्मात हिउँको आकाशबाट खस्यो
एउटा उत्ताउलो हिउँसुनामी !
पहाडका खोँचहरूमा
नागहरूले मृत्युको फँडा फिँजाएझैँ
पिँजाएर आतङ्क
बग्यो हिउँसुनामी !
आदिम नदीहरू कब्जा गर्दै
पानीको डरलाग्दो आँधी बोकेर
ओर्लियो एउटा आदमखोर प्रलय !
अनेक बस्तीहरू निल्दै
मान्छे हिँड्ने सडक
पुल-पुलेसा बगाउँदै
हुर्किएको समृद्धि भत्काउँदै
बुलेट ट्रेनको रफ्तार समातेर
दौडियो त्रासको सुनामी !

थिएन अविकसित मुलुकका मान्छेहरूसँग
हिउँसुनामीको कुनै दुस्मनी
थिएन टिमुरे, स्याफ्रुबेसी, वेत्रावती र बट्टारको
हिउँसंसारसँगको कुनै बेइमानी
प्रश्नको जटिल क्यानभासमा
थाहा छैन किन पोत्यो
हिउँसुनामीले लेदोको धमिलो रङ !
किन कोर्‍यो
सृष्टिमा कुरूपताको धब्बा !
यतिखेर
विध्वंसले सिकाएको छ मान्छेलाई
नदीहरू पानी मात्रै बोकेर
चुपचाप हिँड्दा रहेनछन्
विनाशको कहालीलाग्दो त्रासदी पनि
बोकेर हिाड्दा रहेछन् !

पानीको धारिलो हतियारले
पहाड काटेर बुच्चो पार्दा रहेछन्
आफूले बोकेको ग्रेगर माटोले
मैदानलाई पहाड बनाउँदा रहेछन् !
ताक पर्दा नदी
नत्र कालो जादुगर बन्दा रहेछन् !
त्यसैले त
स्वस्थ हजारौँ ओतहरू बगायो पानीले !
जिउँदा थोरै छोडेर
हजारौँ प्रियजन दबायो पानीले !
मान्छेको दम्भ ढालेर देखायो नदीले !

तर पनि
हिउँसुनामीले भत्काएका भित्ताहरूमा
अझै टाँस्सिएका छन्
आशाका फरक आँखाहरू
हल्लिरहेको मुटु बोकेर
पर्खिरहेछन् उद्धारका जिउँदा समाचारहरू
प्रलयमा हराएका लासहरूले
पर्खिरहेछन् संस्कारका अन्तिम विधिहरू
पाउनु, गुमाउनु र फेरि पाउनुको सत्यलाई
छातीमा टाँसेर
विपत्तिको बादलभित्र
सुगतिको उज्यालो घाम
पर्खिरहेछन् मान्छेहरू
बन्छ फेरि सृष्टिको अर्को धाम
समय पर्खिरहेछन् मान्छेहरू ।

❖ प्रा. डा. लेखप्रसाद निरौला

# भाद्र दश

अहँ म सम्झिन चाहन्नँ
म सप्रसङ्ग व्याख्या गर्नचाहन्नँ
टुलुटुलु हेरिरहे पनि, म मूकदर्शक बनेको क्षण
म सोच्नै सक्दिनँ, त्यो हिमचट्टानको तरलता
त्यो घना मेघको गर्जन
जहाँ आकाश र धर्तीको प्रलयङ्कारी वितण्डा छ
जहाँ भोटेकोसी, वेत्रावती वा त्रिशूलीका
ताण्डव नृत्य र मानव सभ्यताको द्वन्द्व छ
रसुवा धुन्चे र मकवानपुरको कोलाहल !
अहँ म सुन्न सक्दिँनँ, थाहा पाएर पनि भन्नसक्दिनँ
त्यो ब्रह्माण्डमा विस्फोट भएको निर्मम अहङ्कार !

म सम्झिन चाहन्नँ त्यो भाद्र दश गते
यात्री, कर्मचारी, व्यापारी र विद्यार्थी
आम जनसमुदाय र दैनिक गतिविधि
सृष्टि र संहारको सनातन चक्रजस्तै
विनाशको त्यो क्रूरताभित्रै
बिलाएको मानव सभ्यता र जैविक स्पन्दन !
अहँ म सम्झिन चाहन्नँ ।

अहिले मभित्र मानवता उर्लिँदो छ
चेतनाको अमर ज्योति
मानवीय सहयोगको बाढी पसेको छ
हिलो र जलमग्न अँध्यारोबिच
सहाराको दयालु चेतना फैलिएको छ
बाढीपहिराले बाटो, सहर, गाउँघर र खेतहरूसितै
हजारौँ कर्णधार र आश्रयहरू बगाउनसके
तर मभित्रको करुणा बगाउन सक्दै सक्दैन
किनभने मैले बुझेको छु
विध्वंसको जगमै पुनःनिर्माणको बिउ लुकेको हुन्छ
कर्मठ मानवको हातले नै ब्रह्माण्ड चुमेको हुन्छ
उर्लेको भेल साम्य भएपछि
पुनः एक दिन मानव सभ्यताले पुनर्जीवन पाउने छ
ब्रह्माण्डीय गतिविधिमा मानव शून्यताको
कुनै परिकल्पना नै छैन
त्यसैले त यही सत्यवचन बोकेर
म भन्दै छु, 'मानवता फेरि मुस्कुराउने छ
भाद्र दशको इतिहासले
मानवताका सामु कलङ्क बोक्नुपर्ने छ !'

## चारु

❖ तेजप्रसाद खनाल

रसुवा बाढीले धेरै सपना लग्यो
नमेटिने आफन्तको तिर्सना लग्यो ।


सम्झना छोडी बाँचिञ्जेलसम्म यहाँ
तर आपसी प्रेम र लहना लग्यो ।

सबै मानव थिए आफ्नै दाजुभाइ
रुवाएर मिलेको बस्ती घना लग्यो ।

हुर्कँदै थिए कलिला ती मुनाहरू
तर निर्दयीले ती धेरै जना लग्यो ।

एक होइन दुई होइन साँच्चिकै
निमोठी कैयौँ खुसी र वेदना लग्यो !

*दाङ ।*



❖ वियोगी बुढाथोकी

# नि:शब्द समय

दिउँसोको मध्यघाममा
कताबाट आयो
नरसंहारकारी लेदो बोकेको बाढी
आत्तियो मन
समाचार सुन्दा रित्तियो मन !

बाढी तिमीले पत्तै नदिई, सूचना नै नदिएर
तिब्बतदेखि किन हतारमा दौडियौ
र लछारपछारमा लाग्यौ !
बेत्रावती र बट्टारबाट बगेको आँसु
र चित्कार सुन्दैनौ प्रकृति !
टिमुरे हुँदै आएको तिम्रो रौद्र रूपले
स्याफ्रुबेसी, हाकुबेसी, मैलुङबेसी, त्रिशूलीलगायत
तटीय बस्तीलाई अन्धाधुन्ध रुवाएर
यो के गऱ्यौ
लछारपछार गर्दै सोहोर्दै
किन बाँच्ने रहरमाथि अकस्मात बज्रपात गऱ्यौ ?

बिन्ती अब अगाडि नबढ
बाँच्ने चाहनालाई अकालमै नमार
गोसाइकुण्डलाई अलपत्र
र आस्थालु अभिभावक
अनि श्रद्धालु भक्तजनको रक्षा गर ।
हर हर महादेव शम्भु
जय भोटेकोसी रक्षा गर ।
म धुन्चे बजारलगायत
शिरदेखि पाउसम्मको भूभाग
र सम्पूर्ण प्राणी सुरक्षित बाँच्न चाहन्छौं ।
किन आउँछ
झुक्याएर
यो नि:शब्द समय !

*शिवपुरी सन्देश निवास, हात्तीगौंडा ।*

# महाविपत्ति

❖ यदु लामिछाने

कहिले बाढी कहिले पहिरो कहिले भूकम्प
कहिले गाडी जहाज खस्ने यो कस्तो अचम्म !
हत्या र हिँसा कोरोना भाइरस यो कस्तो अचम्म !

आउँदैन रैछ बजाइ बाजा दैवी दुर्घटना
मान्छेको आफ्नै नियति हो कि दैवको खटना
हे सृष्टि कर्ता ! भूमिको भार थाम्न धौ भयो कि ?
विधाता तेरो मनुष्यसँग क्यै रिस थियो कि ?

जन्माइस् किन निस्ठुरी दैव लैजाने हो भने
लाऊँलाऊँ र खाऊँखाऊँ भन्दा पो भन्दै गैजाने हो भने
तिब्बतबाट फुटेको रै'छ हिमनदी हिमताल
रसुवा पस्यो त्यो भोटेकोसी बनेर महाकाल

जहान पाल्न जागिरी गर्न ड्युटीमा खटेका
विनाशकारी बाढीमा परी नदीमा लडेका
सहर गाउँ उजाड भयो बस्नलाई बास छैन
हजारौं मान्छे बेपत्ता भए भेटिने आस छैन

त्रिशूली नदी बगरभरि लासको रास भो
लोभी र पापी मनुष्यलाई सुनको आस भो
मर्ने त मर्छन् मर्नेका परिवारलाई झन् सन्ताप ।

*गुर्भाकोट ९ सुर्खेत,*
*हाल रुपन्देही, बुटवल ।*



❖ रामगोपाल आशुतोष

# बाढीको तलाउमा जोखना हेरिरहेको देश

देश हाहाकारमा थियो
खरानीमाथिको देश
बालुवामाथिको पानीजस्तो देशका नागरिक
शिक्षित छन्
तर संस्कार बेच्न बजार गएकाजस्ता
नागरिक हुन्
तर पहिचान पोको पारेर
अस्तु बगाउन हिँडेकाजस्ता !

शासनमा- अनुशासन थिएन
शासकमा- विधान थिएन !
सरकारमा- स्वाभिमान थिएन !
सत्तामा- सार्वभौमिकता थिएन !
देश - साइबर युद्धमा थियो
साइबर युद्ध जितेको सरकार
साइबर सत्ता चलाउन व्यस्त थियो
भोक थियो - भोजन थिएन
भोजन किन्न सक्नेसित पकाउने साधन थिएन ।

एक दिन जलले
महाप्रलयङ्कारी वितण्डा मच्चायो
मानिस भेल बनेर बगे
स्रोत र सम्पत्ति ठोस बनेर सङ्गै थुप्रिए
मानिसलाई पहिलोपल्ट थाहा लाग्यो
पानीको रङ
तिर्खा मेटाउँदा एक
र भेल बन्दा अर्कै हुन्छ भनेर !
जमिनभित्र हुँदाको एउटा रूप
नदी बनेर बग्दा अर्को रङ !
बादल बनेर आकाशमा एउटा आकार
सागर/महासागरमा अर्को रूप !

जीवन बनेर जिन्दगी बचाउने पानीमा
मानिस लास बनेर बगे
लाससँगै ग्यास पनि बगिआए
भोका हुन् कि दरिद्रहरूले
केवल ग्यास देखे
सङ्गै बगेको लास देखेनन् !
सायद भोकको रामायण लेखिरहेका
घरका बालबालिका, उमेर नाघेका आमाबा
र जाहान आगो पर्खिरहेका थिए !
सास छँदा आफूलाई नचिनेको
लासले मानिसलाई चिन्ने मौका पाएन !

लासको निधारले
चिना, नागरिकता, राष्ट्रिय परिचयपत्र,
प्यान दर्ता, भ्याट दर्ता,
सवारी चालक प्रमाणपत्र
शैक्षिक प्रमाणपत्र
र कर्मचारी परिचयपत्र
केही पनि बोकेको थिएन ।
लास अत्यधिक तिर्खाबस
पिएको पानीले ढाडिएको थियो
लास गरुङ्गो थियो
त्योभन्दा गरुङ्गो थियो-
लासले बोकेको सुन !

*भक्तपुर*



❖ स्पन्दन विनोद

# क्रूरता

रसुवा फुट्यो त्रिशूली च्यात्यो पुऱ्यायो गण्डकी
वेत्रावतीको मुटुमा छेड्यो टिमुरे धर्धरी
किनाराभरि मान्छेको लास पाखामा लेदोमा
पुरिए घरभित्र नै धेरै भनेनन् ए आमा !


भोटेकोसीको ताण्डब नृत्य त्रिशूली काखैमा
पहाड बोकी आएथ्यो छाल लछाऱ्यो खोलामा
न शब्द फुल्छन् न लेख्नसक्छु विपद्को कहानी
प्रार्थना गर्छु हे दैव तैँले उघार बिहानी ।

सङ्केत केही नदिई यस्तो प्रलय के गरिस् ?
सुतेका थिए काममा थिए भुक्काई मार्दिइस्
बगाई लग्यो छिमेकी देश नदीले भन्दछन्
माटोमा पुऱ्यो हजारौँ कि त हप्तै भो खोज्दै छन् !

हराए कैयौँ विदेशी पनि विपत्मा परेका
लासका टुक्रा भेटिन थाले किनारमा तैरेका
परिचय के कहाँको होला चिनिन्न क्यै पनि
खाडल खनी पुर्दै छन् टुक्रा के रै'छ जिन्दगी !

विद्यालयका विद्यार्थी काखमा च्यापेका बचेरा
यातायातमा हिँडेका यात्री बाटोका बटुवा
स्वप्नको जस्तो गर्लम्मै ढाली लछाऱ्यो बजाऱ्यो
क्रूरता व्यग्र बोकेर घाउ असैह्य लगायो ।

*दधिकोट भक्तपुर, हाल : बेलायत ।*



❖ एल.बी.क्षेत्री

# जीवनबोध ...!



यो भाँचिएको  हाँगो
सुकेको डाँठ
तर हरिया पात
अर्थात् पलाउँदो रहेछ् जीवन
भाँचिएको हाँगा  र
सुकेको डाँठमा पनि ।

जीवन बडो जियालु हुँदो रहेछ है !
हामी पटक पटक  भाँचिन्छौं
र फेरि पलाउँछौ
अहिले एकपटक फेरि भाँचिएका छौं
तैपनि फेरि पलाउने छौं
यो मेरो अटुट विश्वास !

*चितवन*

# कविता



❖ त्रिभुवनचन्द्र वाग्ले

## हिमालको कविता लेख्दिन

भयो भो पुग्यो
अब पुग्यो
भयो भयो पुग्यो
अब म लेख्दिन
हिमालको कविता
जसको सप्रसङ्ग व्याख्या गर्दा
छोराछोरीले
रसुवा र नुवाकोटलाई
प्रसङ्ग नबनाउन् !
लगाउने ढाकाटोपी
के गर्व गर्नु र
जो भिरजस्तै भिरालो हुन्छ
भिरालो त ठिकै थियो
पिरलो पनि हुन्छ
भयो भो पुग्यो ।

अब त पहाडको कविता लेख्दिन
पहाडको मेरो कवितामा
छोराछोरीले पहिरोको
सप्रसङ्ग व्याख्या नगरुन् !
नदीहरू !
भयो भो लेख्दिन कविता
पुल र साँघुको
फाँट र खेतीको वियोगान्त कविता
नदीले त आधार दिनु थियो फाँटलाई !
तर फटाइँ गर्‍यो !
बच्चाबच्चीले सप्रसङ्ग व्याख्यामा
नदीको आतङ्क देखे भने
लेखे भने,
मैले नदीको
कस्तो कविता लेख्ने ?!

# कविता

❖ शंकर ज्ञवाली

चाइनाबाट आएको बाढी नेपाल झरेर
धेरैको ज्यान माटोमा गयो भेलमा परेर
त्यो भोटेकोसी उर्लेर आयो विनाश गरायो
ऊर्वर भूमि मानवचोला छिनमै हरायो !

एक्कासि आयो बलियो धार मिलेन भागन
कठिन भयो मानिसलाई गुहार मागन
गोसाइँकुण्ड हिँडेका यात्रु बिलाए बाटोमा
गढेर गए नदीका तिर ढाबिलो माटोमा !

तिर्थालु यात्री बोकेको गाडी रेतमा भासियो
स्कुल चौकी भन्सार खाना छिनमै मासियो
पुलिस सेना पुगेका त्यहाँ राहत लिएर
फर्केर आए दयालु हात खाद्यान्न दिएर ।

विदेशी दाता सामल लिई आउन थालेका
बगेर गए फलामे पुल नदीमा हालेका
आपत पर्दा जुटेर काम गरेर देखाऊँ
विश्वका सामु अमेट नाम दरेर देखाऊँ ।

*पोखरा-१५*

# विपत्तिमा केही प्रश्न

❖ केशवप्रसाद बडाल

अहिलेको विपत्ति मानवनिर्मित हो भन्ने
अध्ययनले देखाइसकेको छ !
विपत्तिको वातावरण निर्माणमा
सम्पन्न राष्ट्रहरूको होडबाजी
जिम्मेवार रहेको छ !
र हाम्रोजस्तो सानो मुलुकको हिस्सा नगन्य छ।

हामी विश्वका लागि अक्सिजन उत्पादन गर्छौं
तर अरू कार्बन उत्सर्जन गरेर
विश्वको तापक्रम बढाइरहेका छन् !
वातावरणको असरको सिकार हुने
नेपाली र यहाँ आएका पर्यटक !
यो असमानताको अन्त्य आवश्यक छ।

अन्तर्राष्ट्रिय पर्वतीय विकास केन्द्रलाई
सङ्कुचन गर्ने को हो ?
सूचना सर्भर कार्यक्रम सञ्चालनमा
अवरोध सिर्जना गर्ने को हो ?
पूर्वसूचना प्रणालीको स्थापनामा
चुकेको परिणाम पनि त हो यो विपत्ति !
मानवजीवन रक्षाका लागि
व्यवस्थित पूर्वसूचना प्रणाली
व्यवस्थापनमा कम्तीमा पनि
कार्बन अत्यधिक उत्सर्जकहरूले
जिम्मेवार भइदिनुपर्ने हो कि होइन ?
यो महाविपत्तिले प्रश्न तेर्स्याएको छ।

यो महाविपत्तिमा आफ्नै ज्यानको
आहूति दिएर पनि
उद्धारमा समर्पित सुरक्षाकर्मीहरूले
ठड्याएको मानवताको पहाड
सदासर्वदा उचो रहने छ।
महाविपत्तिमा हातेमालो गर्ने
स्वदेशी तथा विदेशीको गुणग्राही मन पनि
बन्दनीय छ।
महाविपत्तिका कारकहरू
घात्लिनुपर्ने यो समय
हामीले आबाज उठाउनुपर्ने समय पनि हो यो।
विपत्तिको सामना एक्लैले हुँदैन
संसारसमक्ष सहयोगको
अपिल गर्ने वेला पनि हो यो
खुला दिलले
सहयोगी हात बढाउनुपर्ने वेला पनि हो यो।

**हार्दिक श्रद्धाञ्जली**



**डा. रेवतीरमण लाल**

जन्म : १९४३ मार्च २

निधन : २१ भदौ २०८३

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।

**शब्द-संयोजन परिवार**



❖ इन्दिरा प्रसाईं

# छ्या... हामी मान्छे !

हामी मान्छे ?
मलाई हिजोआज
आफू पनि मान्छे नै भएकामा
प्रकृतिका अघि उभिँदा
सरम लाग्न थालेको छ !
आफू मान्छे नै भएकामा
आफैँसँग घृणा लाग्न थालेको छ !
प्रकृति ! तिमीले दिएको सुन्दर धरा
सुन्दर धरामा अति सुन्दर
जीवजन्तु अनि वनस्पति
तिमीले नै दियौ प्रकृतिका कृति
समग्र प्राणीजगत्का विविध आकृति !

तिमीले नै दिएको हिमालको हिउँ
पहाडको हरियाली
तराईको घनाजङ्गल
समुद्र, नदीनाला र ताल पनि
जता हेऱ्यो उतै मुग्ध सुन्दरता ।
हो, प्रकृति हो
हामी त सधैँ सधैँ तिमीसँगै नतमस्तक हुनुपर्ने
पञ्चतत्त्वभित्रै समाहित तिमी
तिमीद्वारा नै निर्मित हामी मान्छे
तिमीबाट पाएको असिमित शक्तिधारी मान्छे
विश्वब्रह्माण्डझैँ तिमीबाटै प्रदत्त
विशाल मस्तिष्कधारी हामी मान्छे !
हामीले त सधैँ सधैँ
तिम्रै अस्तित्वको गुणगान गर्नुपर्ने
तिम्रो संरक्षणका लागि सदा तत्पर रहनुपर्ने
हामी मान्छे ! उदारमना तिमी प्रकृति !
त्यतिले पनि नपुगेर समग्र ब्रह्माण्डरक्षार्थ
अनन्त चेतनासमेत हामीलाई नै सुम्पियौ
तिमीले ठहऱ्याएका
तिमीले विश्वास गरेका
समग्र प्राणीमध्येका सर्वश्रेष्ठ पात्र
सुयोग्य पात्र हामी मान्छे !
प्राप्तिमाथि प्राप्ति अझै थपिदियौ
मानवबाट देवत्वमा परिणत हुने
भऱ्याङरूपि चेतना दियौ ।

तर चुकेछौ
त्यहीँनेर चुकेछौ तिमी त प्रकृति !
अनन्त चेतनाको गन्तव्य बिर्सेर
परमतत्त्वमा पुग्नुपर्ने
परोपकार र सर्वजनहिताय बिर्सेर ।
हामी मान्छे !
आफ्नै स्वार्थ र कलुषित स्वाभिमानमा
वशिभूत भएछौँ
देवत्वको आसनमा बस्नुपर्ने हामी मान्छे !
तिमीप्रदत्त सोही अनन्त चेतनाको दुरुपयोगले
हामी त दानवमा पो रूपान्तरित हुँदै गएछौँ !
आफ्नै विनाशका लागि
आफैँद्वारा निर्मित औजार बोकेर
एकदम दानवमा परिणत हामी मानव नै
आफ्नै विनाशका लागि
आणविक अस्त्रका निर्माता भएछौँ !

हामी मान्छे !
मान्छे भएर मान्छे नै मार्न
मान्छे भएर मान्छेमाथि नै
अनाचार, अत्याचार, व्यभिचार

र बलात्कार गर्न लागिपरेछौँ !
हामी मान्छे !
तिमीले दिएको अधिकारद्वारा
तिम्रै अस्तित्व समाप्त पार्ने खेलमा रमाएर
भष्मासुर पो भएछौँ !
हामी मान्छे !
अहिले हामी तिमीलाई चिन्दैनौँ पनि
अहिले हामी तिमीलाई गन्दैनौँ पनि
अहिले हामी मान्छे भएर पनि
मान्छे नै चिन्दैनौँ
अहिले त हामी
अहङ्कारको बाक्लो बादलभित्र पसेका छौँ
मान्छेलाई मान्दैनौँ
आफैँ सर्वेसर्वा भएका छौँ !
त्यसैले हामी
कृतघ्न मान्छे
आफैँले खाएको थालमा हात चुठ्छौँ
थुक्छौँ र शौचादि पनि गर्छौँ !

नत्र हेर न
तिमीले हाम्रै जलआपूर्ति खातिर
प्रदत्त पवित्र नदीनाला
हामीबाटै विसर्जित विष्टा
मानवनिर्मित फोहोरका डङ्गुरले भरिएका छन्
निसास्सिएका छन् !
तेजस्वी सूर्यका विकीरणबाट
हामीलाई जोगाउन
हाम्रै सुरक्षा खातिर ब्रह्माण्डभरि ओड्ने
आकाश तिमीले नै बनाइदियौ
हाम्रै चकचक र अहङ्कारका खेलौनाले
हाम्रै सुरक्षाकवच
सुन्दर आकाशको पर्दामा
अहिले प्वाल परेको छ
सोही प्वालबाट प्राणीमात्रको विनाशका लागि
विशाक्त किरण छरिइरहेको छ !

प्रकृति !
तिमीले नै दिएका यावत पहरा र छहरा
मान्छेकै अतृप्त भोक र करतुतले
फोर्ने र फाँड्ने
जघन्य अपराध भएको छ
धरतीको छाती क्षतविक्षत भएको छ
सुन्दर बनजङ्गल नास्ने
हाम्रा अनवरत गतिविधिले
मलिलो धरती मरुभूमि भएको छ !
प्रकृति !
तिम्रो अस्तित्व नै
अस्वीकार गर्छौँ
निर्लज्जताको पराकाष्ठा नाघेका
हामी मान्छे !
हाम्रै करतुतले वायुमण्डल तातेको छ
त्यही तातोले हिमाल पग्लेको छ
आफैँद्वारा निर्मित पत्त ा र एसीमा बसेर
हामी त जाडो र गर्मीबाट टाढा भाग्छौँ
तर हिमाल ?
हामीले सोच्यौँ ?
हाम्रै दानवी करतुतले हिमाल रोएको ?
हामीले बेवास्ता गर्दा हिमालले आँसु बगाएको ?
जति पृथ्वी तात्छ
त्यति नै हिमाल रुन्छ
झन् त्यति नै हाम्रो होस, हाम्रो जोस
हरितग्यास उत्सर्जनमा लागिपरेर
आफ्नै स्वजातिहिंसामा समर्पित !

हामी मान्छे !
विजयको होडबाजीमा मान्छे नै मार्न उद्यत
हामी मान्छे !
आफ्नै अस्तित्व
नामेट पार्ने खेलमा आँखा चिम्लेर दौडिरहेका
हामी मान्छे !
हाम्रा प्रताडनाले रोएको

हिमालको आँसु बहेर
विशाल हिमखण्ड र चट्टानले हामफालेर
हिमनदी र पहाडको पहिरोले विद्रोह गरेर
हिमतालहरू फुटेर वितण्डा मच्चाएका छन्
मान्छेका विरूद्धमा विद्रोहको स्वरूप देखाउँदै
भयङ्कर आन्दोलन गरेका छन्
ल्होन्दे खोला र भोटेकोसीको माध्यम बनाएर
रसुवा, नुवाकोट, धादिङ र त्यसओरिपरि
हिमालकै आँसु विद्रोही बनेर
सर्वनाशमा उर्लेका छन् !

वर्षौंवर्ष हामीले दिएको
अनवरत पीडाले हिमाल रोइरह्यो
हामीलाई भने कहिल्यै दुख्तै दुखेन
हामीलाई वास्तै भएन
अब हिमालको आँसु
संसारभरि विनाश बोकेर
अनवरत आउने छ।
सावधान !
आफैँले निम्त्याएको
विनाशलीलाको कहर
मान्छेमाथि नै
समग्र मानवता माथि नै खस्तै छ
अपराध अर्कैले गरेको छ
अनि सजाय अर्कैले पाएको छ !

हुन पनि प्रकृति !
ब्रम्हाण्डका लागि
किटाणु, भुसुना, कमिला, मानव
र हात्तीको अस्तित्वमा
के छ र अन्तर ?
ए ! सुन्यौँ !
हामी मान्छे !
सायद सहनुको पराकाष्ठा हो हिमाल
सायद अब हिमालले सहनुको
सीमा नाघिसकेको छ
तिमीले नै निर्माण गरेको
मान्छे भनिने जीवसँग !
प्रकृति !
सायद तिमीलाई नै अब वितृष्णा भएको छ
वितृष्णा मात्र होइन घृणा नै भएको छ
सर्वरक्षक मान्छे
सर्वशक्तिमानको दाबी गर्दै
सर्वभक्षक बनेको देखेर
तिमीभित्र प्रतिशोधको ज्वाला
अब दन्किएजस्तो छ !
प्रकृति !
तिमीले देखेका छौ
तिमीले बुझेका छौ
आफैँले निर्माण गरेको
विनाशी चक्रब्युहमा रमेर
मान्छेकै समूल नष्ट अभियानमा
लागि परेका छौँ हामी मान्छे !
अझै पनि
आफ्नो अपराध लुकाउँदै छौँ
हामी मान्छे !
अपराधी आफू भएर पनि
विविध बहानामा चोखिन खोज्दै छौँ
हामी मान्छे !
राजनैतिक दुश्चक्र बटुलेर
आत्मरतिमा रम्दै लोभ र पापको समुद्रमा
चुर्लुम्म डुबेर
अझै अहङ्कारको पहाड झनै अग्ल्याएर
आफ्नो चिहान
आफैँले खनिरहेका छौँ
हामी मान्छे !

हामी मान्छे !
अनि पनि हामी मान्छे !
भन्न पनि सरम हुने
सुन्न पनि लाज हुने
कस्तो शब्द मान्छे
छ्या ... हामी मान्छे !

# हामी महान नेपाली


❖ कृसु क्षेत्री

हामी नेपाली हौँ
बाढीले बगाएर ल्याएको
कुनै आफन्तकै लासको
कानको सुन झिक्छौँ
र आफ्नो विवेक
त्यही बगरमा गाडेर फर्कन्छौँ !
हवाइदुर्घटनामा आकाशसँगै जलेका
सपनाहरूबिच
हामी मृतकको घडी लुट्छौँ
र समयसँगै मानवता पनि
आफ्नै हातले चोर्छौँ !

आन्दोलनको आगो बलिरहेका वेला
परिवर्तनको नाममा
हामी पसलका सटर फोड्छौँ
र सामानसँगै आफ्नो चरित्र पनि
लुटेर लैजान्छौँ !
डाक्टरको सेतो कोटमा
हामी आफ्नै जीवन देख्दैनौँ
मरणासन्न हुने गरी
उही हातमाथि प्रहार गर्छौँ
जसले हाम्रो नाडीमा
जीवन खोज्ने छ।
खोलामा लाश बगिरहेको हुन्छ
हामी ग्यास सिलिण्डर खोज्छौँ
हामी एउटी बालिकाको अस्मिता लुट्छौँ
र अट्टहास हाँस्छौँ !
एउटी वृद्धाको असहाय शरीरमाथि
पशुताभन्दा तल झर्छौँ
र अन्ततः उनको हत्या गर्छौँ !
कस्ता भयौँ हामी नेपाली !

ऐनामा हेर्दा एउटा अनुहार देखिन्छ
तर त्यो अनुहारमा मान्छे देखिँदैन !
देखिन्छ त केवल एउटा कालो प्रश्न
हामीभित्रको मानवता कहाँ हरायो ?
कहाँ मऱ्यो हाम्रो संवेदना ?
र यही मानवता हराएको
संवेदना मरिसकेको अनुहारमा
बनेको छ 'महान नेपाली'को
नयाँ परिचय !

## ❑ मुक्तक



❖ गोविन्दबहादुर कुँवर

१.
पीडामा सम्बन्ध र औषधी उस्तै बन्छन्
ती दुबैले हाम्रो दर्द र दुखाइ कम गर्छन्
तर औषधीजस्तो नाताको म्याद सकिन्न
फरक छन् तर एउटै भूमिकामा रहन्छन्।
२.
समुन्द्रमा आउने सुनामी भोटेकोसीमा आयो
अकल्पनीय रूपमा धनजनको क्षति गरायो
घाउचोटमा मलम लगाउन सबै जुट्नुपर्छ
विखण्डित परिवारलाई बाँच्न कठिन बनायो।
३.
हिमालजस्तै मान्छे परेको वेला पग्लनसक्छ
अरूको दुःखमा मान्छे आफू पनि गल्नसक्छ
विपतमा परेकालाई सहयोग गर्नु नै ठुलो धर्म हो
मान्छे, परिवार र समाजका लागि धपक्क बल्नसक्छ।

*जिमित्रे, भोटेओडार, लमजुङ।*

# खोइ तिम्रो भगवान् ?

❖ हरिबोल आचार्य

खोइ तिम्रो भगवान् ! कता लुक्यो तिम्रो भगवान् !
तिमीले भगवान्को लागि के गरेनौ ?
अनेकौँ सास्ती खपेर, जाडो गर्मी नभनेर
कष्टमय कति उकालो चढ्यौ !
जिउज्यानको माया नगरी
गोसाईजीको चाकडीमा तन मन धन
अनि चिन्तन लगायौ ।

कहाँ गए तिम्रा गोसाई !
आज पनि भाङ र धतुरोको सेवनमै रमाइरहेका छन् ?
दयाका खानी रे, करुणावतार रे !
अनि उनको दया र करुणा
कहिले र केको लागि साँचेका हुँन् ?
मानसरोवरका शिवजी पनि
अन्धा र बहिरा रेछन् क्यार !
खोई आफ्ना भक्तजनको पुकार र आर्तनाद सुनेको ?
शक्ति हुँदो हो त कैलाशबाट हामफाल्दै
भवसागरमा डुबेकाहरूलाई उतार्न सक्थे होलान् ।
अब पनि किन पुकार्छौ
ती हृदयहीन पत्थरका आकृतिहरूलाई !

मन छ भने ए बाँचेकाहरू !
मन खोल, अलिकति सोच्न सक्छौ भने
विश्वासी नै छौ भने पनि
जीवितको उद्दार गर्नु राम्रो होइन र ?
निर्जीव पत्थरभित्र भगवान् बस्छ भनेर
विश्वस्त छौ भने, सजीव प्राणीमा
भगवान्को आत्मालाई किन देख्न सकेनौ ?
तिमीले आजीवन सेवा गरेका शिवले
तिमीलाई कहिल्यै केही गरे त ?
आपतमा नदेख्ने तिनका तेस्रो आँखाको
काम के हो त ?
बरु गरिहेर ती दुःखीहरूको उपकार
त्यहाँ पाउँछौ तिम्रो साँच्चिकै शिव
उनीहरूको खुसी र मुस्कानले
तिम्रो मुक्तिको मार्ग धेरै छोटो बनाइदिने छ
त्यो निर्जीव पत्थरलाई
शक्तिको स्रोत मान्नु तिम्रो भ्रम थियो
मानव इतिहासको भुल हो अनि कलङ्क पनि हो ।

प्रकृतिले तिमीलाई चिन्तन गर्नसक्ने
प्राणी बनाइदिएको छ र त तिमी आज धर्तीमा
सँगै आएका अरू प्राणीभन्दा
अलग हुनसकेका छौ
तर तिमी नभएको कुराको कल्पनाले
आफ्नो जातिको संहार गर्दै आएका छौ ।
तिम्रो आस्थाले
हिटलर, टिमुर, ओसामा बिन लादेन जन्मायो
अझै जन्मदै छन् पिपासुहरू
अब पनि चेतना आउँदैन भने कहिले आउँछ ?
अब त बिर्स त्यो खोक्रो विश्वासलाई
कल्पनाका शिवलाई, क्राइस्टलाई
पृथ्वीलाई स्वर्ग बनाउन लागि पर
त्यो कल्पनाको संसारको चाहनालाई त्यागिदेऊ ।
र यो धर्ती नै तिम्रो स्वर्ग हो
यहाँका समस्त प्राणी नै तिम्रा भगवानहरू हुन्
तिमी सूक्ष्म दृष्टिले हेर्छौ भने ।

तिम्रो भगवान्ले कथा पुराणबाहेक
कतै कसैको कल्याण गरेको
कुनै उदहारण छ ?
नजिर छ ?
तै पनि किन नतमस्तक
त्यो असत्यप्रति
त्यो अन्धकारप्रति ?
एउटा हात्तीलाई बचाउन
गरुडको स्पिड नै कम भयो भनेर
आकाशबाट हामफालेर आउने भगवान्लाई
त्यत्रो दुःख देख्दा मन नदुःख्नुमा
कतै चाकडी कम भएर हो कि ?

# बाढी



❖ डा. दामोदर पुडासैनी 'किशोर'

**बाढी -१**
गाउँ, सहर र बस्तीमा
मृत्यु, यस्तो बायुवेगमा आयो
कि मृत्यु पनि अत्तालियो
एक्कासि जीवन छोडेका सुन्दर मुहारहरू हेरेर !

खोलाहरूमा नदी आएनन्
प्रलयका प्रहारहरू आए
सपना देख्नेहरू ब्युँझनै नपाई बगे
जो जसको प्राणसम्म जोगियो
भयको रापमा डढिरहेछन्
तिनीहरूले छुट्याउँन सकेका छैनन्
साँच्चै यो जीवन हो या मृत्यु !

**बाढी -२**
गाउँका मान्छेहरूलाई
बाँडिएको थियो ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रमा
सबैको आआफ्नै चालचलन थियो
आआफ्नै भातभान्सा थियो
सदियौँदेखिको उचनीचको कुरा थियो
जब आयो नि बाढी
मर्नेहरू मरे सबै एउटै बाढीले !

जो जो जोगिए नि बाढीबाट
तिनीहरूको छानो एउटै पाल भएको छ
तिनीहरू सबैको एउटै भान्सा चलेको छ !
पुगिसरीले पो निम्त्याउँने रहेछ उचनीचको कुरा
सङ्कटपछि बाँच्ने रहेछ एउटै मानवता !

**बाढी-३**
बाढीले भौतिक सम्पत्तिमात्र बगाएन
बगायो बुढा बाआमाका सन्तति फर्कने सपना
परदेसिएकाहरूको घर फर्केर
बाटो, पाटो र खाटोमा रङ ल्याउने सपना
कैयौँ गाउँलेहरूको
गाउँको मुहार बदल्ने सपना
बाढीले
आँगन र मझेरी मात्र बगाएन
विद्यालय जाने नानीहरू र तिनका
अक्षर र आबाजका प्राणहरू पनि बगायो
पहाड फोरेर गरो र पाटो बनाउनेहरू
सबैलाई बगायो
जीवनका भन्ने र सुन्ने
सबैको आबाज बगायो !

बाढी आएपछि
संसारलाई माटो र माटोलाई नै संसार बनायो !

**बाढी -४**
हजुरबा, हजुरआमा भन्नुहुन्थ्यो,
'बाढी त त्यस वेला पनि आउँथ्यो
जसरी अहिले आउँछ बाढी
तर अलि फरक थियो बाढीको चालामाला !'

त्यस वेला
हिमाल हिमालजस्तो थियो
स्निग्ध, सफा र कडा चट्टानजस्तो
पहाड, पहाडजस्तो थियो
हराभरा, अक्षत र फसल जन्माउने गर्भवतीझैँ
नदीहरू कुलकुल बगिरहन्थे बारै महिना
सङ्लो, शालीन र किनारका अनुशासन जोगाएर ।

बाढी त कहिलेकाहीँ त्यस वेला पनि आउँथ्यो
बिस्तारै आउँथ्यो पाहुना आएजसरी
बिस्तारै जान्थ्यो पाहुनै गएजसरी
कसैमा प्रहार हुँदैनथ्यो
कसैमा घाउ छोडिँदैनथ्यो ।
हजुरबा हजुरआमाहरू बिलाउनुभयो यो धर्तीबाट
बुबाआमाहरू पनि अस्ताउँनुभयो यो संसारबाट
जब पुर्खाहरू अस्ताए यो धर्तीबाट
हामीले भुटुन् हालेर भुट्यौँ यो धर्तीलाई
धुवाँ र धुलोले छोप्नखोज्यौँ पूरै सूर्यचन्द्रलाई
एसिडको बोतलभित्र कोच्न खोज्यौँ
पूरै बायुमण्डललाई !

माटोलाई डढाएर खरानी बनायौँ
पानीलाई घोटघाट पारेर बारुद बनायौँ
यो सबै देखेपछि
हिमाल हिमाल रहेन
समुद्र समुद्र रहेन
आकाश आकाश रहेन
त्यसपछि
पृथ्वी, आकाश, पानी र घाम सबै बहुलाए
कुपुकुपु खान थाले मान्छेलाई
र मान्छेका सबै सपनाहरूलाई !

**बाढी-५**

बाढी आयो
बाढीले घरबार, बाटोपाटो र छरछिमेक
कैयौँ बगायो
बाढीमा बगिरहेका वेला
केही मान्छेहरू पसे नदीमा
नदीमा बगिरहेका थिए
घाइते मान्छेहरू
मान्छे र जनावरका लासहरू
ग्यासका सिलिन्डर र बडेमाका माछाहरू !

नदीमा पसेका मान्छेहरूले
घाइतेहरूलाई छोएनन्
तानातान र छोपाछोप गरे
ग्यासका सिलिन्डर, माछा, बाख्रा र भैँसीहरूलाई
ओल्टाइपल्टाइ गरे लासहरूलाई
गहना फुकाले, कपडा उतारे
र हुत्याइदिए त्यही बाढीमा !
बाढीमा बग्दाबग्दै आइरहेको आबाज भने
कसैले वास्ता गरेन
बचाऊ ! बचाऊ !! हामीलाई बचाऊ !!!

**बाढी-६**

बाढी रोकिएपछि
बाढीले खाएको बगरमा
फर्किए बिस्तारै मान्छेहरू
बिस्तारै निर्माण हुनथाले घर र आँगन
बिस्तारै कोरिन थाले
मान्छेका जीवनजस्ता सडक र नहरहरू ।

बिस्तारै मान्छेहरू भन्नथाले,
'याङ्त्सेले मानव सभ्यता बगाएका कथाहरू
ह्वाङ्होले सुन्दर इतिहास पुरेका कथाहरू
बङ्गालको खाडीले गाउँ र सहर निलेका कथाहरू ।'
नदीले मान्छेलाई ब्युँझायो
नदीले नै मान्छेलाई निलिदियो
नदीलाई सुनामी भोगेर पनि
मान्छेले छोडनसकेन नदीका किनारहरूलाई !

नदी सङ्लिन थालेपछि
ससाना नानीहरू खेल्नथाले आँगनमा
गाई, भैँसी र बाख्राहरू कराउँन थाले चरनबाट
नदी त पानीको बाटो न हो
त्यतातिर नजर लगाउनहुन्न भन्ने
अझै बुझे कि बुझेनन् मान्छेहरूले कुन्नि ?
नदीले भने बिस्तारै सङ्लिँदै
आफ्नै बाटो समाएको छ ।

*ग्वङ्गबुँ, नयाँबसपार्क, काठमाडौँ ।*

# उपायहीन उपाय

❖ साम्ब ढकाल

उ त्यो बगरमा उत्तानो बेजोडी चप्पल छ नि
त्यो हजुरआमाको हो ...
उ कान्लाको कलेजी मजेत्रो आमाको
यही मजेत्रो जहिल्यै टाउको दुखेका वेला
नातो बाँध्ने गर्नुहुन्थ्यो
भोटे बाढीको दिन
एकदम टाउको दुख्यो भन्नुभएथ्यो
खेत ऊ त्यहाँ थियो
जहाँ अहिले छङ्गाछुर भिर बगरतिर झरेको छ
घर यही कान्लामुनि हो
कान्लामुनि अहिले खोला बगेको छ
म जहाँ निःसहाय उभिएको छु
म एक्लै बाँचेको छु
भविष्य बनाउन स्कुल गाकी
मेरा अधबैंसे बाबा बग्नु भो भन्छन् देखी जान्ने
मेरा उत्तरार्धीतिरका हजुरबा
खेत हेर्न जानुभएको रे
गएका गएकै हुनु भो !
हजुरआमालाई आँगनबाटै
भोटे बाढीले तान्यो र बेपत्ता बनायो !
आमालाई घरधन्दामै भुल्दा
जुठेल्नाबाटै भोटेकोसीले लतार्‍यो !
दाइ भर्खरै जागिर खान स्याफ्रुतिर
फर्केको थियो
खुटखबर केही छैन !

उफ ! म जो बाँचे बेकार बाँचे
प्रार्थना गर्दागर्दै सरले
घरतिर त पठाउनुभयो बचाउँन
फगत म बाँचे
मेरा सबै भोटेकोसीमा बगे
म किन बाँचे
यही उपायहीन उपायमा छट्पटिन ?
यो अकल्पनीय विपत्ति ममाथि किन खन्यायौ प्रकृति ?
मैले यो अनकन्टारमा जन्मेको फल दिएका हौ धरती !
मैले म भएर अब कसरी बाँच्न सक्छु भन त विधाता ?
भनिदेओ न कोही छ मेरो ?
कोही छ मेरो ?? छ कोही मेरो ???

हामीलाई के थाहा कसरी ओजोन प्वाल पर्छ ?
हामीलाई के थाहा ग्लेसियल कोल्याप्स भनेको के हो ?
हामीलाई के थाहा बेडरक मुभमेन्ट केलाई भन्छन् ?
हामी, हामी त यो कन्दरामा
खनीखोस्री फगत जीवन धानिरहेका थियौं
हामी, हामी त यो अभेगमा
दुनियाँका विकास/विनाशका लीला हेरिराखेका थियौं
त्यही विनाश हाम्रै आँगन लतार्न आउनुपर्ने ?
त्यही विनाश हाम्रै खेत खसाल्न आउनुपर्ने ?
त्यही विनाश हाम्रै घरबारी बेमाख पार्न आउनुपर्ने ?
त्यही विनाश हाम्रै अस्तित्व सखाप पार्न आउनुपर्ने ?

*'गन्तव्य' हेटौंडा- ४ हुप्रचौर*
*आकर्षण मार्ग, रोड नं.५*

**हार्दिक श्रद्धाञ्जली**



**नारद गौतम**
**निधन : ३० साउन २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।**

**शब्द-संयोजन परिवार**

# टुहुरो रोदन

❖ अनिल पौडेल

अहिले कोही छैनन् साथमा हुनेहरू
जसको न्यानो काखमा हुर्किँदै थिएँ म
बा हुनुहुन्थ्यो आमा हुनुहुन्थ्यो
दाजु, दिदी र आफन्तहरू हुनुहुन्थ्यो ।
घर थियो, बारी थियो
छेउमा स्कुल थियो
घण्टी लाग्नुअघि नै चौरमा पुगेर दौडिन्थ्यौं ।
अचानक एक दिन बिहान नौबजेतिर
हामीलाई निल्न आयो भोटेकोसी !
भाग्दाभाग्दै भिरमा झुण्डिन पुगेँ
बुकिझार समातेँ
सुनाखरी समातेँ
काँडाका ससाना बोटहरूमा झुन्डिएँ
आफूलाई भिरमै टाँसेर राखेँ ।

के आयो पनि थाहा छैन
कसरी आयो पनि थाहा छैन
घाम छँदै पानी नपर्दै
के भएर आयो पनि थाहा छैन !
के रहेर आयो पनि थाहा छैन
के गएर आयो पनि थाहा छैन
खोलामा खोलो माथि चढेर आयो
पहाडमा पहाडमाथि नाघेर आयो
कमिलो जत्रो पनि देखेन मान्छेलाई
पुल खायो, गाउँ खायो, सहर खायो
सिङ्गासिङ्गै खेतका फाँटहरू खायो
मिलिक्कै हाम्रो स्कुललाई निलेर गयो
मेरोलागि
नयाँबाबा नयाँआमा बनिदिनुहुन्छ ?

# क्षणभर

❖ तारक धिताल

त्यो कोमल शरीर, सुन्दर मुहार, मधुर वाणी
रमाउँदै थिए कोही, चलाउँदै खोलाको चिसो पानी
प्रियजनसँगका कुरादेखि काममा व्यस्त तलामाथि
क्षणभरमै आयो बाढी भेउ नै नपाई प्रलयकारी !

शरीर लास भो, बगायो तत्क्षणमै कता कता
घर सबै उजाडिए देखिन्न केही यताउता
न सम्पत्ति न पद, न शक्ति न त कुनै भक्तिले
के सक्थ्यो बचाउन सयौँ ज्यान, बगायो जो बाढीले ।

बिहानसम्म थियो परिचय तिनको गर्विलो
साँझपख अलि तल पुगी अपरिचत भई गयो
बग्दै सड्दै जो भेटिए पाए तिनले 'नम्बर ट्याग'
गाडिए जमिनमा, छिरेर भित्र त्यही नम्बरको 'कालो ब्याग' !

उद्धार राहत सकेसम्म जेजति राम्रै भए
तर हुन सकेनन् कति समयमै नगर्दा निर्णय
आपत्मा पनि घमण्ड स्वार्थ आफ्नै हेरेजस्तो
भएन कि लिइएन साथसहयोग किन खुलेर सबैको ?

उठ्यो दुःखमा आक्रोशको लर्को अन्ध समर्थन झन् चर्को
दिग्भ्रमित पार्ने सूचनाले हेर सञ्जाल कति भरिएको
मै हुँ भन्नेहरू आफ्ना तस्विरसँगै थाले बाड्न अर्ती
छ गारो कति पीडितलाई व्यहोर्न आफ्ना जनको क्षति ।

सके गरौँ सहयोग सकिन्छ जेजति
नभए प्रार्थना-कामना सबैको भलो होस् भनी
गजक्क आफैँ कति हुने सञ्जालको भित्तो रङ्गाई
विपतमा बनौं संयमित स्वयमूलाई जिम्मेवार बनाई ।

जाने गै'गए बाँच्नेले अब दिन कसरी काट्ने
अभिभावकविहीन ससाना नानी कसरी हो हुर्कने ?
विपद्को पाठ अब कसरी ककसले के सिक्ने
भविष्य खै कसरी होला हामीले सुरक्षित पार्ने ?



❖ डम्बर पहाडी 'एलाक'

# रसुवा भोटेकोसीको ताण्डव !

अकल्पनीय, अप्रत्याशित
शून्यतामा डङ्का पिट्दै
मुस्लिएर अकास्मात्
पहाड फोर्दै मडारिएर
क्रूर राक्षसी नरसंहारी आयो
न बालक, बृद्ध भन्यो, न सुन्दर बस्ती
आतङ्ककारीले शान्त मनहरू भत्काउदै आयो
कहिल्यै नबिर्सने भदौ दश बनेर आयो !

अन्धकारको तुफानले
जताततै कोलाहल छायो
दुधेबालक, युवा, वृद्धहरूले
ऐया सम्म भन्न पाएनन्
क्षत् विक्षत् पार्दै हुत्यायो
आँसुले भरिएको सागरमा खै कता हुत्यायो
नामो निशाना मेट्दै अघि बढिरह्यो
मुङ्लिङ, नारायणी, देवघा थर्काएर
प्रलय कम्पन गर्दै
हिमचट्टानको पहिरो बनेर आयो !

गेग्रान ढिस्को लेन्दे खोला झर्दै
सासै रोकी नदीको हिलो, बरफ
भीमकाय चट्टानहरूको
कुरूप कालो लेदो बनेर
रसुवा, भोटेकोसी ताण्डव मच्याउदै आयो
रसुवाको स्वच्छ सफा आकाशमा
प्रलयको आँधी तुफान बोकी
भयानक राक्षसी भोटेकोसी बौलाउँदै आयो
यत्रतत्र लेदो भरिएको बगरमा
छरिएका लासका थुप्राहरूमा
मानवता गुमाएका अमानवहरू
लुछिरहे थुतिरहे गहनाहरू !
छरिएका ग्यासिसिलिन्डरमा झुत्तिएर तानातान !

उता
खोजिरहेथ्यो आफ्नो मालिक
करूण स्वरमा भुक्दै रुँदै नङ्गझ्राले कोट्याउँदै
दलदल बगरको लेदो
पशु मान्छे भएर
मान्छे पशु
नाथे एक सिलिन्डर ग्यासको अघि
भएन महत्त्व मान्छेको लास
अझै रोकिएन
भोटेकोसीको विनाशकारी सास
हो, आज देश रोइरहेछ
कैयौं सपनाहरू बगे अनि पुरिए
मानवको अनुपस्थितिमा
जीवनको धर्म नासिएर जान्छ
मानवताको भावना देखाउने वेला यही हो
सहयोगको खाँचो छ आज
छाडेर गएका आत्माहरूमा
भावपूर्ण श्रद्धाञ्जली ! श्रद्धा सुमन !
पीडाले छट्पटिएका मनहरूमा
गहिरो समवेदना !
यस्तो विपत्तिमा स्वार्थ त्यागेर
निःस्वार्थ रूपमा
आऊ मिलाऊँ हाम्रा हातहरू
प्राकृतिक विपत्तिमा दिएर साथहरू !

*शान्तिनगर, जागृति टोल ।*

# पानी

❖ **प्रज्ज्वल अधिकारी**

पानी होइन बाढीजस्तो
क्रोधित मान्छे मान्छे होइन
तिर्खा मेटे पो पानी
कुलोमा बगेर धानबारीमा लागे पो पानी
धाराको टुटीबाट झरे पो पानी
गाग्री भरिए पो पानी
कलिलो ओठ भिजाए पो पानी
जसरी हिटलरको विचार विचार होइन
पानी होइन बाढी
पानीमुनिको माछालाई लागोस्
ऊ जति ठुलो ढुङ्गामुनि कुरमा छ
त्यति सुरक्षित होओस् !
किनारका रुखहरूलाई लागोस्
उनीहरू जति नजिक छन् किनारबाट
सँधै हरियो रहिरहूँ !

तर
त्यही ढुङ्गा बज्रियो काल बनेर
तिनै रुखहरू निमेषभरमा चिसा मुढा बने
जसरी नाथुरामको बन्दुकको गोली क्रान्ति होइन
पानी होइन बाढी
सृष्टि बसाए पो पानी, जग हँसाए पो पानी
सग्लो भएर जूनको टीका लगाए पो पानी
आफ्नो छङछङ आबाजले राग जगाए पो पानी
शीतै सही मोती भएर टल्किए पो पानी
कम्मरमा अडिएर गाग्रीमा छल्किए पो पानी
आफैं तिर्खाएर रगत पिउने के पानी ?
संसार सक्काएर एक्लै जिउने के पानी ?
आफैं मैलिएर फोहोरी भएको के पानी ?
आफ्नो कर्म, धर्ममै नरहेको के पानी ?

पानी होइन बाढी
जसरी कोपिलाको अस्तित्व सकाउनेहरू
मान्छे होइनन् !

हार्दिक श्रद्धाञ्जली



**योगेन्द्र दाहाल**

निधन : २९ साउन २०८३

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।

**शब्द-संयोजन परिवार**

हार्दिक श्रद्धाञ्जली




**वसन्तप्रकाश उपाध्याय**

जन्म: १५ वैशाख २०२५

निधन: १७ भदौ २०८३

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।

**शब्द-संयोजन परिवार**



❖ हेमन्त मल्ल ठकुरी

# बड्का भलमन्साको विलाप

ए गाउँका मान्छे हो !
आज मेरो बोली भारी छ
ढोल बजाउने हातहरू
आज शोकले काँपिरहेका छन् !
यो बाढीले खेत मात्रै बगाएन
हाम्रो पुस्ताको पसिना बगायो
कसैकी आमा खोस्यो
कसैको बाबुको सहारा लग्यो !

चौतारो रोइरहेको छ
बुढो बरको रुख निःशब्द उभिएको छ
जहाँ हाँसो गुन्जन्थ्यो साँझपख
त्यहीँ आज पीडा उम्रिएको छ !
म बड्का भलमन्सा भएर पनि
सबैका आँसु रोक्न सकिनँ
गाउँको चिहान गन्दै
आकाशसँग प्रश्न गर्न सकिनँ !
तर सुन है छोराछोरी
नदीले घर बगाए पनि
हाम्रो हिम्मत नबगाओस्
हामी फेरि उठ्ने छौँ
माटो समेटेर
मन जोडेर
नेपाललाई फेरि मुस्कुराउने बनाउने छौँ ।



❖ प्रदीपराज श्रेष्ठ

# क्रूर यात्रा

कति  पु¥यो त्यो माटोले
कतिका जिन्दगी र सपनाहरू
खोतलिरहेका छन् गैँती र बेल्चाले
आशा र लासको
परिणाम र परिमाण !

किन बगायौ सोध्नू त्यो नदीलाई
कसैको आशा र भरोसालाई
हाँसो र खुसीलाई
बनायौ एक चिहान के को कसुरमा ?
के परीक्षण गर्नु थियो तिमीलाई
आफ्नो शक्ति या धनजनको विपत्ति
या कुन महत्त्व हुन्छ ?
धनको या जनको सम्पत्ति
या दिनु थियो सरकारलाई चुनौती ?
या चिनाउनु थियो को को छन् विरोधी !

भन ! तिमी ए माटो ! ए नदी !
भीषण बाढीको  कुरूप रूप लिई
कुन अपराधको सजाय दियौ तिमीले !
कतै समाधि कतै जलसमाधि
जति प्रश्न गरे पनि  कमै हुन्छ
छैन तिमीसँग जबाफ पनि ।
सुनाउनु थियो देखाउनु थियो
तिम्रो त्यो दुष्ट रूप र कुकर्म
विनाश गर्ने तिम्रो लक्ष्य थियो
ग¥यौ गर्नु ग¥यौ, अब त खुसी छौ ?
कि अझै बाँकी छ ? तिम्रो क्रूरयात्रा !

*ललितपुर ।*



❖ **बाबुराम न्यौपाने 'उत्स'**

# सुनको किस्तीमा आँसुको व्यापार

ए साथी ! सुन न!
तिमीले टेकेको तिम्रो पैतालामुनि
म चिरनिद्रामा सुतेको छु
अब म कहिल्यै बिउँझन्नँ
मेरो रोदन र निर्दोष कहाली
छातीभित्रै निसास्सिएर
तड्पी तड्पी देहत्याग गरिरहेका छन् !

बहुला भेल ताण्डव देखाउँदै
प्रलयको छालमा छचल्कियो
नदीको कलकल आदिम सङ्गीत
शोकधुनको साइरनमा हरायो
प्रेमका मधुर गीतहरू
शोकगीतमा बदलिए
पवित्र हिमालको कञ्चन हिउँ
कसरी मृत्युदूत बन्यो हँ !

सायद तिमीभित्रको मानवता
जिउँदो छैन
मेरा नाक, कान, घाँटी लुछेर
गरगहना कुम्ल्याउन भ्यायौ
तर तिमीले
मेरो लास बाहिर निकाल्ने
पलभर चेष्टासम्म गरेनौ !
जब तिमीभित्रको मानवता मऱ्यो
तत्क्षण तिमी पशुभन्दा पनि तल
पापको गहिरो कुवामा खस्यौ
म लास भएर पनि बाँचें
तर तिमी जिउँदो भएर पनि मऱ्यौ !

अकल्पनीय घोर आपत्
सहयोगको प्रतीक्षा गरिरहेको वेला
मान्छे सुनको किस्तीमा सजाएर
आँसुको व्यापार गरिरहेको छ !
संवेदना मूर्छा परेको क्षण
उद्धारका सहयोगी हातहरू
फुली, सिक्री, मुन्द्री र बुलाकी लुछ्न
तँछाडमछाड गरिरहेको
कारुणिक दृश्यको आँखीझ्यालबाट
मानवसभ्यताको अन्धकार भविष्य
नरकको अग्निकुण्डमा हामफालेको हेर्न
म विवश भएको छु ।

तिम्रो पैतालामुनिको माटोमा
दबिएको 'म'
उद्धारको भिख मागिरहेको वेला
ओ मानिस !
सुनका गहना लुछ्न व्यस्त छौ
सभ्य युगले तिमीलाई धिक्कार्ने छ ।

दमक, झापा ।

**हार्दिक श्रद्धाञ्जली**



**डा.राजेन्द्र विमल**
**जन्म : १३ चैत २००३**
**निधन : २६ साउन २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**शब्द-संयोजन परिवार**



❖ शिव पलाँस

# भड्किएको आत्मा

सधैँझैँ भदौ १० गते बिहान पनि
एउटा हातले झोला झुन्ड्याएर
अर्को हातले छोरी डोर्‍याएर
स्कुल जादै थिएँ
अचानक
कसरी आइपुगेँ म
यो ढुङ्गा, गिटी, बालुवा र पानीमुनिको संसारमा ?
त्यो उज्यालो संसारबाट
यो निष्पट्ट कालो संसारमा !

साँच्चै म मरेकै हुँ त ?
मेरी छोरी मरेकै हुन् त ?
बाटोमा हिँडिरहेका मान्छेहरू
अकस्मात् कसरी मर्छन् ?
मलाई त विश्वास नै लाग्दैन
सायद मेरो बच्चाको बाउलाई पनि
विश्वास लाग्दैन
हामी मरेकै हौँ भनेर ।

मेरा मुटुका दुइटा टुक्रा
मेरा आँखाका दुइटा नानी
मेरा सहारा, सपना, भविष्य र विश्वासलाई
मैले छोडेकै छैन
ती अझै पनि छटपटाइरहेका छन्
एउटा मेरो अँगालोमा
एउटा मेरो पेटभित्र ।
कल्ले मार्‍यो ?
किन मार्‍यो ?
कसरी मार्न पाइन्छ विनाकारण
स्कुल गइरहेकी छोरी
जन्मिन ठिक्क परेको सन्तान
अनि
उनीहरूकी आमा ?

मैले आकाशमा ओछ्याएर
आगोको च्यादर
बारुदको बिस्कुन सुकाएकी पनि थिइनँ
पृथ्वी पोलेर हावामा खरानी
उडाएकी पनि थिइनँ
फेरि किन
बालुवाको थुप्रोले मेरै धानखेत अँठ्याइरहेको छ !
उर्लिँदो बाढीले मेरै बस्ती उजाडिरहेको छ !
हिउँको बम मेरै शिरमा पड्किरहेको छ !

प्रकृति एक सृष्टि
म अर्को सृष्टि
कसरी एक सृष्टि अर्को सृष्टिमाथि
बज्रपात खसिरहेको छ ?
शक्तिशाली, विशाल र सम्पन्न जो जति छन्
उनीहरूले धर्ती र आकाश च्यातिदिएको सजाय
म निर्दोषले किन भोग्नुपरिरहेको छ ?
कसम !
यही प्रश्नले दिमाग सड्किरहेको छ
कसरी शान्ति मिल्छ मलाई खोई ?
जब कि
यो आत्मा दिनरात भड्किरहेको छ ।

*हाल अमेरिका*



❖ शर्मिला कार्की 'सरु'

# विवश आँसुहरू !

हृदयमा केले थिचेजस्तै
निर्दय भएर
निचोरी रहेजस्तै भएको छ
अहिले मेरा आँखाबाट पनि
सङ्लो बाढी प्रवाहित छ निरन्तर
भोटेकोसीले जस्तो
सायद लेदो बगाउँथे होलान्
तर आँखाभित्र सङ्लो मुहान मात्रै हुँदो रहेछ ।

अचानक बगेका छन्, पुरिएका छन्
सारसौँदा बस्तीहरू
हाँसीखुसी चलेको दैनिकीमा
अनायास उर्लिएर खनिएको छ प्रलय
विकल्परहित मृत्युले
एकैचोटि
हजारौँ जीवन निलिदिएको छ
म त्रसित मनस्थितिमा अत्तालिन्छु
मेरो शरीर थर्थरी काँमेको छ
मानूँ म आफैं
त्यो अकल्पनीय सङ्कटमा फँसेकी छु
पुरिएकी छु निर्दयी लेदोको ज्वारमा
निसास्सिँदै म मृत्युको आहारा भएकी छु ।

मेरा अनेक सहकर्मी साथीहरू
खेतमा धान गोड्दागोड्दै
चिच्याउनसम्म नपाई
यमराजको कठघरामा पुगेका छन्
कैयौं कर्तव्यपरायण कर्मचारीहरू
कर्तव्यनिर्वाह गर्दागर्दै
कार्यालयसँगै वेपत्ता भएका छन्
सुरुङभित्र जीवनलाई
अन्तिम बिदाइ गर्दै छन्
बगरमा समात्नसकेका मृत देहहरूसँगै
सयौं सपना सिद्धिएका छन्
बच्चाहरूका लागि न्यानो ममता सकिएको छ
आमाहरूको काख शून्य भएको छ
बाबुको ममताको छातीमा
पुनः ममता पलाउन नसक्ने भएको छ
अनि त मेरा दुबै आँखा
त्रिशूली र भोटेकोसीमा अनुवाद भएर
निरन्तर बगिरहेका छन् !

कति दुख्नु अझै हामी ?
अहिले छातीभित्र
स्याफ्रुबेंसी, त्रिशूली, बेत्रावतीहरू
दुख्नुसम्म दुखेका छन्
विधवा स्त्रीको उजाड बैंसजस्तो अनुहार
अब विद्रुपताको पर्याय बनेर
देखिएको छ
कहिलेसम्म दुखाउलान् यी उजाड दृश्यहरूले ?
रसुवामा चिया पिउँदै गर्दा बग्न पुगेका
विश्वास लामिछाने भाइ
के के काममा व्यस्त अन्य कैयौँ भाइहरू
कतै जीवित भेट्न पाए पनि
हुन्थ्योझैँ लाग्छ
सबै जीवित रहुन् भन्ने कामना जाग्छ
सानीनानीको जीवित उद्धारको दृश्यले पनि
हर्षका आँसु नै बगाएको छ
लासबाट गहना तान्नेहरूको मनोविज्ञान देखेर
मानवीयता कोसौं पर गएको बुझेर
आफैंलाई घृणाको गहिरो खाडलमा खसालिदिन्छ
खोई मानवीयता ?
पैसामा बिक्न खोज्छ मान्छे
यो चरम सङ्कटको घडीमा पनि
सेफ फोरेर पैसा बाँड्नथाल्छ
हरे !
कसरी बुझूँ म मान्छेलाई ?
म हठात् धर्ती भएर चिच्याउन पुग्छु
"नतताऊ मलाई अझै
म तातो पिण्डबाटै उछिट्टिएकी हुँ
ताप खप्न नसकेरै पग्लिएकी हुँ

मैले ताप धारण गर्नै परेपछि
पग्लिनु पनि पर्छ
म घरि घरि यसरी पग्लिन चाहन्न
बाध्यतामा पग्लिनुपर्दा
मलाई असह्य पीडा हुन्छ
अनि मैंले आँसुको बाढी भएर
बग्नै पर्ने अकाट्य बाध्यता हुन्छ।"

*पैयुँ -२, पर्वत हाल पोखरा।*

**चारु**



**❖ पवनकुमार बुढाथोकी**

## बाढीको धेरै डर

लाग्दै छ लेन्दे, भोटेकोसी र त्रिशूली नदीमा
आएको बाढीको धेरै डर
क्षणभरमा नै सबै सखाप पाऱ्यो
वरपरका गाउँ बस्ती चराचर!
तिर्थयात्री, पैदलयात्री धेरै थिए
नदी किनाराका बस्तीहरूमा
भोग्नुपऱ्यो तिनले असामान्य
सोच्दै नसोचेको प्राकृतिक कहर!

कोही तीर्थ गर्न त कोही डुल्न फिर्न
बिहानै पुगेका सबै नदीका किनारा
धेरैलाई नै फर्कन दिएन
त्यसैदिन दश गते आएको बाढीले घर!
तिब्बत ल्हेन्दे हुँदै बाढी त
हिलो धुलोको पहाड नै बनेर आयो
भाग्न नै कहीं कसैले पाएनन्
पहाडको चेप थियो है वरपर!
मानवीय बसबाहिरको घटना र परिस्थिति थियो त्यो
प्रकृतिले नै ताण्डव मच्चाई बगाएपछि कस्को के लाग्छ र!

*काठमाडौं।*



**❖ रजनीमिला**

## विनाशको यात्रा

समयभन्दा छिटो
यात्रा तय गऱ्यो विनाशले
जे थियो त्यो छैन
जो थिए ती पनि छैनन्!
ए दुष्ट पुँजीवादी हैकम!
तैंले हत्या गरेको होस्
मेरा सहस्र दौंतरीहरूलाई
र नदीसित जुहारी खेल्ने सुकोमल
अनुहारहरूलाई!

नदीको रौद्र रूपमा उर्लिरहेका छन्
तिम्रा ज्यानमारा हर्कतका छायाँहरू!
सम्भवतः
यो विनाशको यात्रा
तिम्रै मृत्युको आलेख बोकेर
भौंतारिरहेको छ ल्हेन्दे नदीबाट फेदमा!
बौरिएका छन्
तिम्रा अभीष्ट आकाङ्क्षाहरूबाट
अभिशप्त सयौं सूर्यहरू
र समयभन्दा बेगवान्
विनाशका किरणहरू
तिम्रो दैलामा घर्किसकेका छन्!
रसुवा, नुवाकोट र टिमुरे
तिमीहरू निदाउनुपूर्वै
दुष्ट पुँजीवादी हैकम ध्वस्त हुने छ।

*कीर्तिपुर*

❖ ज्योति जङ्गल


# ओ युद्धकारीहरू !

ओ युद्धकारीहरू !
यो हिउँपहिरो तिम्रो मिसायलले झारेको हो
बम र बारुदले
आकाशमा तातो तातो ज्वाला उमारेर
वर्षौंदेखि तिमेर्ले निम्त्याएको कथित युद्ध
कुनै राज्य र शक्तिको अहम् होला
तिमेर्लाई खेल खेलेजस्तो लागिरहेको होला
तर हिमाललाई देवता मानेर
नदीलाई आमा मानेर
शान्त बाँचिरहेका निर्दोष मानिसमाथि
खनिएको यो नदीको विस्फोट
तिम्रै कालो करतुतको परिणाम हो !
तिमेर्लाई त मानिस पनि
भुसुनोजस्तो लाग्दो हो
तिमेर्लाई त प्रकृति पनि
आफैँ हुँजस्तो लाग्दो हो !

हेर्नू !
एक दिन
अतिचारले भरिएपछि
पृथ्वी तातो आगोको डल्लो भइजाला !
हेर्नू !
तब तिमेर्को दम्भले
कोइला बनेको यो जङ्गल
बालुवा बनेको यो माटो
र बगर बनिगएको समुद्र ।
ओ युद्धगामीहरू !
जति नै विकासको डम्फु बजाए पनि
प्रकृतिको तत्त्व मिलेर नै
तिम्रो निर्माण भएको हो
युद्धमा कसैको विजय हुँदैन
फगत् हार्छ त प्रकृति हार्छ
मासिन्छ मानिसको बिउ
मासिन्छ जैविक अस्तित्व !
आजै बिसाऊ युद्धको मातण्ड
बिसाऊ हतियार मिसायल
तटस्थ गर गोला बारुद क्षेप्यास्त्र
र ढोग प्रकृतिलाई
क्षमा माग
क्षमा माग
दुबै हत्केला जोडेर
दुबै परेला बन्द गरेर
ध्यानले हेर आफूलाई
कति हत्यारो छ तिम्रो अनुहार
कति भयङ्कर छ तिम्रो हृदय
कति कुरूप छ तिमी हिँडिआएको बाटो !
अब वेला आइसक्यो प्रायश्चितको ।

ओ युद्धकारीहरू !
तिमेरु वर्तमान मात्र होइन
भविष्यको हत्या गरिरहेका छौ !
तिमेरु समयको हत्या गरिरहेका छौ !
हिमाललाई नाङ्गो बनाइरहेका छौ
तिमेरु ब्रह्माण्ड मासिरहेका छौ !

**हार्दिक श्रद्धाञ्जली**



**दुर्गालाल श्रेष्ठ**
जन्म : जुलाई १९३५ (वि.सं.१९९२)
निधन : १ भदौ २०८३

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# संवेदनाको सङ्कट

❖ डा. पूर्ण भण्डारी पङ्कज

भोटेकोसी अझै कराइरहेछ
उसको पानीमा केवल हिमालबाट
खसेका बरफ र ढुङ्गा छैनन्
मानिसका सपना छन्
घरका आँगन छन्
आमाका आँखा छन्
र फर्केर नआएका मानिसहरूको प्रतीक्षा छ !

बाढीले पुल बगायो
घर बगायो
बाटो बगायो
तर त्योभन्दा डरलाग्दो कुरा
हामीभित्रको समवेदना बगायो
हाम्रो मनभित्रको
कुनै किनारमा
एउटी आमा आफ्नो छोराको
नाम बोलाइरहेकी छिन्
अर्को किनारमा
लास र ग्यास एउटै भेलमा बगिरहेछन्
ग्यास तान्ने हातहरू लाससम्म पुग्दैनन्
पुगे भने पनि
कसैले नदीबाट लास समातेर
त्यसको कान छामिरहेको छ
उसलाई मानिस भेटिएन
उसले केवल केही सुन भेट्यो !

त्यो क्षण
भोटेकोसीभन्दा गहिरो बाढी
हाम्रो समाजभित्र पसेको छ
हिजो हामी भन्थ्यौँ
मान्छे मरेपछि
उसको शरीरलाई काँध दिइन्छ
आँखामा आँसु आउँछ
अपरिचित भए पनि
उसका लागि एउटा दीप बालिन्छ
आज भने
लासको छातीमा हात राखेर
धड्कन खोज्ने हातभन्दा
खल्तीमा पैसा खोज्ने हात बलियो भएको छ !

यो कस्तो समय हो ?
पहाड फुट्दा
नदी रातो भयो
तर मान्छेको मन
त्यसभन्दा पनि कालो देखियो
भोटेकोसीले हामीलाई
एउटा ऐना देखाएकी छिन्
त्यो ऐनामा
बाढीले बगाएका घरहरू मात्र छैनन्
हामी आफैँ देखिएका छौँ
हामीसँग पुल बनाउने प्रविधि छ
बाँध बनाउने ज्ञान छ
उद्धार गर्ने हेलिकोप्टर छ
तर
मानिसलाई मानिस ठान्ने हृदय
कतै पहिरोमुनि पुरिएको त छैन ?

आज प्रश्न कति घर बगे भन्ने मात्र होइन
प्रश्न यो हो
हामीभित्रको मान्छे कति बाँकी छ ?
किनकि बाढीले बगाएको घर
फेरि बनाउन सकिन्छ
टुटेको पुल फेरि जोड्न सकिन्छ
तर मृत शरीरमा पनि
आफ्नो स्वार्थ खोज्ने मानिसको हृदयबाट
हराएको मानवता
कुन नदीबाट फर्काएर ल्याउने ?
भोटेकोसी अझै बगिरहेकी छिन्
सायद
हामीलाई बगाउन होइन
हाम्रो कठोर मन पखाल्न
तर डर यही छ
कतै नदी सफा हुँदै जाँदा
हामी झन् फोहोर हुँदै जाने त होइनौँ ?

*कर्णाली ।*

# सावधान ! होसियार !!

❖ भवानी खतिवडा

आफैले पालेको कुकुरको पनि
पटक पटक पुच्छर तानेर
जिस्क्यायो भने के हुन्छ ?
घरकै बिरालोलाई पनि
ढोका थुनेर कुट्न थाल्यो भने के हुन्छ ?
हो, यही कुरो लागू हुन्छ धर्तीमातामा पनि
हाम्रै अत्याचारको सीमा नाघेर
बुढीआमा नै रिसाएका दिन के हुन्छ ?

हो, हामीले पनि
अति नै गरेका छौँ आमाको छातीमा
आमा हुन्, कुभलो चिताउन सक्तिनन्
तैपनि सङ्केत दिएकै छिन् पटक पटक
कहिले 'सुनामी' बनेर छचल्किएकी छिन्
कहिले 'हुदहुद' बनेर हुँडलिएकी छिन्
कहिले 'निलोफर' बनेर निश्वास छोडेकी छिन्,
कैटरिना, नर्गिस र स्यान्डी बनेर
पटक पटक कोल्टे फेरेकी छिन्
हरिकेन, टाइफुन र साइक्लोन बनेर
चैनसँग निदाउन नसकेको सङ्केत
पटक पटक गरेकै छिन्
तैपनि हामीले सङ्केत बुझेनौँ
र अब आमा 'एलिना' बनेर
समुद्रको पानी तताउँदै छिन् !

आफैँभित्र भूकम्प र ज्वालामुखीको
शक्ति बोकेकी आमाका लागि त
सिङ्गो समुद्र नै
चिया पकाउने 'कित्ली' जस्तै हो महाशय
यो उम्लेका दिन
एक फोक्सो श्वास फेर्न
जाने ठाउँ कहाँ हुन्छ ?
पृथ्वी नै तातेको तावा भएपछि
तपाईंको भाग्ने ठाउँ कहाँ हुन्छ ?

# झरी

❖ इन्द्र केसी

डियर झरी !
एकछिनमै आकाश कालो भयो
पहिला माथिबाट आबाज आयो- धडाम
पहाड खस्यो
त्यसपछि तलदेखि आबाज आयो- गर्रर
त्रिशूली उर्लियो, हामीले केही बुझ्न पाएनौँ
झोला छुट्यो, चप्पल छुट्यो, नाम छुट्यो
नागरिकता कागजमा थियो
कागज पानीमा गयो !
बैङ्कब्यालेन्स मोबाइलमा थियो
मोबाइल खोलामा बग्यो
हिजो गरेको झगडा, भोलिको योजना
सबै सबै एकै छिनमा माटो भयो
विलीन भयौँ ।

अब हाम्रो घर छैन डियर
ठेगाना थियो, त्यो ठेगाना अब नक्सामा छैन
फोटो थियो, त्यो फोटो एल्बम खोलामा छ
सम्बन्ध थियो, त्यो सम्बन्ध अब
'बेपत्ता'को लिस्टमा छ, त्यसैले हामी आएका छौँ
तपाईंको घरको ढोका ढकढकाउन
तपाईंको आँगनमा एक छिन बस्न
तपाईंको चियाको कपबाट एक घुट्को माग्न
हामीलाई पैसा चाहिँदैन, हामीलाई नाम चाहिँदैन
हामीलाई केवल एउटा कुरा चाहिन्छ,
"तिमी एक्ला छैनौ" भन्ने एउटा आबाज ।

हामी त्यही हौँ जसले
हिजोसम्म भन्थ्यौँ - "म फर्किन्छु ।"
हामी त्यही हौँ जसको
सपनाको जरा रसुवाको माटोमा थियो
हामी त्यही हौँ
जसलाई प्रकृतिले एक छिनमा याद गरायो,
'मान्छे ठुलो होइन, म ठुलो हुँ ।'
उहीँ तिम्रो मन बाढीपीडित ...।

दाङ ।

# भोटेकोसी होइन- प्रलयको आँसु



❖ बलराम कोइराला रामकोटे

प्रकृतिको मौन प्रश्न
सबैले भने,
"भोटेकोसीमा आज बाढी आएको छ"
मेरो आँखाले त त्यहाँ
प्रलय नाचेको देखें
हिमशिखरको छाती चर्की
आँसु बगेको देखें !
भोटेकोसी भएको भए
यति क्रूर हुने थिएन
यति धेरै यात्रुसहितका
गाडी बग्ने थिएनन् !

बाबु कहाँ ? आमा कहाँ ?
छोराछोरी कहाँ गए ?
इष्टमित्र, छरछिमेकी कुन् भेलमा हराए ?
पुलहरूका पाइलाहरू
एकपछि अर्को ढले
खेतबारी, पसल-व्यापार
एकैछिनमा बगे !
भोटेकोसी दोषी होइन
ऊ त केवल माध्यम
प्रकृतिको पीडा बोकेर
आएको थियो सन्देश ।

धरती तात्यो हिमाल पग्ल्यो
आकाश भयो उदास
मानवको लोभलालचले
बढ्यो प्रकृतिको त्रास ।
वन फाँड्यौं, पहाड फोड्यौं
नदीको छाती चिऱ्यौं
विकास भन्दै विनाशका बिउहरू पो छऱ्यौं !
आज प्रकृतिले रिसको आवेग
भेल बनेर बोलिन्
भोटेकोसीको माध्यमबाट आफ्ना आँसु खोलिन् ।

यो सुरुवात मात्रै हो कि ?
अझै बाँकी छ वार ?
मानव ! अब चेत, नत्र फेरि
कहाँ हुने छ घरबार ?
विज्ञानलाई सोध अब उत्तर तुरुन्त खोज
हिमाल, नदी, धरती बचाऊ
मानव अस्तित्व रोज !
सरकार ! अब जाग
विश्वविज्ञानसँग हात मिलाऊ
पूर्वसूचनाको दीप जलाऊ
प्रलय रोक्ने बाटो चलाऊ ।

नदीसँग रिस नगरौं
प्रकृतिसँग प्रेम गरौं
विकासको नाममा विनाश होइन
दिगो विकास रोजौं, अघि बढौं ।
भोटेकोसी आज बोलिरहेछ, "म दोषी होइन, दूत हुँ
मानवलाई चेताउने सूत्र हुँ ।"
त्यसैले
बाढी मात्र नभन यसलाई
प्रलयको पाठ पढ
प्रकृतिको मौन प्रश्न बुझ
आजैदेखि बाटो बदल ।
हिमाल बचाऊ, नदी बचाऊ
हरियो धरती बचाऊ
प्रकृतिसँग मिलेर बाँच
मानव अस्तित्व बढाऊ ।

# चिरो



❖ भरत गैरीपिप्ली

भित्तामा  एउटा मसिनो चिरो थियो
यति मसिनो, औँलाको नङ पस्नेजति
हजुरबाले छाम्नुभयो, केही भन्नुभएन ।
भोलिपल्ट चुनाले त्यसलाई सेतो पाऱ्यो ।

वर्षा आयो
चुनामुनिबाट एउटा थोपा निस्कियो
आमाले त्यसमुनि भाँडो थाप्नुभयो
टुप्, फेरि टुप्, रातभरि
भाँडोभित्र सानो आकाश हल्लिइरह्यो ।

अर्को वर्ष
चिरो अलिकति तल झऱ्यो
आमाले औँला राखेर हेर्नुभयो
औँलामा चुना लाग्यो
उहाँले त्यो साडीको छेउमा पुछ्नुभयो
तर केही भन्नुभएन ।
त्यही वर्ष छोरो सहर गयो ।
ढोकाबाट फर्केर भन्यो, “आमा ! चिन्ता नगर्नू ।”
ढोका बन्द भयो, चिरो अलिकति लामो भयो !

छोरी परदेश गइन्
उनले पनि भनिन्, “फोन गर्छु ।”
आमाले फोन तकियामुनि राख्नुभयो
हरेक साँझ घण्टी बजेन !
भित्ताबाट थोरै मसिनो धुलो झऱ्यो ।
एक दिन  फोन आयो
“आमा !  घर बेचौँ ?”
धेरै बेर  उताबाट केही आएन

आमाले  भित्तातिर हेर्नुभयो
औँला चिरोमा राख्नुभयो
“हुन्छ ।”
त्यो रात पानी परेको थिएन
तैपनि भित्ताबाट, टुप् टुप् पानी झऱ्यो !

बिहान  भाँडो खालि थियो
भुइँ सुक्खा, भित्तो सुक्खा
आमाको औँलामा अलिकति चुना !
केही दिनपछि, आमा रहनुभएन
घरमा सामानहरू बाँडिए
दियो गयो, दराज गयो, ओड्ने गयो
चाबीहरू सबैले लगे, ढोका त्यहीँ रह्यो !

घर भत्काउने दिन
मैले अन्तिमपटक चिरो छामेँ
यसपटक औँला भित्रसम्म गयो
घन लाग्यो
भित्तो फुट्यो, चिरो खुल्यो
भित्र  एउटा पुरानो भाँडो थियो
त्यही
पिँधमा सेतो दाग
मैले औँलाले छोएँ, दाग मेटियो ।

बाहिर घन फेरि बज्यो
घर ढल्यो, छानो खुल्यो
आकाश एकैचोटि भित्र पस्यो
धुलो बिस्तारै बस्यो
म उभिइरहेँ ।
हातमा त्यही पुरानो भाँडो
पिँधमा फेरि एउटा सेतो दाग
आकाश खुला थियो
वर्षा थिएन
टुप् ! टुप् !
भाँडोभित्र
एउटा थोपा !

# क्रूर व्यङ्ग्य



❖ कात्यायन

भिमकाय रूप लिँदै
उदण्ड प्रलय मच्चाएर गयो भोटेकोसी
अतिरिक्त सन्त्रास अझ जिउँदै छ !
हिउँ भनेन
पाखा पखेरु गनेन
नदीनाला चिनेन
न वस्ती भन्यो
न मान्छेहरू चिन्यो
न पशुपंछीहरू
न घाटहरू चिन्यो
न अस्पतालहरू नै
शिक्षा चिनेन र पाठशालाहरू पनि
मठ, मन्दिर र चैत्यहरूको त वास्ता हुने नै भएन !

त्यो रौद्र कालो थियो
उज्यालाका द्वारहरू थुन्दै गयो
दुर्गममा घाउ पार्‍यो
पखेरामा भाला रोप्यो
फाँटहरूमा गेग्रान छर्‍यो
जिउमा कपास थिएन
वासको कुरा नगरम्
जलप्रवाहमा जल थिएन
प्यास नि बिर्सम्
घाउचोट नगनम् न हजुर
अङ्गभङ्ग नहेरम् न हजुर !
जीवन जिउँदोजस्तो होस् न र पो हाँस्नु !
होस, होसजस्तो होस न र पो रुनु ?
किनारामा सोत्रामका सोत्राम छन्
मुढाजति त सोहरीसके जिउँदा लासहरूले
बाँकी रहेका ती मुढाजस्तै के होलान् हजुर ?
ती दलदलभित्रबाट गन्ध आइरहेछ
माछाकोभन्दा फरक रहेछ, केको होला हजुर ?

घाउहरू चर्चराइरहेकै छन्
भोकका आगोहरू दन्किरहेकै छन्
वीभत्स भविष्यहरूले तर्साइरहेकै छन्
ती सन्भ्रान्त माननीयहरू
कोही टिकटकमा उफ्रँदै थाकेर आएर
कोही हवाइफन्कोमा रमाउँदै आएर
कोही प्रलयपर्यटक बनेर
सहानुभूति पोखेझैँ
आततायी प्रश्न गर्छन्,
"तपाईँहरूलाई कस्तो छ ?"

दलदलभित्र भासिएका लासहरू
उद्धारको प्रतीक्षा गर्दैनन्
जुरुक्क जुर्मुराउँछन् ती क्रूर प्रश्नहरू देखेर
र खित्का छाडेर हाँस्दछन्
"पहिला गाडिनपर्ने हामी हो कि, तिमीहरू ?"

*चाबहिल, काठमाडौँ - ७*

## मुक्तक



❖ ध्रुवकुमार सापकोटा

जताततै भत्किएका बस्ती अनि बासहरू छन्
त कतै बाढीले बगाएर ल्याएका लासहरू छन्
आपतमा दसैँ मनाउन पल्केका स्यालहरूको मनमा
अब राहत चोर्न पाइएला भन्ने आशहरू छन् ।

*निदरल्यान्डस् ।*



❖ चन्द्र गुरुङ

# पहिरो

हिजो राति
पहिरो गएछ मेरो गाउँमा !
बगाएछ डाँडामाथिको गुम्बा
बगाएछ खोलाकिनारको मन्दिर
बगाएछ गाउँमाझको मस्जिद !
तर बिहान सबेरै
लामा गुरुले
स्वार्थको 'माने' घुमाइरहेको देखेँ
पण्डित बाजेले
छलकपटको प्रसाद बाँडिरहेको भेटेँ
सुनेँ मौलवीले
जातीयताको पर्खाल उभ्याएको !
सायद
थुप्रै थुप्रै बेथितिलाई
पहिरोले पनि बगाउन नसक्दो रहेछ ।

हिजो राति
पहिरो गएछ मेरो गाउँमा !
बगाएछ सानाठुला घरगोठहरू
बगाएछ गरिबका मन धान्ने हरिया खेतबारी
बगाएछ असङ्ख्य चौपाया-दोपाया जीवन !
तर बिहान सबेरै
रामेको आँगनमा
घर बनाउँदा लागेको ऋण उठाउन
आइपुगेको साहुलाई भेटेँ
खेतबारीमा सपनाहरू रोपेका
किसानका आँखामा आँसु र व्यथा देखेँ !
हर घरआँगनमा
मात्र मृत्यु पल्टेको सुनेँ
सायद
थुप्रै थुप्रै बेथितिलाई
पहिरोले पनि बगाउन नसक्दो रहेछ ।

हिजो राति
पहिरो गएछ मेरो गाउँमा !
बगाएछ गोदाममा सुतिरहेका अन्नका बोरा
बगाएछ खेतमा उभिएका लहलहाउँदा बाली
बगाएछ थुप्रै लत्ताकपडा
तर अझै पनि
अशान्त भोकलाई
गाउँलेको पेटमा अल्झेको देख्छु
निर्वस्त्र नाङ्गोपनलाई
टाँस्सिएको भेट्छु पीडितका अङ्गमा !

साँच्चै
थुप्रै थुप्रै बेथितिलाई
कहाँ बगाउन सक्दो रहेछ पहिरोले ?

*धरान ।*

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।



❖ किशन पौडेल

# पृथ्वीको क्रन्दन

यो सृष्टिको
अनुपम धरोहर
करोडौं आत्माहरूको साझा घर
प्रकृतिको न्यानो काख
म एक अखण्ड पिण्ड हुँ ।
जल, जङ्गल र जमिन
मेरा अभिन्न अवयवहरू हुन्
यो आकाश, यो बादल, घाम, जून
मेरा शृङ्गारका अप्रतिम आभूषण हुन् ।

आजकल
किन फिका फिका हुँदै गएको छ
मेरो सौन्दर्य
जीर्ण बन्दै गएका छन्
मेरा अङ्गप्रत्यङ्ग
कसले लुट्यो
मेरो यौवनको रङ ?
कसले च्यात्यो
मैले ओढ्ने ओजनको बाक्लो बर्को ?
कसले झोस्यो मेरो कोखामा
आणविक भट्टीको आगो ?

नदी, नदीजस्तै भएर बग्दैन
हावा, हावाजस्तै भएर बहँदैन
हिउँ, हिउँजस्तै मौन भएर किन जम्दैन ?
बिझाइरहन्छन्
यी आँखाका नानीहरू
मलाई पोल्छ हिउँको रापले
कसले उत्सर्जन गर्‍यो मेरो छातीमा
कार्बनमोनोअक्साइडको जहर ?
कसले छ्याप्यो मेरो सार्वभौम आकाशमा
क्लाउड सिडिङका विषाक्त रसायन ?

सदियौँदेखि मेरो वक्षस्थलमा
टाँसिएर बसेका
हिउँका स्निग्ध पहाडहरू
किन पग्लिरहेछन्
आँसुका ग्लेसियर बनेर ?
हे प्रिय मान्छे !
चेतनाको मस्तिष्कमा
सल्काएर विध्वंसको आगो
किन रोप्दै छौ
मेरो छातीमा कलहको बिउ ?

रोकिएनौ भने
एक दिन पहिरो बनेर खस्ने छन्
मेरा यी जब्बर पहाडहरू
तिम्रा सुन्दर सपनाभित्र
सुनामी बोकेर उर्लिँदै आउने छन्
हिमनदीका क्रुद्ध अनुहारहरू
तिम्रै आँगनसम्म ।
हावालाई आफ्नै गतिमा बहन देऊ
माटोलाई आफ्नै प्रकृतिमा रहन देऊ
पानीलाई आफ्नै लयमा बग्न देऊ ।

मेरो अस्तित्वसँगै
तिम्रो अस्तित्व जोडिएको छ
म नहुनु भनेकै
तिमी नहुनु हो ।

*हेटौँडा*



❖ मिथिलेश 'आदित्य'

# कोशी : उजाडिँदै-बस्दै गरेका दिनहरू

कोशी ब्यारेजबाट छुटेको पानी
हरेक वर्ष बाढी बनेर मेरो गाउँमा ओर्लिन्छ
मानौँ प्रलयको उन्मुक्त देह
जसले खेत, गोरेटो र स्मृतिहरूलाई
एकैपटक कुल्चँदै अघि बढ्छ ।

त्यो केवल पानी बोकेर आउँदैन
त्यसले बगाएर लैजान्छ
हाम्रा पुस्तौँदेखि सञ्चित सपनाहरू
हाम्रो श्रमको घाम
र भविष्यका अधुरा पाण्डुलिपिहरू ।
मेरो सपना थियो
मेरो आँगनमा एउटा फूल फुलोस्
जसको सुवासले घरको हरेक कुनालाई
आशाको उज्यालोले भरिदियोस्
तर हरेक वर्ष आउने बाढीले
त्यो फूललाई कोपिलामै रोकिदिन्छ ।

ढोकामा जाडोका दिनका लागि
आमाले दिनदिनै दुःख गरेर
सानो उत्सवझैँ साँचेर राखेको
दाउराको ठुलो भारी बाढीका उग्र छालहरूले
त्यसलाई परालझैँ निरीह बनाउँदै
अज्ञात दिशातिर बगाइदिन्छन् ।
खलिहानमा राखिएको अन्न
खेतमा लहलहाएको बाली
आँगनको कुनामा थुपारेर राखिएको मल
सबैथोक बाढीको भुमरीमा
आफ्नो नामसमेत गुमाइदिन्छ ।

कोशीको पानी कहिलेकाहीँ मलाई
भोकाएको अजिङ्गरझैँ लाग्छ
जसले खेतको हरियाली मात्र होइन
मानिसहरूको जीवनभरिका
आशाहरू पनि निलिदिन्छ ।
बाढी त ओर्लिन्छ तर पछाडि छोडेर जान्छ
हिलोमा गाडिएका दिनहरू
आँखामा जमेको प्रतीक्षा
र ती बालबालिकाको मौनता
जसले आफ्ना खेलौनासँगै
बाल्यकाल पनि बग्दै गएको देखेका छन् ।

गोठका चौपायाहरू घाँटीसम्म हिलोमा उभिएर
भिजेका डोरीहरू तान्दै ढुङ्गाझैँ निश्चल आँखाले
आकाशतिर हेरिरहन्छन् ।
त्यस वेला
हामी आफ्नै आधा भोक सहेर पनि
उचाइमा सुरक्षित राखिएको
घाँस र पराल तिनका लागि बोकेर ल्याउँछौँ ।
कोशीको यस निर्मम विपत्तिको बिचमा पनि
आफ्ना चौपायालाई जोगाइराख्ने अठोटमा
हामी अडिग उभिएका हुन्छौँ ।

तैपनि...
हामी अर्को मौसमका लागि बिउ बचाउँछौँ
उजाडिएका घरहरू फेरि उठाउँछौँ
आमा फेरि दाउरा जम्मा गर्नुहुन्छ
मल फेरि थुपारेर राख्छौँ र आँगनको माटोमा
नयाँ फूलको सपना फेरि रोप्छौँ ।
कोशी हरेक वर्ष
हाम्रो जिजीविषाको परीक्षा लिन आउँछ
र हामी आफ्ना टुटेका सपनाको खरानीबाट
हरेक पटक नयाँ आशाको दीप फेरि बाल्छौँ ।

*विराटनगर, नेपाल ।*



❖ असीम सागर

# हामी फगत पाहुना

हरियो सुइटर लगाएको पहाड
घामले टल्किएको सेतो पछ्यौरी झरना
कलिलो घाम ओडेर मुस्कुराइरहने हिमाल
कोरस गाउँदै घामलाई
हत्केलामा राखेर नाच्ने पातहरू
दुबै किनारका
चोरऔँला समातेर ताते ताते गर्ने नदी
नदीको सङ्गीतमा गाउँदै उड्ने चराचुरुङ्गी
आहा ! कति सुन्दर छ सृष्टि !

कसैले सोंचेको छ ?
आकाश कति वेला खस्छ ?
प्रलय कति वेला आउँछ ?
विनाश कति वेला हुन्छ ?
के त्यति वेला
तिम्रो ईश्वरले तिमी हिन्दु हौ भनेर बचाउँछ ?
के तिमीले गरेको प्रार्थनाले तिम्रो मृत्यु टर्छ ?
बचाउन त सामान्य रुखको आडले पनि
मानिसलाई बचाउन सक्छ
तैरिँदै गएर
नसोचेको किनारले पनि बचाउन सक्छ
वनमाराको जराले पनि
तिमीलाई भरोसा दिन सक्छ ।

तिमी छौ र त
तिम्रो जाति छ
धर्म छ, ईश्वर छ
तिम्रो जिब्रो छ
र त तिमीसँग भाषा छ
तिमीसँग भाषा छ
र त तिमीले गुहार माग्न पाइरहेछौ ।
तिम्रो अहम् त एक दिन
झरेको पातझैँ नाश भएर जान्छ
माटोमा विलय भएर जान्छ
यही माटोमा उम्रिन्छ हाम्रो पाखुरा
हाम्रो पसिना
हाम्रो सपना ।

नङले कोट्याउँदा पनि
यो माटोले चुपचाप सह्यो
र खन्न खोस्रन थाल्यौँ हामीले जमिन
बोरिङको सुइ लगाएर तान्न थाल्यौँ
पृथ्वीको नशा नशाबाट पानीको रगत
निकाल्न थाल्यौँ कोइला फलाम र युरेनियम
गऱ्यौँ अंशबण्डा आआफ्नो नाममा जमिन
कोऱ्यौँ सिमाना
झिक्यौं लिङ्ग, जाति
र धर्मको नाममा अनेक बखेडा
र लड्यौँ एकआपसमा हामीहरू
दुस्मन ठानेर निकाल्यौँ भाइको आँखा
पराइ सम्झेर थुत्यौँ दाइको जिब्रो
खसाल्यौँ बम
सुन्दर युवतीजस्ती पृथ्वीको चुल्ठोमा
बनायौँ मुस्कान फुल्ने ओठलाई मरुभूमि !

यस पृथ्वीको हामी फगत पाहुना
पृथ्वी छउन्जेल त बाँचौंला !
त्यसपछि...?

*सन्धिखर्क- ५, अर्घाखाँची*
*(हाल- लुखुसी, ललितपुर)*

# त्रिशूलीत्रास

❖ सृजना दाहाल

मन हर्ने त्यो तिम्रो कल कल सुन्दै हुर्किएकाहरू
तिम्रै बहाबको आनन्द देख्दै
तिम्रै शीतलताले
वर्षौंदेखि प्यास मेटाएका आँतहरू
दाना दानामा जीवन बोकी
लहलह झुल्ने फाँटहरू
तिम्रै चिस्यानले सिँचाइ गर्दै
घरभरि अन्नपात भित्र्याउनेहरू
अनि तिम्रो सुस्त स्निग्ध बहाब देख्दै
जुग बिताएका जीवनहरूलाई
वारिका घना बस्ती, पारिका फाँटहरूलाई
पत्यारै भएन त्रिशूली !
सफा विहानीको घमाइलो दिनमा
तिमी एकाएक बौलाउँछ्यौ भन्ने !

तिम्रै किनारमा आँखा खोलेका
तिम्रै सुसेलीसँग माया गाँसेका
तिम्रै आँगनीमा केस पाकेका
कसै एकलाई पनि विश्वास भएन त्रिशूली
एक दिन तिमी यति निर्दयी बन्ने छ्यौ भनेर !
आदिदेव सदाशिवको त्रिशुलबाट बहने
स्निग्ध पपित्र जल बोकी डुल्ने तिमी
किन बाध्य भयौ
कालो मैलो गेग्र्यान, रुख विरुवा,
घर अनि सहर पूरै बोक्न ?

यसपालि के भो
तिमी बौलायौ किन ?
तिम्रो यो रूप यति वीभत्स किन ?
सधैँ सुनिने त्यो मधुर तिम्रो सुसेली
भयानक कर्णभेदी त्रासद यतिबिघ्न
कर्कश भइदियो किन ?
दिइनौ मौका 'आमा !' भनी बोलाउनसम्म !
देखाएर रौद्र रूप
त्रिशूली ! तिमी यसरी बौलायौ किन ?
मानिसका आँसुहरू
एकै घुट्कीमा निल्यौ किन ?

झम्टियौ सभ्यता, कुल्चियौ विश्वास
लग्यौ सपनाका पहाडहरू
आखिर किन ?
पहाडी फेदमा हाँसेर बसेका
ती शान्त बस्तीहरू
तिम्रै कलकलमा रम्ने
मानिस, पशु, पंछी, छाँगा, झरना
बोट अनि बुट्यानहरू,
नागवेली तिम्रै मोहनी रूप हेरी
हरदम प्रदिप्त भई रमाउने
एउटा सिङ्गै सभ्यता
तिम्रै काखमा अटाएका अनगिन्ति भरोसा
कसरी सक्यौ एकै झमेटमा
सर्लक्कै निल्न ए त्रिशूली ?

युगौंदेखि तिम्रै सुसेलीमा रमाउने
ती मानिसहरूले फिटिक्कै पत्याएनन्
तिमी बौलायौ रे भनेर !
नसुनेका त होइनन्
सयौं वर्षदेखिको त्यो विश्वास तिमीसँगको
कसरी मान्नु तिमीले ताण्डव देखाउँछ्यौ भनेर ?
कसरी बनायौ एकै गाँस क्षणभरमै ए त्रिशूली !
पूरै सभ्यता !
वास लग्यौ, श्वास लग्यौ
मानिसहरूको आश लग्यौ !
विद्यालय हिँडेका अबोध नानीहरूको
पदचाप लग्यौ !
भन न त्रिशूली !
किन रित्यायौ यी निर्दोष आँखाहरूको विश्वास ?
कसरी निल्यौ एकै गाँसमा
किन देखायौ यो राक्षसी रूप ?
शङ्का छ मलाई
पखालेर आदिमकालदेखि मानिसहरूका मयल
रिसायौ कि त्रिशूली !
भूल त क्यै भएकै छ मानिसबाट
गल्ती गर्ने कोही त छ
तर गलत गर्ने

ती नदी किनारका मानिसहरू होइनन् त्रिशूली !
तिम्रो घरमाथि धावा बोल्ने
चारैतिर फँडा फैलाएको
कतै त्यो लोभले त हैन ?
त्यो अपचलन, उत्खनन्, अतिक्रमण,
कार्बन अनि हरित ग्यास उत्सर्जन
प्रदूषण, दोहन
यी सब ती नदी किनारका मानिसहरूले
गरेका थिएनन् त्रिशूली !
कारण त पक्कै छ
तिम्रो आक्रोशमा
त्यो तिम्रो शिरमाथि गरिएको तीव्र विस्फोट
अब बढी सहन सकिनौ कि !
तिमीले रुँदै गरेको याचना
हामीले सुनेनौँ कि !
देखेनौँ कि त्यो परिदृश्य
जुन तिमी वर्षौँदेखि देखाउन चाहिरहेकी थियौ !

समुद्रपारी केही दम्भी शासकहरूले
आणविक भट्टीको रापबाट
विषालु कालो सर्प निकालिरहेको धेरै भो !
कतै ती विषका सर्पहरू
आकाशको बाटो हुँदै तिब्बततिर त पुगेनन् !
भर्भराउँदो रातो राप
कोइला, पेट्रोल, डिजेल अनि डढेलोको !
कान छेड्ने कर्कस उद्योग अनि कारखानाको ।
प्लास्टिक अनि सिसाका विशाक्त लप्काले
हिमालका शिरहरू छोइसकेको
देख्न हामीले सकेनौं कि ?

प्रतिस्पर्धाको भोकले
महत्वाकाङ्क्षाको आवेगले
शक्तिमान राज्यका दम्भी शासकहरूको सनक
बौलाएको पो हो कि त्रिशूली ?
मान्छेका आँखाबाट अदृश्य हुदै उकालो लागेको
तिम्रो शिरको चिस्यान पगाल्ने
त्यो आगो तिम्रा आँखाहरूले देखिसकेका
तर हाम्रा आँखाहरूले
देख्न चाहेका थिएनन् कि त्रिशूली !

*नैकाप, कलङ्की ।*

# जित्नु छ सन्त्रास !

❖ डा. हरिप्रसाद सिलवाल

के दिऊँ नाम हिमाली आँधी चौपट्टै बनायो
वाटर बम भन्दछन् कोही मुटुमै पड्कायो
सुनामी आयो कल्पनाभन्दा माथिल्लो आतङ्क
कालको धोक्रो भरेर गयो भैरा'छ भ्रसङ्ग ।

सुन्दर बस्ती निर्दोष प्राणी सखापै पारेर
बगाई लग्यो अथाह आशा बाढीले खारेर
वारपार भई लघारी लग्यो चुँडायो जीवन
मानव मन खण्डित बन्यो लुटियो नन्दन ।

आकाश खस्छ भन्दथे मान्छे यही नै रहेछ
पाताल फाट्छ भन्दथे यस्तो फाट्ने पो रहेछ
बिहानी झुल्केघामको झुल्को मेटेर आयो त्यो
श्रमले सिञ्चित सौन्दर्यमाथि कुल्चेर आयो त्यो ।

वर्णनभन्दा माथिको ध्वंस उधुमै के आयो
मापनभन्दा गहिरो पीडा छाडेर त्यो गयो
टुहुरो बन्यो मनुष्य गाउँ सहर बजार
मृत्युको गन्ती असङ्ख्य भयो कैयन हजार ।

बाँचेकाहरू बाँच्नु छ अब मृत्युलाई जितेर
मलमपट्टी लाउनु छ छिटो घाउलाई जाँचेर
आदर्श हाम्रो मानिसभित्र कति छ जाँच्नु छ
सन्त्रास जिती आशाको ज्योति सर्वत्र बाल्नु छ ।

क्रूरताभित्र मानवता हुन्न परीक्षा यही हो
सक्कली अनि नक्कली रूप जाँच्ने नि यहीँ हो
उजाड बस्ती भरिलो पार्ने युगको आबाज
एकताबाटै अगाडि बढौँ जित्नु छ सन्त्रास !

❑ कविता



❖ कृष्णशरण उपाध्याय पौडेल

## हे दैव ! भनिदे अब

धर्ती तताउने हामी के हौं र ? काल बज्रियो ?
अपराध गर्‍यौं के र ? आज यो हाल भैदियो ?

न हामीले वनै नास्यौं न सुकायौं नदी जल
न खोल्यौं उच्च उद्योग कारखाना ठुला कल ।

न खाए पनि के लाग्छ ? विपदाको महाबिख ?
किन भोग्नपर्‍यो आपत् ? हे दैव ! भनिदे अब !

हामी कार्बनको खेती गर्दैनौं विश्व जान्दछ
हामी सम्पन्नतानिम्ति मर्दैनौं विश्व मान्दछ ।

धरती दुहुने हामी होइनौं सुनखातिर
सात समुद्र नै मथ्ने होइनौं धनखातिर ।

हामी प्रकृतिका भक्त हौं तथापि कसो भयो ?
विनादोष विनागल्ती हजारौं जिन्दगी गयो ?

हजारौं  घरका साथ मान्छेको लहरै बग्यो
हिमालय सुनामीले खोसेर जिन्दगी लग्यो ।

हाहाकार भएको छ बाँचेका जनमा अनि
त्राहिमां त्राहिमां लाग्छ, सन्त्रस्त मनमा पनि ।

धनी गरीब एकै छन् यो महादुःखको क्षण
उद्धारकार्य गर्दै छन् सेना र प्रहरी जन ।

यो वेला सबले सक्दो धनको दान गर्नु छ
घाउमा ओखती दल्ने सेवाको काम गर्नु छ ।

*भमनपा १ देवघाट, चितवन ।*

❑ गीतिका



❖ गिरिराज डल्लाकोटी

## म पानी हुँ नानी, गर चिन्ने बानी

तराई र बेसी नदीतीर रोज्छौ
बढाएर बस्ती फेरि चेप्न खोज्छौ
दिँदैनौ त बाटो घरै फर्की जाने
म पानी हुँ नानी गर चिन्ने बानी ।१।

सफा मार्ग पाए उही ठाउँ बग्छु
अवरोध आए बगाएर लग्छु
सधैँ याद राखे मेरो यो जबानी
म पानी हुँ नानी गर चिन्ने बानी ।२।

हिउँ शीत हुस्सु तुसारो असिना
म जीवनको रस हुँ र बग्ने पसिना
म बादल हुँ ताते चिसिए म पानी
म पानी हुँ नानी गर चिन्ने बानी ।३।

पहिरो र बाढी अनि त्यो सुनामी
तताएर पृथ्वी गर्‍यो कसले हानि
बिगार्दिनँ केही म त शुद्ध दानी
म पानी हुँ नानी गर चिन्ने बानी ।४।

बनाऊ मलाई कुलो वा पँधेरो
म सिञ्चिन्छु जीवन हो कर्तव्य मेरो
पक्षपात कहिल्यै म गर्दिनँ छानी
म पानी हुँ नानी गर चिन्ने बानी ।५।

*चितवन*

# धराको प्रश्न मान्छेफूललाई

❖ रीता खत्री

म सानो छँदा मेरी आमाले
लिखटो लगाइदिनुहुन्थ्यो र हटाइदिनुहुन्थ्यो
मेरो रगत खाने प्राणी जुम्रा मेरो शरीरबाट

दुई नङको बिचमा राखेर
किचिदिनुहुन्थ्यो किचिक्क
र निकालिदिनुहुन्थ्यो
मेरो रगत उसको शरीरबाट

लिखटो लगाएको त्यो रात मस्त निदाउँथें म

ठ्याक्कै त्यसैगरी
मेरी आमाले मेरो टाउकोबाट
जुम्रा टिपे जस्तैगरी
भेलले बगाएर ल्याएका लासहरूको
कपाल लुछी, लुछी
केही थान मान्छेका आकृतिहरू
शवमा सुन टिपिरहेछन् यति वेला

सुन टिपेको यो रात
म हिक्क हिक्क रूँदै असह्य दुःखिरहेछु
र हराइरहेछु आफैभित्रको घोर घनाजङ्गलमा
कसरी यहाँ थाहै नपाई
मानिसको मूल्यभन्दा अमूल्य भइसकेछ
सुनको मूल्य/संरचानाको
मूल्य/सम्पतिको मूल्य
धर्मको मोलभन्दा
अनेकन् गुणा कसरी बढी भइसकेछ
धनको/धनाढ्यको मूल्य
निरन्तर खाँबो खाएर घर भत्काउने
धमिराको मूल्य...
सम्बन्धभन्दा अनेकन् गुणा बलियो
बनिसकेछ सम्पति
मानवताभन्दा अनेकन् गुणा
झ्याङ्गिसकेछ दानवता

दानवहरू, अवसरको वृक्षबाट
बन्चित गरेर कमजोर हाँगा
यहाँ सञ्चित गर्दै छन् सम्पति र शान
आफूभरि शरद रोपेर अरूभित्र
रोपिरहेछन् शिशिर
आफू मात्र फुलेर चुँडिरहेछन्
कोपिला / झारिरहेछन् चिचिला
यहाँ समानताको घाम त
सधैं सधैं आकाशको गर्भबाट मात्र उदाउँदोरहेछ
प्रकृतिको छातीबाट मात्र झुल्कदोरहेछ

मान्छेजस्तो मिथ्या मिथक
जसलाई आफ्नो छातीको बाटो भएर
निर्धक्क हिँड्न दिइरहिन् धरतीले
आफ्नो सुन्दर बगैंचामा
किसिम किसिमका
बाली फलाएर फुलाइरहिन् मान्छेफूल
माटो सिँच भनेर दिइरहिन् पानी
सास फेर भनेर दिइरहिन् हावा

केके गरिरह्यौं हामीले प्रकृतिमाथि ?
उनले सृजेका तमाम सृजनामाथि. ..
विनाअनुमति विकराल परिस्थिति थोपरिदिने
ए मानिसफूल !
कहिलेदेखि मरेको हो
तिमीभित्रको निस्वार्थ मन ?
कहिलेदेखि मरेको हो
तिमीभित्रको संमवेदना ?।



❖ वासुदेव अधिकारी

# जलवार्ता

पानी !
निमेष-निमेषमा
छोएको हुँ तिमीलाई
बुँद-बुँद
अञ्जुली-अञ्जुली
तिमी भएरै रोएको हुँ
एकान्तमा
तीब्र प्रदूषणमा
तिमीमा
आँत पनि
आगो पनि
गीत पनि
प्रवाह पनि ।

कर्मगीतको उपासक म
लक्ष्ययात्राको अन्वेषक म
मलाई तिम्रो गीत मन पर्छ
मलाई तिम्रो प्रवाह मन पर्छ
लाजमा तिमी
बहादुरीमा तिमी
गीतमा तिमी
शीतमा तिमी
तिमीलाई हामीले
जन्मिदा खोज्यौँ
मर्दा पनि रोज्यौँ
खोज्यौँ चोखिनका लागि
बौरिनका लागि
पौडिनका लागि
खोलामा पायौँ
छहरामा भेट्यौँ
कुवामा पियौँ
नहर-कुलोमा डोऱ्यायौँ
बोतल-अम्खोरामा कैद गऱ्यौँ ।

चकित छु म
तिमीलाई देखेर
तिमी घरि हात्ती बगाउँछौ
बस्ती सोत्तर पार्छौ
घरि कमिलाले
घाँटी भिजाउँदा सकिन्छौ
तिमी कम्पवरिपरि
तिमी प्रकम्पवरिपरि !
ओहो !
कहिले नजिक
कहिले टाढा
तिमीलाई म
आकाशमा भेट्छु
समुद्रमा पाउँछु
असिना-पसिनामा छाम्छु
घरि बाफको उडान
घरि बरफको परिधान
कतिविधि रूप तिम्रो ?
कतिविधि नाटक तिम्रो ?

पानी !
ढुङ्गा गल्छ
तिमी गल्दैनौ
पहाड रुन्छ तिमी रुँदैनौ
आगो बोक्छौ
आगै निभाउँछौ
सजिलै सागर झर्छौ
सजिलै हिमाल उक्लिन्छौ
तिमी हुन सरल छ
तिमी बन्न कठिन छ
सजिलै जमिन मुनि मुनि

सजिलै हिमाल माथि माथि
पग्लिँदा पनि पानी
अग्लिँदा पनि पानी !

तिमीमा नुन
तिमीवरपर नै सुन
तिमी र किसान
तिमी र भान्सा
तिमी र जीवन
तिमी र सभ्यता
कति गाँसिएका ?
कति नङमासु बनेका ?
म पनि गाँसिएकै छु तिमीसँग ।

सागर पुगेर
नदी खोज्ने म
आकाश हेरेर तिमीलाई देख्ने म
अचेल अलि रिसाएको पाउँछु
अचेल अलि तातिएको भेट्छु
हिमालमा पनि
सागरमा पनि ।
पानी !
किन रिसाएका आजकल ?
मसँग/हामीसँग
किन पहाड बोकेर आउँछौ
मेरो बस्तीतिर ?
किन हिमाली लेदो घिसारेर ल्याउँछौ
मेरो खेतबारीतिर ?
भन, किन बोकेका प्रलय ?
किन दिएका विप्लवी परीक्षा ?
किन हानेका असिनाको डल्लाले मलाई ?
किन उल्कापात बोकी हिँडेका ?
मेरो बस्तीमा पसी
गरिबका कठालो समाती
किन प्राणपखेरु उडाएका ?
किन चिहिलबिहिल गराएका हामीलाई ?

सभ्यता आमन्त्रण गर्ने तिमी
श्रद्धालुका मनमा भिज्ने तिमी
परियोजनाका अर्घ पनि
सिर्जना सर्ग पनि
किन सुनामी भएर बहुलाएका ?
किन उत्ताउलो बनेका ?
किन विनाश यात्रामा रमाएका ?
ए भोटेकोसी !
ए मेलम्ची !
ए हिमाली जलद !
ए समुद्री लहर !
धेरै पढेँ
धेरै गमेँ
धेरै नियालेँ
तिमीलाई
तिम्रो आँतलाई
आफूलाई
आफ्नै कर्मलाई
गल्ती भएकै छ मेरो
मैले कान समातिसकेँ
सच्चिन तयार भइसकेँ
म हिमाल पगाल्न उद्यत
आगो निभाउन तयार छु
के तिमी
रिसाउन छोड्छौ ?
उदण्ड हुन रोकिन्छौ ?
गरिब बस्तीमा नाँच्न छोड्छौ ?
हरिया खेतबारीमा बुर्कुसी मार्न छोड्छौ ?

ए पानी !
ए पानीका लहर !
तिमीलाई सोध्छु
सोधिरहन्छु,
प्रकोप बोक्दा थकाइ लागेन ?
विनाश गाउँदा सृजनरहर जागेन ?
म तिमीमा
अमृत खोज्छु
म तिमीभित्रको
जीवन रोज्छु ।

❑ कविता



❖ पार्वती पुडासैनी

# बाढीमा बगेको सन्दुस

उर्लँदो बाढीमा बग्दै आइरहेको
भेटियो एउटा पुरानो सन्दुस
केही मान्छेहरूले फुटाए सन्दुसलाई
भेटियो सन्दुसमा एउटा पुरानो सुर्केथैली
केही थान पुराना ढुङ्ग्री र मारवाडीहरू
एकबट्टा सिन्दुर र एक झुप्पो पोते
एउटा सारी र मजेत्रो ।

सुर्केथैलीमा भने थिए
केही पुराना सिक्काहरू र केही थोत्रा नोटहरू
पुरानो सन्दुस त बग्यो बाढीमा
सन्दुस बगाएको पीडामा
कतै बग्यो होला कि आमाको मन
कि बगिन् होला आमा नै कतै
त्यही बाढीको वितण्डामा फसेर !

कैयौं सपनाहरू सजिएका थिए होलान्
त्यो पुरानो सन्दुसमा
अथवा कैयौं कहानीहरू
थिए होलान् जीवनका कैयौं मोडहरूका ।
सन्दुस त भेटियो बाढीमा बल्लतल्ल
तर भेटिएन
सन्दुसमा बाँचेका प्रश्नका उत्तरहरू !

आखिर
नदी त बग्न छोडेको छैन
ऊसँगै हिँडिरहेछन्
लामा लामा प्रश्नका लहरहरू ।

*ग्वङ्गबुँ, नयाँबसपार्क, काठमाडौँ ।*

❑ मुक्तक



❖ घनबहादुर थापा

१.
एकै क्षणमा ती होनहार नेपालीजन लग्यो हजुर
भौतिक संरचनाहरू पनि टनका टन लग्यो हजुर
बाढी त भोटेकोसी र आसपासमा आएको हो नि
तर बगाएर चाहिँ सम्पूर्ण मानव मन लग्यो हजुर !
२.
कुन दशाले डोऱ्यायो किन डोऱ्यायो भन्न सकिएन
कहिले कहाँबाट कस्तो बज्र पर्छ जान्न सकिएन
भोटेकोसीको प्रलयमा अकल्पनीय विपत्ति पऱ्यो हजुर
आफ्नैका लास कति ढले आफैँले गन्न सकिएन !
३.
आज मन विक्षिप्त छ त्यही तस्बिरबाट
कुन चाहिँ दुःख निकालूँ बेचैन तक्दिरबाट
कसलाई सुनाऊँ कसरी पोखूँ मनको बह
आइरहन्छ छुटाउँदै भक्कानो भोटेकोसीको तीरबाट !
४.
रातभर खुला आकाशमा बाँच्नुपरेको छ
भेटिन्छ कि सास भन्ने आश साँच्नु परेको छ
खै जिन्दगीले के यस्तो मोडमा ल्याएर पछाऱ्यो
आफ्ना इच्छा र आकाङ्क्षा आफैंले भाँच्नुपरेको छ ।
५.
मुटु छिया छिया भएको छ लुकाऊँ कसरी
सर्वस्व लुटिएपछि यो आस्था झुकाउँ कसरी
कति निष्ठुरी बनिदिन्छ कहिलेकाहीँ प्रकृति पनि
यो असीमित क्षतिको मूल्य अब चुकाऊँ कसरी ?
६.
कसरी हेरूँ नदी र खोँचमा अल्झिएका घाउहरू
क्यारी थम्थमाउँ मानवमनमा बल्झिएका घाउहरू
प्रकृतिको निष्ठुरी बेगले झुक्काएको सङ्गीन घडीमा
कसो गरी सहूँ आफ्नै मनभित्र छचल्किएका घाउहरू ।
७.
दुःख आपत्मा शक्ति सञ्चय गरी लड्नसक्नुपर्छ
हातेमालो गर्दै कर्तव्यमा अगाडि बढ्नसक्नुपर्छ
दुःख, पीडा र आँसु बगाउँदै भोटेकोसी रोएको बेला
सशक्त भएर उद्धारका खुड्किला चढ्नसक्नुपर्छ ।

❖ रामचन्द्र शर्मा गौतम

# भोटेकोसीको विध्वंस ०८३

मेची र काली, बिचमा ताल, कति छन् शिरमा
प्रबन्ध राम्रो राज्यले गरे हुन्न क्वै पिरमा
तथ्याङ्क गोडी, बहाव गति, क्षेत्रको प्रभाव
यकिन गरे पर्दैन देख्न विपत्ति अभाव ।
हजुर ! क्षेत्रको प्रभाव (१)

बाँधको कति, क्षमता हुने, तालको कति हो
हिउँले खाने, पानीले गाल्ने, आयु पो कति हो
आधार पाको, अध्ययन गाढा, विदेशी सम्बन्ध
राम्ररी बुझी, तथ्याङ्क गोडी, गर्नु छ प्रबन्ध ।
हजुर ! विदेशी सम्बन्ध (२)

हृदय गाल्ने, विध्वंस भयो बस्नु छ सहेर
जीवित जो छ, कल्याण गरौं सचेत रहेर
टाँस्सिई लेदो, भुँवरी भित्र लाँदो हो छालले
सङ्घर्ष जति गरे नि दैव छाडेन कालले !
दैव ! लाँदो हो छालले (३)

चेतना उड्यो, मुढोझैं भयो तैरियो जलमा
निष्ठुरी काल, लिएर प्राण फाल्दियो तटमा
दाउरा काठ, छोपेर शव हिलोमा लुकायो
विपत्ति आयो सङ्घर्षरत मनुज झुकायो !
दैव !हिलोमा लुकायो (४)

स्थूल देह, तैरेर माथि छेउकुना जोख्दै छन्
बालखहरू अलाप गर्दै विरह पोख्दै छन्
करुणामय यो दृश्य हेरी कस्को मन रुन्न र
मानव चोला विपद घडी, एउटै हुन्न र !
हजुर !कस्को मन रुन्न र !(५)

गहना तान्ने, लास उता फाल्ने, राक्षस देखिए
हात्ती औ घोडा, कुकुर, भैंसी, सारथि देखिए
चैाखुट्टे पशु, विवेकी कति सेवामा जुटेका
पग्लियो मन, सलाम गर्न यी हात उठेका ।
हजुर ! सेवामा जुटेका ।(६)

सुरक्षा हेतु अलपजन खोज्नु छ दियाली
भिरपाखा वन, उडेका मन हेर्नु छ नियाली
शरीरभरि हिलाम्मे लेदो साराङ्गी पेट छ
डर र भय, झस्याङ्ग मात्र बेहोसी चेत छ ।
हजुर ! साराङ्गी पेट छ ।(७)

खोलाघर छोडी सुन्दर बस्ती निर्माण गरौं है
सुरक्षा राम्रो प्रबन्ध भाको सन्देश छरौं है
सूचक खोजी वातानुकूल प्रकृति धानौं है
अन्यथा भोलि अनिष्ट हुने सङ्केत जानौं है ।
हजुर ! प्रकृति धानौं है ।(८)

*स्याङ्जा, हाल विराटनगर ।*

# राष्ट्रिय एकता

❖ कमलप्रसाद बगाले रेग्मी

राहत दिने प्रबन्ध पनि छ कसको हातमा
बिचरा ! पीडित गर्दै छन् माग दिन र रातमा
परिवार छुट्यो छिमेकी छुटे साथमा भोक छ
कसरी बाँच्ने विलाप गर्छन् पीडा र शोक छ ।

न आमाबाबु कहाँ छ घर क्यै पत्ता लागेन
आत्मीय मन दया र धर्म कसैमा जागेन
अनाथ बने बबुरा साना न नाम वतन
टुहुरामाथि कस्ले हो गर्ने मायाँ र जतन ।

जमिनमुनि कति छन् लास अझै खोज पुगेन
सडेका लास लुछेका गिद्ध कसैले सुनेन
देशको साझा समस्या मान्दै यो र उ नभनौं
जेजस्तो हुन्छ सहयोग गरौं यो वा त्यो नगनौं ।

सबैको मन बिदीर्ण बन्यो त्यो दृश्य देखेर
दैवले पनि उत्पातै गर्‍यो निमुखो भेटेर
एक छाकसम्म दिएर पनि सङ्कट उतारौं
सहयोगी हात दुखेका मुटु जुटेर सुधारौं ।

राष्ट्रको ठुलो विपदभित्र राजनीति नगरौं
भ्रमको खेती कसैले यहाँ बुझेर नछरौं
नेपाली अब जुटेर सबै एकता बनाऔं
राष्ट्रको चोट सबैका मनमुटुमा सजाऔं ।

*वालिङ बजार, स्याङ्जा*

# आजको खाँचो

❖ खगेन्द्र बस्याल

दुःखमा साथ दिनु छ हामी नेपाली हौँ भने
पीडित एकै घरकै ठानौँ नेपाली हौँ भने
एकता के हो कामैले आज देखाऊँ सबैले
यता त केही भएको छैन नसम्झौँ कसैले ।

विश्वका माझ देखाऊँ फेरि बन्धुत्व कस्तो छ
निदाए त्यसै बुझाई जाला भावना सस्तो छ
आआफ्ना ठाउँ सम्झाई दिऊँ दुःखको समय
देवत्वपन देखाऊँ सबै यही छ विनय ।

पीडा छ धेरै रोएर मात्रै अवश्य हुँदैन
सेवाको भाव नउर्लेसम्म यो मन छुँदैन
मौकामा माया दिएमा सधैँ हुने छ शीतल
हृदयभित्र झझल्को दिऊँ वर र पिपल ।

देशको माया यथार्थतामा सेवाले देखिन्छ
मनको शिलालेखमा पनि अवश्य भेटिन्छ
पीडा छ जहाँ केही त गरौँ भएर मलम
यो तेस्रोनेत्र खुल्नमा लागोस् सशक्त कलम ।

कहाँ के खाँचो मनन गरी अगाडि बढ्नु छ
पीडितका ती मुहार पनि गढेर पढ्नु छ
दुःख छ जहाँ पुगेमा त्यहाँ हृदय छुने छ
सेवाले शान्ति मुहार कान्ति अवश्य हुने छ ।

*तिलोत्तमा ९, सरस्वती पथ, रुपन्देही ।*

# आँसु नसुक्ने भयो

❖ डा. नवीनबन्धु पहाडी

यौटा स्वर्णिम प्रातःथ्यो रहरिलो यात्रा थियो धामको
पानी होइन जादुझैँ चुलबुले बग्थ्यो नदी नामको
चर्चा होइन, तेज होइन अरू धर्ती  थियो स्वर्ग यो
त्यो स्वर्गीय धरा नृशंस हुन गो आँसू नसुक्ने भयो !

गाडीमा अनि बासमा सरसिला टुक्का थिए साथमा
नाच्दै सुन्दर तालमा तुमुलका कल्लोल थे आँतमा
रम्दै थे वन अप्सरासँग तिनी यात्री पखेरा गरा
खुल्थे रङ्गीन व्योम वा गगन गो आँसु नसुक्ने भयो !

बग्थे निर्झर श्वेत स्निग्ध  झरना पुग्थे महासागर
ओर्लन्थे अनि चाँदनी घरघरै वेत्रावती आँगन
टिम्मुरे छहरा र उच्चा चुचुरा नाच्थे वनेली गयो
के भो काल कराल निर्दय रह्यो आँसु नसुक्ने भयो !

एक्कासी कसरी महाप्रलयको आँधि खस्यो मार्गमा ?
मानौँ भीषण राक्षसी पलकमा आई निली धर्तीमा
के आयो कसरी लग्यो क्षणभरै नष्टै विनष्टै गरी
हाम्रा सिर्जनका सुवास सकियो आँसू नसुक्ने भयो !

खेल्थे बालक बालिका सुनहरा मानौँ थियो वाटिका
भो सम्पूर्ण उजाड शुष्क र रुखा शोकाग्नि भो पालिका
पुष्पा पुष्पलता सुकेर टुहुरा उन्का भरोसा गयो
रोयौ बर्बर वर्षिए नयन यी आँसू नसुक्ने भयो !

सानो स्वर्गसमान मान गरिमा भत्के सबैका खुसी
के आयो कसरी लग्यो ती विचरा ! मातापिताका खुसी
त्राशै त्राश  छ यो रहर् र सपना सम्पूर्ण आशा ढल्यो
लेखी लेख्न सकिन्न रे कहर यो आँसू नसुक्ने भयो !

# विश्व नै रोयो

❖ रीता न्यौपाने

मलाई हरेक वर्षझैँ यो वर्ष पनि कहिले यो बर्खाको मौसम सकिएलाजस्तै भएको थियो । हुन त बर्खा नहुने हो भने मङ्सिरमा धानलगायत अन्य अनाजहरू कसरी भित्र्याउन सकिन्थ्यो र ! पानी नै जीवन हो, पानी नै अत्यावश्यक चिज हो । पोखरामा भएको फेवाताल त्यही पानीका कारणले सुन्दर भएको हो । सुन्दर कुराले हानि गर्दैन भन्ने होइन तर कहिलेकाहीँ त्यही सुन्दर कुराले दुःख निम्त्याएका धेरै उदाहरणहरू छन् । पोखरामा एउटा उखान छ ''जाने ताल नजाने काल' । वर्षमा दुई-चारजना मान्छे खान्छ यो फेवातालले पनि । फेवातालले मात्रै होइन, यस्ता घटना अन्यत्र पनि घटेका हुन्छन् । यो लेख लेख्न सुरू गर्नुअगाडि फेवातालमा एउटा भारतीय गाडी खस्यो, दुई जनाको मृत्यु भयो ! विगतमा पनि भएका थिए । सतर्कता अपनाउन सकिने ठाउँमा अपनाउन सक्यो भने यस्ता घटना न्यून हुने थिए । यो सानो सानो ठाउँको कुरा भयो ।

तर ... भोटेकोसी ?

रसुवाको त्रिशूलीको घटना सोच्नसक्ने खालको थिएन । हुन त बाढी आउँदै छ, सतर्क हुनुहोस् भनेर सुसूचित गर्दा पनि यत्रो बाढी आउला भन्ने कसैले अनुमान गरेका थिएनन् । विगतमा पनि बाढी आएकै हो, अहिले पनि त्यही आउने त हो भन्ठाने । उनीहरूको त्यो सोचाइ विगतको अनुभवले ठिकै पनि हो तर पहाड नै सोहोरिएर आउला भन्ठानेको भए कम्तीमा ज्यान बचाउने थिए ।

भदौ १० गते बिहान खाना खाएर यसो मोबाइल खोलेर हेर्दा त्यो कहालीलाग्दो बाढीले रसुवालाई बढारिसकेको रहेछ ! ओहो ! यस्तो दृश्यलाई शब्दले व्यक्त गर्ननसकिने गरी स्तब्ध बनायो । टाउकोनजिकै चट्याङ परेकोजस्तो भान भयो । दशा बाजा बजाएर आउँदैन तर भोटेकोसीले आफ्नो तागतले भ्याएसम्मको बाजा बजाएरै आइसकेको अवस्थामा कसैले केही गर्न नपाउँदै अथवा 'अइया' भन्न पनि पाएनन् ! भोटेकोसीले त्रिशूली र उसका सन्तान सबैलाई सर्लक्कै निलेर बाटो लागिसकेको थियो र बाटोमा पर्ने सबैलाई वीभत्स तरिकाले सँगै लिएर गयो ! हत्तेरी ! यो कस्तो अवस्था देख्नुपर्‍यो । हामी आफू सुरक्षित भएर पनि मन आतङ्कित भयो । भगवान् पुकार्दै बस्नुको विकल्प थिएन । हुन त त्रिशूलीलाई र वेत्रावतीलाई हिन्दुधर्ममा ठुलो तीर्थ मानेर पूजा नगरेका कोही थिएनन् होला । त्यसैले त गोसाइकुण्डको यात्रामा जानेहरूको सङ्ख्या धेरै थियो । खोइ ? नत्र जोगिनुपर्ने हो नि ! एउटै घरका सबै परे ! कोही अङ्गभङ्ग भए, कसैको ज्यान सग्लो थिएन !

पत्रकारहरूले कसरी त्यस्तो वीभत्स रूपको दृश्य खिच्न सके होलान् ! आफूलाई भने स्क्रिनको दृश्य देख्दै रिङ्गटा लागेर वरिपरिको स्थान पनि अँध्यारो हुँदै थियो । सबैको काल एकैसाथ आएको रहेछ । ज्यान गुमाउनेले त गुमाए, गए । तिनका आफन्तहरूले भोग्नुपरेको मानसिक

अवस्थाको कल्पना पनि गर्नसकिँदैन । आफूहरू बाँचुन्जेल त्यो सन्ताप बोक्दै हिँड्नु पर्ने छ ।

नेपाल मात्रै होइन, यो घटनाले विश्व रोएको छ । बाढी आएको दिनभन्दा भोलिपल्टदेखिका समाचारले पो मन अशान्त र बेचैन गरायो । यस्तो बेचैन बनायो कि न बोल्न मन लाग्छ, न काम गर्न मन लाग्छ, न जाँगर लाग्छ ! कस्ता कस्ता समय देख्नुपरेको भन्ने मनमा लागिरह्यो । उद्धारटोली बाढीप्रभावित ठाउँमा पुग्दा बाँचेकाहरूलाई घाउमा मलम लगाएकोजस्तो भयो होला । उनीहरूको मनस्थिति, आफू जीवित भएपछि आफन्तको याद अनि मनमा विरहको लहरले कति आक्रान्त पाऱ्यो होला !

समाचारका अनुसार आधा घण्टाअगाडि बाट सुरक्षित हुन आग्रह गरे पनि मान्छेहरू अटेरी भएर वा विश्वास नलागेर घरको छतमा गएर भिडियो खिच्न तयार भएर बसेकाहरू, कोही पुलमा गएर भिडियो खिच्दै गरेकाहरूले अघिल्ला वर्षहरूको जस्तै सोचेर अटेर गरे । परिणाम भयावह भयो ! एउटा शव कम्मरमुनिको भाग छुट्टिएर कम्मरमाथिको भाग भेटिएको दृश्यले हृदय चहऱ्याउँछ । बाढीले हुत्याएर बाँचेकाहरूको मन ठेगानमा छैन होला । बच्चाबच्चीहरू, परिवार गुमाएर आफू मात्रै बाँच्नेहरू कहिले सम्हालिएर हिँड्नसक्लान् ! अबोध बच्चासँग छुट्टिएर आफू कता छु भन्ने नै थाहा हुननसकेका अभिभावकहरूको झन् कहालीलाग्दो अवस्था सम्झिँदा मन झसङ्ग हुन्छ ! झन् भोग्नुपरेकाहरूलाई कस्तो भयो होला !

साउनको अन्तिमदेखि नै मेरो भित्रीमनमा यो वर्ष जनैपूर्णिमामा गोसाइकुण्ड जाऊँ कि भन्ने लागेको थियो । बाहिर कसैलाई भनेकी थिइनँ । मन नै त हो ! यो मध्यबर्खामा नजाऊँजस्तो लाग्यो किनभने २०८२ सालमा मानसरोवर गएर फर्किंदा खासादेखि तातोपानीसम्म हिँडेर आउनुपरेको सम्झना मनमा ताजै थियो । बरु जेठतिर गयो भने अलि सजिलो होला भन्ने लाग्यो र गोसाइँकुण्ड नजाने निर्णय गरेँ । गएको भए केही हुनसक्थ्यो होला अथवा हुँदैन थियो होला । अथवा भन्न सकिँदैन प्रकृतिको लीलामा पो परिन्थ्यो कि ! सम्झिँदा पनि आङ जिरिङ्ङ हुन्छ । जे होस्, नगएर ठिक भयो भन्ने लागेको छ ।

कोही मान्छेहरू फेरि अद्‌भूत नै हुँदा रहेछन् भन्ने पनि देखियो ! शवलाई लट्ठीले तानेर सुनका गहना चोर्ने, कोही शव र ग्यासको सिलिन्डरसँगै बगेर आउँदा ग्यासको सिलिन्डर तान्ने र शवलाई बेवास्ता गर्ने राक्षसी हृदय पनि देखियो ! मान्छेहरूमा कति नीच सोचाइ हुँदो रहेछ ! कति संवेदनहीन पनि हुने रहेछन् ! भोलि आफू पनि मर्नुपर्छ, हाम्रो बाटो पनि त्यही हो भन्ने सोचाइ हुनुपर्ने हो नि । यस्तो अवस्थामा लासमाथि राजनीति गर्नुभन्दा मानवीय धर्म निभाउनु परम कर्तव्य हो । साधारण व्यक्तिले साधनस्रोतविना त्यस्तो गर्न गारो हुन्छ नै, तर आफू कहिल्यै नमर्ने जसरी चोर्न, लुछ्न गएका उनीहरूलाई कुनै दिन पश्चात्ताप होला कि नहोला ?

देश रोएको वेला आफ्नो-अर्को नभनेर मानवीय धर्म निर्वाह गर्ने समयमा अर्थ न बर्थको कुरा ल्याएर समाज भड्काउनेको पनि कमी देखिएन ! यस्तो देख्दा समाज कतातिर जाँदै छ र यसको नतिजा के होला

? भन्ने अर्को त्रासले घर गरेको छ । धमिलो पानीमा माछा मार्नेहरूको पनि कमी छैन । कोही कोही ज्योतिषहरू फेरि मैले भनेको थिएँ नि ठ्याक्कै मिल्यो भन्छन् । हे भगवान् ! कोही चाहिँ नागदेवता रिसाएर यस्तो भएको भन्छन्, कोही चाहिँ 'फलानो व्यक्ति फलानो मन्दिरमा गएर अनिष्ट भएको' भनेर बकवास गर्नेहरू पनि सामाजिक सञ्जालमा धेरै देखियो ! विद्वान् वर्ग विश्वको वातावरण तातिँदै जाँदा हिमाल पग्लिन थाल्यो र यसको असर हो भन्छन् । विकसित मुलुकहरूको कार्बन उत्सर्जनको परिणाम अल्पविकसित देशहरूले भोग्नुपरेको जगजाहेर हो ।

देश कहिले राजनीतिका कारणले रोयो, कहिले भुइँचालोको कारणले रोयो, कहिले बाढीले बस्ती बढारेर रोइरहेको छ ! अब यस्तो कहिल्यै नहोस् । यस घटनामा मृत्युवरण गरेका सबैप्रति भावपूर्ण श्रद्धाञ्जलि ! घाइते हुनुभएका सबैलाई शीघ्र स्वास्थ्यलाभको हार्दिक कामना । बेपत्ताहरूको अवस्था छिटोभन्दा छिटो पत्ता लागोस्, सुरुङमा फस्नुभएका दाजुभाइहरूको सकुशल जीवन देख्न पाइयोस्, आफन्त गुमाएर पीडित हुनुभएका सबै सबैलाई यो अकल्पनीय एवम् असैह्य पीडा सहनसक्ने शक्ति प्राप्त होस् ।

*बैदाम, पोखरा-६, कास्की ।*





❖ **दुर्गा वनवासी**

असरल्ल बगरभरि, खोला, नदीमा लास छन्
बोकेर व्यथा सुनामी मुटुभरि सन्त्रास छन् ।

अङ्गभङ्ग भई देह टुक्रा टुक्रा छरिएका
माटोमुनि निसास्सिँदा अनगिन्ती सास छन् !

बेपत्ता छन् कति ज्यान, खोसिएका आफ्नाहरू
थुप्रै अबोध आँखाभित्र केवल झिना आश छन् ।

कुनै विकल्परहित यो कस्तो कहर प्रकृतिको
कैयौँ जीवन विनागाँस, बास अनि कपास छन् ।

खै किन हो हिजोआज विकृति र विपत्ति
पेवा भए नेपालीका बाँकी मात्र विनाश छन् !

*झापा ।*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

***– शब्द-संयोजन परिवार***

अनुभूति (संस्मरणात्मक)

# त्रिशूली बाढीको अनुभूति र बालपनका यादहरू



❖ सावित्री गौतम

भदौ १० गते करिब १० बजेर ८ मिनेटमा मेरो फोनको घण्टी बज्यो । मैले उठाएँ, "दिदी ! यहाँ सबै खतम भइसक्यो रे, त्रिशूलीमा बाढी आएर ।" फोन गर्ने कान्छी बहिनीलाई मैले हाँस्दै भनेँ, "हरे ! कसैलाई नभएको चासो तँलाई छ है ? बर्खाको वेला बाढी त आइहाल्छ नि, केको अत्यास हो ?" "हैन, साँच्चै ! सबै पुलहरू त बगाइसक्यो रे, बत्तीका पोलहरू नि, बजारहरू सबै बगाइसक्यो रे !" बहिनीको यस्तो आत्तिएको आबाज सुन्दा पनि मैले राम्ररी पत्याइनँ । उसले भनी, "हाम्रोतिर बत्ती, नेट गइसक्यो, अब केही बेरमा यो फोनको टावर पनि बन्द हुन्छ !"

मैले फोन राखेँ र आफ्नो काम सकेर अफिस गएँ । करिब ११ः३० जतिमा मैले 'के रैछ त' भनेर टिकटक खोलेँ । भटाभट न्युज आउन थाल्यो । अर्को न्युज च्यानल लगाएँ, त्यहाँ पनि त्यही कुरा थियो । भोटेकोसीमा ताल फुटेर आएको बाढी त्रिशूली नदीमा मिसिएर सबै सखाप बनायो । समाचार हेर्दै सुन्दै जाँदा प्रभावित क्षेत्रहरू निम्नानुसारका रहेछन् ः केरुङ नाका (रसुवा), टिमुरे, स्याफ्रुबेसी, बेत्रावतीको बजार, पुलहरू । त्रिशूलीको नयाँ तथा पुरानो पुल, बजार, बस्ती सबै मैलुङ बजार हुँदै देवीघाट, गल्छी, बैरेनी हुँदै चितवनसम्मै यसले असर पारिसकेछ ! करिब ८ः४५ तिर सुरु भएको यो विनाशकारी बाढीले करिब ११ बज्दासम्म आँकलन नै गर्ननसकिने गरी धन तथा जनको विनाश गरिसकेछ । यी सबै कुरा सुनेपछि अफिसमा काम गर्नसक्ने अवस्था हाम्रो रहेन । जुनसुकै च्यानल खोले पनि त्यही कुरा...। मैले बहिनीलाई फोन लगाएँ, साँच्चै सम्पर्क विच्छेद भइसकेको थियो । त्यस क्षेत्रमा रहेका अन्य नातेदारलाई सम्पर्क गर्दा पनि सम्पर्क भएन । अनि मलाई अत्यास लाग्यो । जति हेऱ्यो त्यति नै कहालीलाग्दा दृश्यहरू, हाहाकार, कोलाहल... भयावह स्थिति बन्यो । लौ न, के हुन लाग्यो ? के होला अब ? कहाँ जाने, कसरी के गर्ने ? समाचार ... विभिन्न न्युजच्यानलमा आएका शीर्षक समाचारहरू यस्ता थिएः १.भोटेकोसीमा बाढी, हजारौँ बेपत्ता, धनजनको क्षतिको त आँकलन नै गर्नसकिँदैन, २. पक्की तथा झोलुङ्गे पुलहरूमा क्षति, स्वदेशी मात्र होइन विदेशीसमेत परे, सयौँ मालवाहक गाडीहरू बगायो, ३. वर्षौं लगाएर जोडिएका सबै कुरा क्षणभरमै सखाप, ४. चाइनाले गरेको रे वा गराएको रे आदि-आदि...५. भगवतीलाई पसिना आएको थियो तर वास्ता गरेनन् भनेको थियो रे, सतर्क रहनु भनेर । त्यस्तै हो र ? ६. बालेनले खोलाको नजिक घर नबनाउनु भनेको, ७. 'प्रत्यक्ष हेर्नुस्, त्रिशूलीको ऐतिहासिक पुल बगायो'.. यी र यस्ता कुराहरू

हेर्दा अनि सुन्दा कुनै शब्द...। प्रकृति किन यसरी बौलाएकी होलिन् ? कुनै अनुमान छैन, शब्द छैन । आँखाका डिलहरूबाट निरन्तर बगिरहेका आँसुका ढिक्काहरू। केही बोल्न खोज्दा घाँटी कसिन्छ, छातीमा त्यही बगाइल्याएको ढुङ्गाले थिचेजस्तो भयो । सबैको मलिन अनुहार, रसाएका आँखा... हुन त हाम्रा नजिकका नातेदार, धनसम्पत्ति व्यक्तिगत रूपमा केही क्षति भएको थिएन तर पनि किन यति नराम्रो लागेको होला ? सायद मानिस भएकै कारणले पो हो कि ? त्यसो पनि नभनौँ होला, हरेक प्राणीले प्राण बचाउने कोसिस गर्छ र हरेक समूहले आफ्ना समूहको रक्षा गर्छ।

त्रिशूली र हाम्रो इतिहास केरुङ नाका महत्वपूर्ण नेपाल र चीनको सिमाना, व्यापारिक क्षेत्र, धुन्चे महत्त्व बोकेको ठाउँ, बेत्रावती धार्मिक तथा रमणीय त्रिशूली र बेत्रावती नदीको सङ्गमस्थल जसलाई 'उत्तर गया' पनि भनिन्छ। त्रिशूली पनि कुनै कम महत्त्व भएको स्थान होइन। पुरानो त्रिशूलीको पुलको आफ्नै कथा र व्यथा छ। त्रिशूली बजारवारिपारि, बट्टार बजार, देवीघाट, बुदसिङघाट, तारुकाघाट, कोल्पुटार हुँदै केउरेनी, गल्छी, बैरेनी हुँदै अघि बढिरहेको त्रिशूलीको यस्तो रौद्र रूप न त पहिला देखेका थियौँ, न त सायद अब हाम्रो यो जुनीमा देख्ने छौँ। प्रकृतिको यस्तो उच्छृ ल रूप हेर्न त के, सोच्न पनि नसकिने थियो तर विडम्बना ! देख्नुपऱ्यो । नुवाकोट, रसुवा, धादिङ आदि क्षेत्रहरू केवल जिल्लाका नाम मात्र होइनन्, यीसँग नेपालको इतिहास गाँसिएको छ । नुवाकोट मेरो जन्मस्थल, माइती गाउँ। धादिङ मेरो मामाघर। माइती र मावलीसँग चेलीको कस्तो लगाव र माया हुन्छ, त्यो मैले भन्नै पर्दैन। जब १० गते बाढी आयो र कैयौँका सपना, रहर, कर्मस्थल, धार्मिक स्थल तथा आर्थिक, सामाजिक, मनोवैज्ञानिक र ऐतिहासिक सबै धरोहर नष्ट भयो। कास ! यो केवल हामीले निदाउँदा देखेको ५ मिनेटको सपना भए नि हुन्थ्यो नि ! तर... यो यथार्थ थियो । हामीले पुराणमा सुनेका भयानक कथाभन्दा कम छैन यो। टुक्रिएर क्षतविक्षत भएका लासहरू देख्दा लाग्छ, प्रकृतिमा पनि दया समाप्त भएछ ! किन प्रकृति यतिबिघ्न रिसाएकी होलिन् ? हिउँ, जल, वायु, पहाड सबै सबै हाम्रा आस्थाका केन्द्र हुन्। के वायुमा प्रदूषण धेरै भएर धान्ननसकेको हो ? हिमाल र हिउँको अस्तित्व कम भएको हो ? पवित्र मानिने जलक्षेत्रले थेग्ननसकेको हो ? के प्राणीहरूमा आस्थाभन्दा देखावटीपन बढेको हो ? हुनेखाने र हुँदाखानेहरूबिचको खाडल ज्यादै बढेको हो ? तर यो विपत् कुनै एकसँग मात्र नभई सबैसँग रिसाएकोजस्तो लाग्यो। के यो सबै हामी मानव जातिले गरेको कर्मकै फल हो त ?

आचरण, आस्था, सीमा, भूमिका आदिमा सुधार गर्नुपर्ने भएको हो कि ? के विकृतिको पराकाष्ठा नाघेर यस्तो भएको हो त ? यस्ता अनेकौँ कुराहरूले मेरो कमजोर मनस्थितिलाई हल्लाइरह्यो। बालपनका याद र देवीघाट मेरो माइतीघर भिल्टुङ दुईपिपल, घिमिरेथोक, घ्याम्पेचौतारा भन्ने ठाउँमा हो । जुन महाकवि लक्ष्मीप्रसाद देवकोटाले वर्णन गरेको क्षेत्र वेदपानीको माथि पर्दछ । करिब २०४७/४८ सालतिर होला म एक दिन बिहानै उठेर आँखा मिच्दै आँगनको डिलमा निस्किँदा बा, आमालगायत अरू धेरैजना तलतिर हेर्दै भन्दै हुनुहुन्थ्यो, "लौ न ! देवीघाटतिर कस्तो बाढी आएछ, तादी पनि थुनियोजस्तो छ, सबै डुबायो... त्रिशूली कत्रो भएर फैलिएको ! कतिलाई असर पऱ्यो होला ?" म त्यति बुझ्ने नभएर होला, मलाई खास

केही लागेन । त्यति वेलासम्म हाम्रो गाउँमा बिजुली पुगेको थिएन । टेलिफोनको त कुरै भएन । सानो बजार दुईपिपल र ठुलो बजार भनेको देवीघाट थियो । काठमाडौँ त धेरै परको कुरा, काठमाडौँसँग सिमाना जोडिएको तर विकास हुननपाएको मेरो माइती गाउँ, टुकीबत्ती, पानीको अभाव भएको मेरो गाउँ । मेरो परिवार, मेरा हजुरबा कहलिएका पण्डित र म माइला पण्डितको कान्छो छोराकी जेठी छोरी । तीन बहिनी, दुई भाइ र बाआमा गरी सातजनाको हाम्रो परिवार । बाका ६ दाजुभाइ, अर्को हजुरबाका ३ छोराहरू । नौ घर उपाध्याय बाहुनका र अन्य २५ घर जति घिमिरे थर भएको ठाउँमा हुर्किएकी म घिमिरेकी छोरी । त्यसैले त्यो गाउँको नाम नै 'घिमिरेथोक' हो । दालथोक, नेपालथोक, रिजालथोक, वेदपानी आदि मेरो माइती गाउँका छिमेकी गाउँ हुन् ।

देवीघाट, त्रिशूली नदीक्षेत्र बगेको स्थान, बट्टार, पिपलटार, जोगिडाँडा, गणेश हिमाल, कोल्पुटार, माझटार आदि हाम्रो घरबाट देखिने मनमोहक ठाउँ हुन् । बाढीले सबै कुरा बगर बनाएपछि मैले अर्को कुरा सम्झिएँ । त्यो वेला धादिङको गल्छीबाट उता कोल्पुखोलासम्म मोटर बाटो थिएन । म बासँग त्यो बाटो भएर हिँड्नुपर्थ्यो । एकपटक त्रिशूलीले पारेको भूमरी देखेर म बेहोस नै भएकी थिएँ । करिब एक फिट जति मात्र चौडाइ भएको बाटो थियो । गोडा चिप्लियो भने सिधै त्रिशूली नदीमा ! त्यति वेलाका हामी सबैलाई यो कुरा थाहा छ तर अहिलेका युवापुस्तालाई थाहा नहुनसक्छ । काठमाडौँ आउन प्रायः त्यही बाटो प्रयोग गरिन्थ्यो । गल्छीबाट जाँदा महेश खोला, कोल्पुखोला, तादीखोला (ठुलो खोला) आदि पार गरेपछि देवीघाट बजार पुगिन्थ्यो । त्रिशूली अस्पताल नुवाकोटको सदरमुकाम विदुरमा थियो । त्रिशूलीपारि जानका लागि बनाइएको यो पुरानो पुल हो । यो पुलसँग राजाका कुरा पनि जोडिएका छन् । दुःखको कुरा, यसपटकको बाढीले त्यो पुल पनि बगायो । कुनै वेला मेरी आमा बिरामी हुँदा त्यही पुल तरेर अस्पताल लगिएको थियो र आमा बाँच्न सफल हुनुभएको थियो । त्यस्तै देवीघाटसँग पनि मेरो गहिरो नाता छ । म काठमाडौँ आइसकेपछि मेरो घर, गाउँको खबर दिने ठाउँ देवीघाट हो । त्यति वेला अहिलेजस्तो हात हातमा मोबाइल थिएन, टेलिफोन कतै कतै मात्र थिए । पैसा तिरेर रिसिभरबाट मिनेटका दरले कुरा गर्नुपर्थ्यो र मलाई बाआमा देवीघाट गएर २-३ महिनामा एकपटक फोन गर्नुहुन्थ्यो । हाम्रोलागि सम्पर्क स्थल थियो देवीघाट । साथै जालपा देवीको मन्दिर रहेको पवित्र ठाउँ, जहाँ विभिन्न भाकलअनुसार पूजा गरिन्थ्यो । दुईपिपलमा झिल्केश्वरी माताको मन्दिर ओढारमा अवस्थित छ भने झिल्केश्वरी पछि हामी जाने अर्को ठुलो तीर्थ देवीघाट हो ।

ठुलो खोला र तादीको पुल पार गरेपछि आउने ती बजारहरू निकै विशाल लाग्थ्यो मलाई त्यतिखेर । पुष्टकारी पसल, दालमोठ, चाउचाउ र एक सुकामा चारओटा आउने पिपरमेन्ट कति मिठो खुवाउँथ्यो देवीघाटले मलाई ! ती आत्मीय बनेका ठाउँ र व्यक्तिहरू केवल आज सम्झनामा मात्रै रहे ! बालपन र बालमस्तिष्कमा गडेका कुराहरूले सताउँदा रहेछन् । हरेक चोट र घटनाहरूबाट पार त पाइन्छ तर यसपालिको बाढीले सिर्जना गरेको ध्वंशले पार पाउन अलि कठिन गरायो । आशा गरौँ, यो महाविपत्तिलाई हामी सबैले एकता, साहस र मिहिनेतबाट सामना गर्ने छौँ ।

# 'बाढीको भुमरीमा २० मिनेट घुमिरहँदा भगवान्सँग बच्चाका लागि भए पनि बचाइदिनुस् भनेर पुकारेँ' !



❖ **तिलक पराजुली**

मरसुवा भन्सार कार्यालयमा सरुवा भएको डेढ महिना मात्रै भएको थियो। जिम्मेवारी सम्हालिरहँदा बुबा बिरामी भएको खबर आएपछि काठमाडौँ आएको थिएँ र मङ्गलवार मात्रै काठमाडौँबाट फर्केर कार्यक्षेत्र पुगेको थिएँ।

कार्यालयमा करारसहित ३५ जना कर्मचारी थियौँ। हामी नियमित रूपमा मर्निङवाकमा जाने गर्थ्यौँ। बाढी आएको बुधवार पनि मर्निङवाक गरेर फर्किएका थियौँ। त्यस दिन मसँगै मर्निङवाकमा जानेमा हरि खड्का पनि हुनुहुन्थ्यो जो अहिले बाढीपछि सम्पर्कविहीन हुनुहुन्छ। म त्यसपछि कार्यालय जानका लागि तयार भएँ। सँगै कार्यालय जाने भएकाले हरि खड्कालाई कुरिरहेको थिएँ। तेस्रो तलामा बसेर उहाँलाई कुरिरहेका वेला कसैले 'भूकम्प आयो' भनेको सुनियो। त्यति वेला बाढी आउँछ भन्ने कल्पनासमेत गरेका थिएनौँ। एक्कासि ठुलो आबाजसहित मुस्लो आयो। सुरुमा पहिरो गएको होला भन्ने लाग्यो। मानिसहरू आत्तिएर यताउता भाग्न थाले। हरिसर र म पनि बच्नका लागि कुद्यौँ। उहाँ कोठाबाट तलतिर झर्नुभयो भने म अर्को कोठामा छिर्न खोजेँ।

त्यति वेलासम्म ढुङ्गासहितको बाढीको लेदो हामी भएको ठाउँसम्म आइपुगिसकेको थियो। लेदोले कोठा भरिन पाँच सेकेन्ड पनि लागेको थिएन होला। 'भूकम्प आयो' भन्ने सुनेको दुई मिनेट पनि नहुँदै बाढी आइसकेको थियो। झ्यालबाट लेदो छिरेर कोठा भरिएपछि केही देख्नसक्ने अवस्था रहेन। दुईजना अरू साथीसँग हात समातेर बसिरहेका थियौँ। पाउदेखि शिरसम्म बाढीले पुर्‍यो। श्वास नै बन्द भएजस्तो भयो। अब जीवन यति नै रहेछ भन्ने लागिसकेको थियो। अत्यन्त शक्तिका साथ आएको भेलले भित्तासमेत फुटायो। हामी तीनजनालाई बाढीले भुमरीमा हुत्याइदियो।

त्यही भुमरीमा म घुमिरहेँ। बाँच्न सकिन्न होला भन्ने लागे पनि प्रयास गर्नुपर्छ भन्ने सोच आयो। टाउको जोगाउन निकै प्रयास गरेँ। कहिले होस्, कहिले बेहोस् हुँदै थिएँ। त्यति वेला भगवान्सँग एउटै प्रार्थना गरिरहेको थिएँ, 'भगवान् ! मेरो सानो बच्चा छ, उसको लागि भए पनि बचाइदिनुस्।' म करिब २० मिनेटसम्म त्यही भुमरीमा घुमिरहेँजस्तो लाग्छ। कन्टेनर र ग्याससिलिन्डरसमेत भुमरीमा घुमिरहेका थिए। कहिले कन्टेनरमा ठोक्किन्थेँ, कहिले ग्याससिलिन्डरमा। कहिले शरीरमाथि ढुङ्गा बजारिन्थ्यो। कुनै वेला होस्मा हुन्थेँ, कुनै वेला बेहोस् !

अन्ततः भुमरीको गति रोकियो। अर्धचेत अवस्थामा वरिपरि हेर्दा हरियो डाँडा देखेँ। त्यही डाँडातिर लत्रिँदै जाने प्रयास गरेँ। फेरि अर्को छाल आउला कि, खाल्डोमा परिएला कि भन्ने डर पनि थियो। लत्रिँदै अघि बढ्दा एउटा मानिसको टाउको समाउन पुगेछु। टाउको फुटेका दुई-तीन जना मानिस पनि देखेँ। आफू कसरी बाँच्ने भन्ने अवस्थामा थिएँ तर उनीहरूलाई पनि बचाउन पाए हुन्थ्यो भन्ने लागिरहेको थियो।

बाँच्ने आशामा घस्रिँदै पहाड चढ्न थालेँ। सुरक्षित रहेका दुईजना आफ्ना हराएका आफन्त खोजिरहेका थिए। उनीहरूले मलाई उद्धार गर्लान् कि भन्ने लागेको थियो तर उनीहरू आफ्नै मान्छे खोज्न व्यस्त थिए। थिलथिलो शरीर लिएर चट्टानी पहाडमा घस्रिँदै थिएँ। केही माथि पुगेपछि हात ठड्याएँ। चिनेका साथी ओम जोशीले मलाई देख्नुभयो। मैले 'म तिलक हुँ' भनेर परिचय दिएँ। शरीर लेदोले ढाकिएर चिन्नै नसकिने अवस्थामा पुगेको रहेछ। ओमजी आफ्ना भान्जा राजेन्द्रको खोजीमा हुनुहुँदो रहेछ।

उहाँले मलाई अलि माथि पुऱ्याउनुभयो। अवस्था झन् कमजोर हुँदै गइरहेको थियो। उहाँले ढुङ्गाले पाइप फुटाएर पानी खुवाउने प्रयास गर्नुभयो। थोरै पानी आयो र पिएँ। त्यहाँ अर्की एक बहिनी पनि हुनुहुन्थ्यो। उहाँको निधारमा गम्भीर चोट लागेको थियो। उहाँले पनि पानी पिउनुभयो र माथि उक्लिने प्रयास गरिरहनुभएको थियो।

सरकारले उद्धार गर्ला भन्ने आशामा म अझै माथि घस्रिँदै गएँ। त्यहाँ विक्रम श्रेष्ठले मलाई देख्नुभयो। सुरुका दिनमा सार्वजनिक भएका मेरा धेरै तस्बिर उहाँले नै खिच्नुभएको रहेछ। उहाँले 'तिलक सर हुनुहुँदो रहेछ' भन्दै दौडेर आउनुभयो र मलाई एउटा घरसम्म पुऱ्याउनुभयो। तल्लो भागको कपडाबाहेक शरीरमा छोप्ने केही थिएन। लेदोले गर्दा अरूले मलाई चिन्नै नसक्ने अवस्था थियो। विक्रमजीले शरीर पखालिदिनुभयो। शरीरभरि चोटैचोट भएकाले असैह्य पीडा भइरहेको थियो। शरीर पखालेपछि झन् बेहोसजस्तो भएँ र थरथर काँप्नथालेँ। कसैले कपडा लगाइदिनुभयो।

त्यो भूगोल हेर्दा यस्तो घाइते अवस्थामा म त्यति माथि कसरी पुगेँ होला भनेर सबैलाई अचम्म लागेको थियो। बाँच्ने आश हुँदा मानिसमा हिम्मत पनि आउने रहेछ। भुमरीबाट उम्किएँ भने बाँच्नसक्छु भन्ने पहिलो आश थियो। त्यसपछि हेलिकप्टर आयो भने बाँच्न सकिन्छ भन्ने अर्को आश पलायो तर मौसमले साथ दिइरहेको थिएन। घाम लागेको थिएन। केही समयपछि सेनाको हेलिकप्टरको आबाज सुनियो तर अवतरण गर्नसकेन त्यसपछि फेरि अब बाँचिन्न कि भन्ने लाग्यो। उपचारको प्रतीक्षामा छट्पटाएको डेढ घण्टाभन्दा बढी भइसकेको थियो। हेलिकप्टर आएपछि पक्कै बचाउँछ भन्ने आश थियो। बस्न नसक्ने अवस्था भए डोरीले तानेर भए पनि लैजान्छ होला भन्ने लागेको थियो। पछि आएको हेलिकप्टर अवतरण त भयो तर म बसेको स्थानभन्दा केही तल। त्यहाँ रहेका अन्य घाइतेलाई लिएर हेलिकप्टर उड्यो। म आत्तिएको देखेर विक्रमजीले पहिलो उडानमै पठाउन खोज्नुभएको थियो तर त्यो सम्भव भएन। त्यसपछि मेरो अवस्था झन् गम्भीर हुँदै गयो।

म बसेको माथिल्लो स्थानमा हेलिकप्टर अवतरण गर्न सम्भव थिएन। त्यसैले फेरि तल झर्नुपर्ने भयो तर मलाई बोकेर झार्नसक्ने अवस्था पनि थिएन। शरीरको बाहिरी भागमा चोट नलागेको ठाउँ नै थिएन। दुईजना साथीको सहयोगमा बल्लतल्ल हेलिकप्टर अवतरण गर्नसक्ने ठाउँसम्म झरेँ। शरीर पखालिएपछि दुःखाइ झन् बढेको थियो। यहाँसम्म त आफ्नै सङ्घर्षले बाँचेर आएको थिएँ। अब सरकारले बचाइदिए हुन्थ्यो भन्ने लागिरहेको थियो। केही समयपछि हेलिकप्टर आयो। उपचारको प्रतीक्षामा रहेका घाइतेहरू आक्रोशित थिए। त्यहाँ टाउकोमा गम्भीर चोट लागेका एकजना घाइते थिए। हेलिकप्टर कुर्दाकुर्दै उनको मृत्यु भयो। त्यसपछि त्यहाँ रुवाबासी चल्यो।

एकातिर मानिसको मृत्यु भइरहेको दृश्य देख्नुपरेको थियो, अर्कोतर्फ मेरो अवस्था

झन् जटिल बन्दै गइरहेको थियो । सुर्खेतमा होटल चलाउने कमल र अर्को एकजना सञ्चितले मलाई समातेर राख्नुभएको थियो । कमलका आफ्नै बुबा र बहिनीसमेत बाढीपछि सम्पर्कविहीन हुनुहुन्थ्यो तर उहाँले आफ्नै पीडा बिर्सेर मेरो रेखदेख गरिरहनुभएको थियो । केही समयपछि हेलिकप्टर आयो । हेलिकप्टर चढेपछि म बेहोस भएँ । सिधै काठमाडौं लगेर उपचार गरिन्छ होला भन्ने लागेको थियो तर मलाई नुवाकोटस्थित सेनाको क्याम्पमा झारिएको रहेछ । अर्धचेत अवस्थामा नुवाकोट ल्याइएको थाहा पाएँ । गम्भीर घाइतेलाई तत्काल अस्पताल पठाउने विषयमा कुराकानी भइरहेको थियो । केही चेत आएपछि सेनाका व्यक्तिले 'आफन्तको नम्बर भन्न सक्नुहुन्छ ?' भनेर सोध्नुभयो । मैले श्रीमतीको नम्बर दिएँ तर फोन अफ रहेछ । दाइ तोरण पराजुलीको नम्बर दिएँ, फोन लागेन । त्यसपछि बाल्यकालदेखिको साथी युवराजको नम्बर सम्झिएँ । उहाँको नम्बरमा सम्पर्क भयो । आफू जीवित रहेको खबर सकेसम्म छिटो घरमा पुऱ्याउन चाहन्थेँ ।

युवराजका एकजना साथी तत्काल चक्रदेव अस्पताल आउनुभयो । बाढीग्रस्त क्षेत्रमा हेलिकप्टर उडाउनुपर्ने भएकाले प्राथमिक उपचारपछि एम्बुलेन्समार्फत काठमाडौँ पठाउने जानकारी दिइयो । एम्बुलेन्समा राखेर काठमाडौँ ल्याइयो । सुरुमा अस्पताल नै ल्याइएको होला भन्ने लागेको थियो । केही समयपछि आफू नर्भिक अस्पतालमा रहेको थाहा पाएँ । बुधवार दिउँसो करिब ४ बजेतिर अस्पताल आइपुगेको रहेछु । वरिपरिका केही कुरा थाहा हुन्थ्यो, केही भने बिल्कुलै थाहा हुँदैनथ्यो । उद्धार गरेर ल्याइएकै दिन अर्थमन्त्री डा.स्वर्णिम वाग्ले स्वास्थ्यअवस्था बुझ्न आउनुभएको थियो । उहाँसँग अलि अलि बोलेजस्तो लाग्छ । भन्सार विभागका महानिर्देशक पनि आउनुभएको थियो । मलाई आईसीयूमा भर्ना गरियो । भोलिपल्ट बिहीबारदेखि स्वास्थ्यमा केही सुधार आयो ।

डाक्टरहरूका अनुसार शरीरको भित्री भागमा ठुलो समस्या देखिएको छैन । दायाँ करङ भाँचिएको छ भने शरीरभरि बाहिरी चोट छन् । मस्तिष्कमा कुनै असर परेको छैन । भाँचिएको करङ पूर्ववत् हुन केही समय लाग्ने भए पनि निको हुने चिकित्सकहरूले बताएका छन् ।

*रसुवा भन्सार अधिकृत ।*

## ❑ गीत



**❖ सुमन थापा सङ्गम**

बग्यो खुसी बग्यो रहर यै बाढीको वेगसँगै
रोकिदेन हे दैव ! साथ छुट्यो यै बाढीको फेरसँगै ।

उषासँगै रमाऊँ भन्थेँ लुट्यो खुसी क्षणभरमै
उजाडियो सारा बस्ती हेर्दाहेर्दै पलभरमै
उर्लिएर आयो भन्छन् गगन छुने हिमाल पनि
कस्को दोष थियो कुन्नि पग्लिएर खस्न पनि ।

घाम अब चिसिने भो हिमाल तातो भएपछि
जलवायु फेरिनुमा हाम्रै दोष रहेपछि
कस्लाई दोष दिउँ आज खुसी सबै बगेपछि
कहाँ खोजूँ दल दलमा सपना सबै दबेपछि ।

बग्यो खुसी बग्यो रहर यै बाढीको वेगसँगै
रोकिदेन हे दैव ! साथ छुट्यो यै बाढीको फेरसँगै ।

# पाँचजना विशिष्ट व्यक्तित्वलाई २०८२ सालका साहित्य सन्ध्या पुरस्कार तथा सम्मान अर्पण

विगत चवालिस वर्षदेखि अविच्छिन्नरूपमा मासिक साहित्यिक गोष्ठी गरिरहेको, समसामयिक विषयमा बहस तथा छलफल गरिरहेको र नेपाली प्रगतिवादी साहित्यमा योगदान गरिरहेका विभिन्न स्रष्टालाई 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' अर्पण गरिरहेको साहित्य सन्ध्याको ४७९ औँ विशेष शृङ्खला भदौ ६ गते अपराह्न १ बजे पद्मकन्या क्याम्पस बागबजारको डेनिस हलमा आयोजना गरी पाँचजना व्यक्तित्वलाई २०८२ सालका 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' अर्पण गरियो ।

सन्ध्याका अध्यक्ष **राम विनय**को अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिका रूपमा वरिष्ठ कवि, आख्यानकार एवम् पूर्वमन्त्री **प्रदीप ज्ञवाली (शीतबिन्दु)** उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिका रूपमा पूर्वमन्त्री एवम् साहित्यकार **शान्ता** मानवीको उपस्थिति रहेको थियो । सन्ध्याका सल्लाहकारद्वय वासुदेव अधिकारी र विधान आचार्य, अक्षयकोष स्थापनाकर्ता डा.मदनप्रसाद सत्याल, नर्मदेश्वरी सत्याल र पोषरमण चापागाईं, प्रा.डा.यादवप्रकाश लामिछाने, डा.विजय सुब्बा, प्रा.डा.हेमनाथ पौडेल, प्रा.डा.लेखप्रसाद निरौला, डा.प्रदीप के.सी., डा.जया सत्याल, डा.नेत्र एटम, डा.राजेन्द्रप्रसाद अधिकारी, डा.कृष्ण सुवेदी, डा.प्रतिभा पुन, रत्ननिधि रेग्मी, गायत्रीकुमार चापागाईं, महेशराज खरेल, खेमराज निरौला, जयन्ता पोखरेल, का.म.पा.वडा



नं.३१ की सदस्य अप्सरा खनाल, शब्द संयोजन साहित्यिक मासिककी कार्यकारी सम्पादक सुमी लोहनीलगायत अतिथिका रूपमा उपस्थित हुनुहन्थ्यो ।

उक्त समारोहको समुद्घाटन प्रमुख अतिथिले बिजुली बत्ती बालेर गर्नुभएको थियो भने उपस्थित सम्पूर्ण व्यक्तित्वलाई सन्ध्याकी सचिव जयन्ती स्पन्दनले स्वागत गर्नुभएको थियो । २०८२ सालका साहित्य सन्ध्या पुरस्कार तथा सम्मान अर्पण गर्ने प्रयोजनका लागि विद्वान प्रा.केशव सुवेदीज्यूको संयोजकत्वमा साहित्य सन्ध्याका उपाध्यक्ष रमेश पोखरेल र सदस्य देबु लुइटेल सदस्य रहेको 'स्रष्टा चयन समिति' गठन गरिएकोमा उक्त समितिले सम्मान तथा पुरस्कारका लागि व्यक्तित्व चयन गरी सिफारिस गरेको हुँदा स्रष्टा चयनको औचित्य तथा आधारका बारेमा संयोजकज्यूले आफ्नो धारणासहित व्यक्तितत्व तथा कृतित्वका बारेमा प्रकाश पार्नुभएको थियो ।

वि.सं.२०३३ वैशाख १८ गते दाङ जिल्लाको उरहरी गा.वि.स.वडा नं.२ कचिलीमा माता यज्ञकुमारी शर्मा र पिता बलदेव शर्माकी सुपुत्रीका रूपमा जन्मिएकी

बिन्दु शर्माले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर र शिक्षाशास्त्र सङ्कायबाट बी.एड उत्तीर्ण गर्नुभई नेपाल संस्कृत विश्वविद्यालयबाट 'नेपाली गीतिनाटकका प्रवृत्ति' विषयमा विद्यावारिधि गर्नुभएको छ । विभिन्न अनुसन्धानमा संलग्न रहनुभएकी डा.शर्माले वि.सं.२०५६ सालदेखि गीत, कविता, गजल, समालोचना, संस्मरण, कथा, निबन्ध विधामा कलम चलाइरहनुभएको छ। उहाँका विभिन्न विधाका एक दर्जन पुस्तक प्रकाशित भएका छन् भने करिब आधादर्जन पत्रिका एवम् स्मारिकाको सम्पादनसमेत उहाँले गर्नुभएको छ । अहिले पनि आधादर्जन विभिन्न सङ्घसंस्थामा सक्रियता देखाइरहनुभएकी डा.शर्माका आधा दर्जन नै अनुसन्धानात्मक कृति पनि प्रकाशित भएका छन् । करिब पौने एक दर्जन पुरस्कार तथा मानसम्मान उहाँलाई प्राप्त भएका छन् । अहिलेको समयकी अत्यन्तै क्रियाशील एवम् प्रखर बौद्धिक स्रष्टा डा.शर्मालाई उहाँले गरिरहनुभएको अनुकरणीय सत्कर्मका निम्ति २०८२ सालको रु.एक्काइस हजार एक सय राशिको 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान'द्वारा सम्मानित गरियो ।_

वि.सं.२००९ असोज ९ मा ओखल्ढुङ्गा जिल्लाको चिसङ्खुगढी ५, मदाने टोल, सेर्नामा माता कृष्णकुमारी कोइराला र पिता पुष्पलाल कोइरालाका सुपुत्रका रूपमा जन्मिएका **ओमप्रसाद कोइराला**ले संस्कृतमा स्नातक (शास्त्री) र त्रिभुवन विश्वविद्यालयबाट बी.एड.सम्मको शिक्षा हासिल गर्नुभई जीवनका करिब चार दशक शिक्षणसेवामा आफूलाई समर्पित गराउनुभएको छ । नेपाली साहित्यका कविता, गीत, कथा, निबन्ध र नाटक विधामा निरन्तर कलम चलाइरहनुभएका कोइरालाका 'भावनाका शृङ्खलाहरू' २०६२ र 'आफ्नै डम्फु' २०७८ जस्ता दुइटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । कोइरालाले साहित्य सन्ध्याले हरेक महिनाको पहिलो शनिबार अपराह्न १ बजे सञ्चालन गरिएका पूरै बारैओटा गोष्ठीमा सहभागी हुनुका साथै एघारओटा गोष्ठीमा कवितावाचन गर्नुभएको अभिलेखबाट देखिएकाले २०८२ सालको रु.पाँच हजार राशिको 'साहित्य सन्ध्या सहभागिता पुरस्कार तथा सम्मान'द्वारा सम्मानित गरियो ।

वि.सं.२०१० असोज ६ मा काठमाडौँको धुमबराहीमा आमा कृष्णकुमारी मिजार र बुबा मङ्गले मिजारकी कान्छी सुपुत्रीका रूपमा जन्मिनुभएकी **सान्नानी मिजार** सामान्य साक्षर मात्र हुनुहुन्छ। विद्यालयीय शिक्षा प्राप्त गर्ननपाए पनि दश वर्षकै उमेरदेखि सामाजिक रूपान्तरणको वैचारिक प्रशिक्षण प्राप्त गरेकी र चेतना विकास गरेकी सान्नानीले सङ्घर्ष गरे मात्र अधिकार पाइन्छ भन्ने चेतना विकास भएपछि 'महिला मुक्ति आन्दोलन' र 'दलित मुक्ति आन्दोलन'मा वि.सं.२०३५ देखि नै सरिक भएर र अखिल नेपाल महिला सङ्घमा संलग्न भएर सामाजिक रूपान्तरण अभिभयानमा समर्पित भएकी उहाँले २०७४ सालको स्थानीय निर्वाचनमा काठमाडौँ महानगरपालिका वडा नं.३१ की दलित महिला सदस्यमा निर्वाचित भएर एक कार्यकाल पूरा गर्नुभयो भने २०७९ को स्थानीय निर्वाचनमा सोही पदमा पुनः अत्यधिक मतले निर्वाचित भएर जनताको सेवामा समर्पित रहिरहनुभएको छ । हाम्रो

देशका सबै जनआन्दोलनमा सक्रियताका साथ सहभागी भएकी उहाँले नेपालका प्रायः सबै जिल्ला र भारतका विभिन्न क्षेत्रको भ्रमण गरेर जीवनमुखी अनुभव सँगाल्नुभएकी हुँदा अहिले वडाको 'मेलमिलाप समिति'मा रहेर कार्यसम्पादन गर्न सहज भइरहेको छ । ' जागरण महिला समूह', 'चेतना समूह'जस्ता सामाजिक संस्थामा समेत सक्रिय सान्नानी अन्धविश्वासको विरोध, सबै प्रकारका समाजिक विभेदको विरोध गर्दै लैङ्गिक समानताका माध्यमबाट सुसभ्य समाजको निर्माणमा समर्पित इमानदार समाजसेवी पनि हुनुहुन्छ । इमानी, विश्वासी र कामप्रतिको समर्पणकी पर्याय बनेकी सान्नानीको यो अनुकरणीय एवम् समर्पणभावसहितको समाजसेवाको कर्मको उच्चसम्मान गर्दै उहाँलाई २०८२ सालको रु.दश हजार राशिको '**साहित्य सन्ध्या–मन** (**मदनप्रसाद सत्याल–नर्मदेश्वरी सत्याल**) पुरस्कार तथा सम्मान'द्वारा सम्मानित सम्मानित गरियो ।

वि.सं.२०६८ पुस १३ मा नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका वडा नं.४ मा आमा माया तामाङ र बुबा सम्बरबहादुर तामाङकी सुपुत्रीका रूपमा जन्मिएकी **लक्ष्मी तामाङ** हाल आमाको लालनपालनमा श्री भीमसेनगोला माध्यमिक विद्यालय, नयाँबानेश्वर, काठमाडौँमा कक्षा ९ मा अध्ययनरत हुनुहुन्छ । अत्यन्त अनुशासित, लगनशील र मिहिनेती तामाङ पढाइमा सधैँ अब्बल रहँदा रहँदै पनि अत्यन्त विपन्न पारिवारिक पृष्ठभूमिका कारण उहाँको जेहनदार व्यक्तित्व छायाँमा पर्ने देखिएको हुँदा जीवनका भविष्यसम्मका परीक्षाहरूमा पनि उत्कृष्टता कायम गर्न/गरिरहन उत्प्रेरणा प्राप्त होस् भन्ने अपेक्षाका साथ २०८२ सालको रु.दश हजार राशिको '**साहित्य सन्ध्या–कृबा** (**कृष्णचन्द्र–बालकुमारी**) **पुरस्कार तथा सम्मान**'द्वारा सम्मानित गरियो ।

वि.सं.२०३४ मङ्सिर २१ मा सोलुखुम्बु जिल्लाको थुलुङ दुधकोसी गा.वि.स.वडा नं.३ मा माता हीरामाया खतिवडा र पिता बलभद्र खतिवडाका सुपुत्रका रूपमा जन्मिएका गणेशप्रसाद खतिवडाले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उत्तीर्ण गरी हाल शिक्षण सेवामा संलग्न रहनुभएको छ । संस्थापन विद्यालय सङ्घ नेपालका उपाध्यक्षसमेत रहेर नेपाली साहित्यका कथा, कविता, मुक्तक, गजल, यात्रासंस्मरणजस्ता विधामा निरन्तर कलम चलाइरहनुभएका खतिवडाको हालको बसोवास काठमाडौँको थलीमा रहेको छ । उहाँका विभिन्न पत्रपत्रिकामा नियमित रूपमा फुटकर रचना प्रकाशित भइरहेका छन् । नेपालकै पहिलो छन्दप्रधान साहित्यिक पत्रिका 'छन्दलोचन'को सम्पादन गर्नुभएका खतिवडाको 'नुनको जोहो' नियात्रासङ्ग्रह २०८२ साझा प्रकाशनबाट प्रकाशित भएको छ । एक दर्जनभन्दा बढी विभिन्न पुरस्कार तथा सम्मानसमेत प्राप्त गर्नुभएका खतिवडालाई २०८२ सालको रु.दश हजार राशिको '**साहित्य सन्ध्या–हरिप्रिया हरिप्रसाद चापागाईँ नियात्रा पुरस्कार तथा सम्मान**'द्वारा सम्मानित गरियो ।

पुरस्कृत सबै व्यक्तित्वलाई समारोहका अध्यक्ष राम विनयले माल्यार्पण, विशिष्ट अतिथि शान्ता मानवीले दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो भने प्रमुख अतिथि प्रदीप ज्ञवालीले सम्मानपत्र तथा पुरस्कार

राशि अर्पण गर्नुभएको थियो ।

शिक्षा, स्वास्थ्य, साहित्य र समाजसेवाका क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तित्वलाई 'साहित्य सन्ध्या-मन' र 'साहित्य सन्ध्या-कृष्णचन्द्र बालकुमारी सत्याल' सम्मान तथा पुरस्कार समर्पण गर्ने उद्देश्यले अक्षयकोषको स्थापना गरिएको जानकारी अक्षयकोष स्थापक नर्मदेश्वरी सत्यालले दिनुभएको थियो भने साहित्यकार पोषरमण चापागाईँले 'साहित्य सन्ध्या-हरिप्रिया हरिप्रसाद चापागाईँ नियात्रा पुरस्कार तथा सम्मान' अर्पण गर्ने प्रयोजनका लागि अक्षयकोषको स्थापना गरेको र अक्षयकोष रु.१,५०,०००।-को स्थापना गरेको जानकारी गराउनु हुँदै नियात्राका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धि गर्नु पुरस्कार स्थापनाको उद्देश्य भएको बताउनुभएको थियो ।

'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान'द्वारा सम्मानित **डा.बिन्दु शर्मा**ले साहित्य सन्ध्या लगातारको पाँच दशकको साहित्यिक अभियान सञ्चालन गरेको, ऐतिहासिक विरासत बोकेको, सङ्घर्षपूर्ण यात्रा तय गरेको, जनपक्षीय इतिहास निर्माण गरेको गौरवान्वित संस्था हो र यसका गतिविधिमा म आफू पनि लामै समयदेखि कुनै न कुनै रूपमा जोडिएकै पनि हुँ । आज यो संस्थाले २०८२ सालको साहित्य सन्ध्या पुरस्कार तथा सम्मान मलाई अर्पण गरेर थप जिम्मेवारी दिएको बोध भएको छ, गरौँ भारी बोकेँ मैले भन्ने लागेको छ । यतिखेर वैचारिक विचलन जतातते देखिएको छ र नेपाल प्रज्ञाप्रतिष्ठानमा नियुक्तिका लागि कसैले लाइन लागेर निवेदन दर्ता गरे भन्ने पनि र नियुक्त व्यक्तिहरूका अभिव्यक्तिले पनि विचलन देखाएका छन् ! लादन खोजिएको निरङ्कुशता र अराजकताका विरुद्धमा साहित्यकार जिम्मेवार हुनुपर्ने अवस्था देखिएको छ र यो पुरस्कारले मेरा पाइला नलडखडाउन् भन्ने अपेक्षा राखेको महसुस गरेकी छु र म मेरो यात्रामा विचलित नभइकन अगाडि बढ्ने छु । मलाई सम्मान तथा पुरस्कारका लागि सिफारिस गर्ने समिति तथा साहित्य सन्ध्याप्रति हार्दिक धन्यवाद दिन्छु भन्नुहुँदै एउटा कविता पनि वाचन गर्नुभएको थियो ।

सम्मानित व्यक्तित्व **सान्नानी मिजार**ले सानैदेखि जातीय छुवाछुतविरुद्ध आबाज उठाउनुपर्छ भन्ने चेतना स्वतस्फुर्त रूपमा आएको, अन्तरात्माबाटै सत्यको पक्षमा लाग्नुपर्छ भन्ने सिकेको, पढ्ने इच्छा भए पनि विद्यालयमा हुने छुवाछुतकै कारण पढाइ छोडेर मानिस सबै एकै हुन् तर विभेद चाहिँ किन गरिन्छ भन्ने लागेर सामाजिक रूपातरणको अभियानमा सक्रिय भएकी हुँ । मेरो कर्मलाई पनि परैबाट मूल्याङ्कन गरी पुरस्कार दिनयोग्य ठानेर आजको यो गरिमामय सभामा पुरस्कृत हुनपाउँदा गौरवबोध भएको छ भन्नुहुँदै संस्थाका प्रति आभार प्रकट गर्नुभएको थियो ।

सम्मानित व्यक्तित्व **गणेशप्रसाद खतिवडा**ले २०७१।७२ सालतिर साहित्य सन्ध्याका मासिक गोष्ठीमा पटक पटक आएर कविता वाचन गरेको हुँ । हाम्रो भूगोल अरूले पनि चिनुन्, पढुन् भनेर 'नुनको जोहो' नियात्रासङ्ग्रह लेखेको थिएँ, त्यसलाई साझा प्रकाशनले छापिदियो । सोही कृतिलाई मूल्याङ्कन गरेर यहाँहरूले आज मलाई यो गरिमामय पुरस्कार तथा सम्मान दिनुभएकाले सहित्य सिर्जनामा थप ऊर्जा प्राप्त भएको महसुस गरेको छु भन्नुहुँदै साहित्य सन्ध्या

र मूल्याङ्कन समितिलाई हार्दिक धन्यवाद दिनुभएको थियो ।

प्रमुख अतिथि **प्रदीप ज्ञवाली** र विशिष्ट अतिथि **शान्ता मानवी**ले साहित्य सन्ध्याको पाँच दशक लामो इतिहासको चर्चा गर्दै सम्मानित हुनुहुने सबैलाई बधाई दिनुभएको थियो भने समारोहका अध्यक्ष **राम विनय**ले २०३३ सालमा राजबिराजमा गङ्गाप्रसाद उप्रेतीलगायतले साहित्यका माध्यमबाट नेपाली भाषा जोगाउने अभियानका रूपमा परिकल्पना गर्नुभएको र उहाँहरू तथा त्यहाँ अध्ययन गर्ने विद्यार्थी काठमाडौँ आएसँगै २०३९ पुस २ गते बुधवार नेपाल ल क्याम्पसको अनेरास्ववियु प्रारम्भिक कमिटीले साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको सोद्देश्यमूलक वैचारिक अभियानका रूपमा थालनी गरेको र एक वर्षपछि देखि नै वासुदेव अधिकारीलगायतले हाँकेको आन्दोलनका चार दशकभन्दा बढी समय व्यतीत भएका छन् । यस संस्थाले अहिलेसम्म ८४ जना साहित्यकार तथा विशिष्ट व्यक्तित्वलाई पुरस्कार तथा सम्मानद्वारा सम्मानित गरेको छ । यो अभियानको उद्देश्यसँग सहमत हुने व्यक्तित्वहरू अक्षयकोष स्थापना गरेरै जोडिनुभएको छ । संस्थाको यति लामो इतिहास निर्माणमा योगदान गर्ने सबै सबैमा हामी हार्दिक धन्यवाद अर्पण गर्दछौँ र सबैको प्रेरणाले यो अभियानलाई निरन्तर अगाडि बढाइरहन्छौँ भन्नुहुँदै उपस्थित व्यक्तित्वहरू, सम्मानित व्यक्तित्वहरू, स्रष्टा चयन समितिका पदाधिकारीहरू सबैलाई हार्दिक धन्यवादका साथै आभार प्रकट गरी समारोहको समापन गर्नुभएको थियो ।



❖ **ललिता 'दोषी'**

# घाउको मलम

मनमा आगो बलेको छ झरेको छ आँसु
कहिले आउँला नेपालीको ओठमा मधुर हाँसो ?
एउटा घाउ खाटा नबस्दै अर्को घाउ लाग्छ
कहिले मेलम्ची त हजुर कहिले भोटेकोसी जाग्छ !

अनेकौँ अनेक पीडाले पिल्सिएको वेला
किन गऱ्यौ प्रकृति यति कठोर खेला ?
पाइलैपिच्छे ठेसैठेस छ सहनै गारो भयो
केवल त्रासै त्रासमा नै सारा जीवन गयो ।

सम्झिँदा नि मुटु काप्छ के के मात्र सहनु
यो दुःखको पहाडलाई कसको सामु कहनु ?
जे परे नि सहनुपर्ने रहेछ कर्म हाम्रो
नबनौँ है यो विपत्मा कोही पनि चाम्रो ।

कोही नहुन् भोकै, नाङ्गै पाउन गाँस बास
दुःखमा नै दिने हो नि एकअर्काको साथ
बित्नेहरूलाई श्रद्धाञ्जली ! बाँच्नेहरूलाई सलाम !
यति वेला बनौँ सबै पीडितहरूको घाउको मलम ।

*बुद्धनगर, काठमाडौँ ।*

'अविच्छिन्न प्रकाशित भइरहेको साहित्यिक पत्रिका **शब्द-संयोजन** मासिक' पढ्नुहोस् ।

भोटेकोसी जलप्रकोपबाट कीर्तिशेष हुनुभएका
सम्पूर्ण जनप्रति भावपूर्ण श्रद्धासुमन
समर्पण गर्दछौँ ।

यस दुःखद घडीमा शोकसन्तप्त परिवार तथा
आफन्तजनहरूमा यो अकल्पनीय पीडा सहन सक्ने
शक्ति प्राप्त होस् भन्ने कामनाका साथ
हार्दिक समवेदना प्रकट गर्दछौँ ।

साथै उक्त घटनामा परी घाइते हुनुभएका
सम्पूर्ण जनको शीघ्र स्वास्थ्य लाभको
हार्दिक कामना गर्दछौँ ।

शब्द संयोजन
मासिक

**शब्द–संयोजन परिवार**

# संविधान दिवस भव्य रूपमा मनाऔं

- संविधान देशको मूल कानुन हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवको रूपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र सङ्घीयताको सुदृढीकरणमा योगदान गरौं ।


**संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।**


नेपाल सरकार

**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौं

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१ म.क्षे.हु.नि. द.नं. २०/०६९/७०




**'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक'**

# खोजी खोजी पढ्नुहोस्' ।